सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३० माघ २०८१, बुधबार (12 Feb 2025, Wednesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २९७ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

इजरायल-हमास आरोप-प्रत्यारोपले विपिन जोशीको रिहाइ अनिश्चित

युद्धविराम सम्झौता उल्लंघन गरिएको भन्दै हमास समूहले सोमबार इजरायली बन्धकको रिहाइ रोक्ने घोषणा गरेपछि नयाँ परिस्थिति सिर्जना, दुवै पक्षलाई संयमता अपनाउन राष्ट्र संघको अनुरोध

(विस्तृत पृष्ठ ३)

अमेरिकाले सय आप्रवासी भारत फर्काउँदा दश लाख डलर खर्च

सैनिक विमान प्रयोगको ठुलो प्रचार हुने भए पनि यो निकै महँगो हुने देखिएको छ

(विस्तृत पृष्ठ ८)

■ नेपाल-भारत ऊर्जासचिवस्तरीय बैठक

१० हजार मेगावाट बिजुली निर्यात गर्ने प्रसारणलाइन बनाउने सहमति

थप तीनवटा प्रसारणलाइन पनि निर्माण गरिने

(विस्तृत पृष्ठ ९)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ संसद् धकेलेर ल्याएको अध्यादेशमा सरकारको 'बदनियत'

राजस्व छलीमा सकेसम्म मुद्दै नचलाउने, टुंगिएका र विचाराधीन मुद्दा पनि फिर्ता लिन सक्ने प्रावधान

भ्याट छलीमा १० अर्ब ३६ करोडको मुद्दा खेपिरहेको कोटिभिटीलगायतलाई लक्षित गरेर मुद्दा फिर्ताको प्रावधान, नयाँ व्यवस्थाले राजस्व विभागको दायरा खुम्च्याउनुका साथै निष्प्रभावी पनि बनाउने जोखिम

■ पूर्वउपमहालेखा परीक्षक **रामु डोटेल** भन्छन्-

राजस्व कानुनलाई केही नरम बनाउन खोजेको देखिन्छ। बक्यौता सेटलमेन्टका हिसाबले ठिकै पनि हो। तर, राजस्व चुहावटसम्बन्धी सजाय घटाउँदा अपराध गर्न प्रोत्साहन मिल्ने अवस्था हुन सक्छ। सरकारले गर्नै मिल्दैन भन्ने पनि होइन। केही लिबरल भएजस्तो देखियो।

सुवास भट्ट/नयाँ पत्रिका

संसद् अधिवेशनको पूर्वसन्ध्यामा सरकारले ल्याएको अध्यादेशमा आर्थिक अपराध मानिने राजस्व चुहावटमा सकेसम्म मुद्दै नचलाउने व्यवस्था गरेको छ। अदालतमा फैसला भइसकेका र विचाराधीन मुद्दासमेत फिर्ता लिन मिल्ने तथा मिलापत्र गर्न सकिनेसम्मका व्यवस्था पनि अध्यादेशमा छन्। कानुनबमोजिमको बिगो र जरिवाना तिराएर मुद्दाबाट उन्मुक्ति दिने गरी गरिएको यस्तो व्यवस्थाले राजस्व चुहावटलाई झन् सहज पारिदिएको छ।

■ **यस्ता छन् पाटन उच्च अदालतमा विचाराधीन राजस्व चुहावटका १६ मुद्दा**

■ **अध्यादेशमार्फत ऐन संशोधनको औचित्यबारे सरकारका तर्क**

पृष्ठ ११

अध्यादेशले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ का विभिन्न व्यवस्थामा संशोधन गरेको छ। संशोधनले राजस्व चुहावट निर्मूल पार्नेभन्दा पनि चुहावट गर्नेप्रति नरम व्यवस्था गरेको छ। ऐनमा ५० लाख रुपैयाँभन्दा

» पृष्ठ ११ मा क्रमशः

■ यस्तो छ कोटिभिटीको सवा १० अर्बको मुद्दा

अध्यादेशको व्यवस्थाले राजस्व विभागले हाल गरिरहेका चुहावटका अनुसन्धानदेखि अदालतमा विचाराधीन र फैसला भएका मुद्दासमेत प्रभावित हुनेछन्। अध्यादेशमा मुद्दा फिर्ताको व्यवस्था त नेपालबाट अमेरिकामा सफ्टवेयर निर्यात गर्ने अमेरिकी लगानीको कम्पनी कोटिभिटी नेपाल प्रालिलगायतको सहजताका लागि गरिएको स्रोतको दाबी छ।

कोटिभिटीको कर छलीको मुद्दा अहिले उच्च अदालत पाटनमा विचाराधीन छ। यो कम्पनीले वस्तु तथा सेवा निर्यातमा चार अर्ब ७६ करोड ५८ लाख ४३ हजार भ्याट र सेयर स्वामित्व परिवर्तन गर्दा तिर्नुपर्ने ४१ करोड ६४ लाख १७ हजार गरी कुल पाँच अर्ब १८ करोड २२ लाख ६० हजार रुपैयाँ छली गरेको आरोपमा बिगो र जरिवानासहित १० अर्ब ३६ करोड ४५ लाख दाबी गरेर १८ चैत ०८० मा विभागले मुद्दा दायर गरेको थियो। तर, दायरसँगै र पछि पनि मुद्दाका सम्बन्धमा चर्को दबाब सिर्जना गरिएको छ। यसका विषयमा संसद्सम्ममा प्रश्न उठाइएको थियो। कानुनले नपाउने ५१ करोड ३५ लाख भ्याट फिर्ताको निर्णय गरेर सरकारी राजस्वमा हानि पुऱ्याउने अधिकारीहरूमाथि छानबिन गर्न विभागले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पत्राचारसमेत गरेको थियो। यो निर्णय प्रक्रियामा ६० भन्दा बढी सरकारी अधिकृत संलग्न रहेको अनुमान छ। त्यसपछि मुद्दा फिर्ताको दबाब झनै बढेको थियो। अहिले यो मुद्दा फिर्ता नै गर्ने प्रक्रिया अघि बढाउन खोजिएको स्रोतको दाबी छ।

विभागले दायर गरेका राजस्व छलीसम्बन्धी १६ वटा मुद्दा हाल पाटन उच्च अदालतमा विचाराधीन छन्। राजस्व चुहावटका मुद्दा विभागले पाटन उच्च अदालतमा दायर गर्छ। विभागअन्तर्गत इटहरी, पथलैया, बुटवल र कोहलपुरमा राजस्व अनुसन्धान कार्यालय पनि छन्। ती कार्यालयले सम्बन्धित उच्च अदालतमा मुद्दा दायर गर्छन्। विचाराधीनमध्ये केही मुद्दा पुनरावेदन भएर सर्वोच्चसम्म पनि पुगेका छन्। अध्यादेशमार्फत गरिएको ऐन संशोधनले ती मुद्दा पनि प्रभावित हुनेछन्।

ट्रान्सपरेन्सी इन्टरनेसनलको रिपोर्ट

नेपालमा झन् बढ्यो भ्रष्टाचार

■ भ्रष्टाचार अवधारणा सूचकांक (सिपिआई) प्रतिवेदन भन्छ-

मूलतः निर्यात, सेवा, कर, ठेक्का व्यवसाय, आयातजस्ता सरकार र व्यावसायिक क्षेत्रसम्बन्धी कार्यका साथै न्यायिक निर्णयमा भ्रष्टाचार बढेको देखिन्छ।

■ टिआई नेपालका अध्यक्ष मदनकृष्ण शर्मा भन्छन्-

भ्रष्टाचार सूचकांकमा नेपालको अंक ग्लोबल एभरेजभन्दा कम छ। ग्लोबल एभरेजमुनि दुई-तीन अंक तल-माथि हुनुले तात्त्विक फरक पार्दैन। कम्तीमा ३८ अंकभन्दा माथि गएको अवस्थामा मात्र सुधार भयो भन्ने अवस्था रहन्छ। राजनीतिज्ञदेखि नियमनकारी निकाय र भ्रष्टाचार नियन्त्रणका संयन्त्रहरूकै कमजोरीका कारण भ्रष्टाचार बढ्न गयो। भ्रष्टाचार कुनै एउटा क्षेत्र वा अंगमा मात्र होइन, समग्र क्षेत्रमै विस्तारित छ। यसको प्रतिबिम्ब भ्रष्टाचार अवधारणा सूचकांक (सिपिआई) हो।

नयाँ पत्रिका

विश्वव्यापी रूपमा भ्रष्टाचारको अवस्था मूल्यांकन गर्ने ट्रान्सपरेन्सी इन्टरनेसनल (टिआई)ले नेपालमा भ्रष्टाचार कायमै रहेको रिपोर्ट सार्वजनिक गरेको छ। टिआईले जारी गरेको सन् २०२४ को भ्रष्टाचार अवधारणा सूचकांक (सिपिआई) स्कोर अघिल्लो वर्षको भन्दा एक अंकले खस्किएर ३४ कायम भएको हो।

यो सूचकांकमा १० अंकले अति स्वच्छ र शून्यले अति भ्रष्ट मुलुक जनाउँछ। टिआई नेपालले मंगलबार सिपिआई जारी गर्दै भनेको छ, 'नेपालको यसपटकको सिपिआई स्कोर घटेको छ। यस नतिजाले भ्रष्टाचारविरुद्ध प्रभावकारी रूपले कामकारबाही अघि बढाउन अत्यन्त जरुरी भएको औंल्याउँछ।'

सिपिआई सर्वेक्षणमा विश्वका दुईतिहाइ देशले ५० भन्दा कम अंक प्राप्त गरेका छन्। सर्वेक्षण गरिएका १८० मुलुकको औसत सिपिआई स्कोर ४३ मानिएको छ। त्यसभन्दा मुनिको अंक प्राप्त गर्ने देशमा बढी भ्रष्टाचार भएको मानिन्छ।

'भ्रष्टाचार सूचकांकमा नेपालको अंक ग्लोबल एभरेज (विश्व औसत)भन्दा कम छ,' टिआई नेपालका अध्यक्ष मदनकृष्ण शर्माले भने, 'ग्लोबल एभरेजमुनि दुई-तीन अंक तल-माथि हुनुले तात्त्विक

» पृष्ठ ११ मा क्रमशः

■ अध्यादेशमा समर्थन नदिने जसपाको निर्णय

नैतिक संकटमा दुईतिहाइको सरकार

प्रेम गौतम/नयाँ पत्रिका

राष्ट्रिय सभामा निर्णायक रहेको उपेन्द्र यादव नेतृत्वको जसपा नेपालले भूमिसम्बन्धी अध्यादेशलाई समर्थन नगर्ने निर्णय गरेपछि झन्डै दुईतिहाइको सरकार नैतिक संकटमा परेको छ। अध्यादेश अगाडि बढाउन संसद्का दुवै सदनबाट पारित हुनुपर्छ। सत्तापक्षले बहुमत जुटाउन नसक्दा अध्यादेश संसद्को कार्यसूचीमै चढेको छैन।

जसपा नेपालको मंगलबार बसेको संसदीय दलको बैठकले सरकारले जारी गरेका ६ मध्ये भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशको विरोधमा उभिने र विपक्षमा मतदान गर्ने निर्णय लिएको छ। भूमिसम्बन्धी अध्यादेश दीर्घकालीन रूपमा देश र समग्र राष्ट्रको हितविपरीत भएकाले समर्थन नगर्ने निर्णय भएको जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले बताए।

उनका अनुसार विभिन्न बहानामा विभिन्न व्यक्तिलाई जग्गाको परिमाणको सीमा तथा क्षेत्रसमेत नतोकी बिक्री-वितरण गर्ने वा बाँड्न ल्याइएको बैठकको निष्कर्ष छ। 'यो अध्यादेश पारित भएको खण्डमा केही भ्रष्टाचारी, कमिसनखोर, बिचौलिया दलाल, सरकारनजिक रहेका व्यक्तिहरू, भूमाफियाहरू र ठुला

उपेन्द्र यादव
अध्यक्ष, जसपा

जसपाको निर्णय : **यो अध्यादेश पारित भएको खण्डमा केही भ्रष्टाचारी, कमिसनखोर, बिचौलिया दलाल, सरकारनजिक रहेका व्यक्तिहरू, भूमाफियाहरू र ठुला रियल इस्टेट व्यापारीका साथै आवास कम्पनीहरूलाई नै अत्यधिक लाभ हुनेछ**

रियल इस्टेट व्यापारीका साथै आवास कम्पनीहरूलाई नै अत्यधिक लाभ हुनेछ,' जसपा नेपालको निर्णयमा छ।

जसपाले अध्यादेशप्रति पार्टीको गम्भीर असहमति र विरोध जनाउँदै यसले भविष्यमा आन्तरिक द्वन्द्व सिर्जना हुन सक्नेप्रति सचेत गराएको छ। 'राष्ट्रिय वनजंगल अतिक्रमण र फँडानी गरी अवैध रूपमा बसोबास गर्ने व्यक्तिहरूलाई बाँड्नेलगायतका कार्यहरूबाट वन विनाश भई पर्यावरण र जैविक विविधता नष्ट हुनुका साथ आन्तरिक बसाइँसराइ तथा आप्रवासनमा अत्यधिक वृद्धिका कारण भविष्यमा आन्तरिक

» पृष्ठ ११ मा क्रमशः

■ ६ वर्षसम्म बन्धक बनाएर बालिकालाई यातना दिँदै श्रमशोषण गर्ने एमाले प्रदेश सांसद रेखा शर्मालाई उन्मुक्ति दिएको विरोधमा संसद्मा प्रश्न

कमलरी प्रथा पुनर्स्थापना गरेको हो सरकार ?

प्रदेश सांसद शर्मा

नयाँ पत्रिका

१४ वर्षीया बालिकालाई घरेलु मजदुरका रूपमा ६ वर्षसम्म बन्धक बनाएर शारीरिक यातना दिएकी एमाले लुम्बिनी प्रदेश सांसद रेखा शर्मालाई मुद्दा नचलाउने गरी सरकारले दिएको उन्मुक्तिको संसद्मै विरोध भएको छ। मंगलबार प्रतिनिधिसभा बैठकमा सांसदहरूले एउटी थारू नाबालिकालाई बन्धक बनाई दासीसरह शोषण गर्ने शर्मालाई उन्मुक्ति दिएर कमलरी प्रथा ब्युँताउन खोजेको भन्दै सरकारको चर्को आलोचना गरेका छन्। 'यो सरकार न्यायको

■ सदनमा मनीष झाको प्रश्न- **कुन ज्वाइँनारायणलाई प्रहरी प्रमुख बनाउन सशस्त्रमा बढुवा रोकियो ?**

» पृष्ठ ११ मा क्रमशः

थारू नाबालिकालाई बन्धक बनाएर दासीसरह शोषण गरियो, राजनीतिक आडमा अपराधीलाई उन्मुक्ति दिइयो

● **अशोक चौधरी**, रास्वपा सांसद

यो सरकार न्यायको होइन, अन्यायको संरक्षक बन्दै गएको छ। चोरलाई चौतारा, निर्दोषलाई शूली चढाउने शासकका रूपमा इतिहासमा दर्ज हुँदै गएको छ। ११ वर्षअघि कमलरी मुक्तिको घोषणा गरेर सरकारले थारू चेलीहरूलाई आशा जगाएको थियो। तर, विडम्बना आज एक सांसदले दाङकी थारू नाबालिकालाई बन्धक बनाएर दासीसरह शोषण गरिन्। काठमाडौं महानगरले उद्धार गयो, तर कारबाही शून्य। यति धेरै वर्षसम्म एउटी नाबालिकालाई एउटा सांसदले बन्धक बनाएर राख्ने, राजनीतिक आडमा अपराधीलाई उन्मुक्ति दिने र सरकार मूकदर्शक बनेर बसिरहने हो भने नेपाल सरकारले खुलेरै घोषणा गरिदिनुपर्‍यो, कमलरी प्रथाको पुनर्स्थापना भइसक्यो भनेर।

■ मेयर बालेनले पीडित बालिकालाई ढाडस दिँदै भने-

तिम्रा पीडकका विरुद्धमा मुद्दा नचल्ने बनाएछ सरकारले। नआत्तिनू। समय आउनेछ।

सरी नानू, तिम्रा पीडकका विरुद्धमा मुद्दा नचल्ने बनाएछ सरकारले। नआत्तिनू। समय आउनेछ। यस्तै विभेद, अपराध मास्न अनि ती कुकर्म गर्नेहरूलाई तह लगाउन तिमी र तिमीजस्तै धेरै नानीबाबुले पढ्नुपर्छ। समाज बुझ्नुपर्छ।

पोहोरभन्दा यसपालि हिउँदमा झनै खडेरी

हिउँदको १७ दिन मात्र बाँकी रहँदा औसत ५.७ मिमि मात्र पानी परेको छ, पोहोर यही अवधिमा ७.५ मिमि पानी परेको थियो। १६ वर्षपछिकै चरम सुक्खामा बितेको गत वर्षको हिउँदमा १२.५ मिमि मात्र पानी परेकोमा यसपालि हिउँद झनै सुक्खामा बित्दै छ।



यम बम/नयाँ पत्रिका

पोहोर हिउँदमा १६ वर्षपछिकै कम पानी परेकामा यसपालि झनै खडेरीमा बित्दै छ। खडेरीले आगलागी र डढेलोसँगै प्रदूषण बढ्न थालेको छ।

हिउँदयामको आधा महिना मात्र बाँकी छँदा (१५ मंसिरदेखि २९ माघसम्म) हिउँदेयामको ५.७ मिलिमिटर (तीन महिनामा हुने वर्षाको ९.५%) मात्र वर्षा भएको जल तथा मौसम विज्ञान विभागको तथ्यांक छ। जबकि, गत वर्ष यही अवधिमा ७.५ मिमि(१२.५%) वर्षा भएको थियो। गत वर्ष हिउँदभर भने १२.५ मिमि (२१%) मात्र वर्षा भएको थियो, जुन ०६५ यताकै कम वर्षा थियो। त्यतिखेर ११.८ मिमि मात्र पानी परेको थियो।

■ खडेरीले भुइँमै हरायो हिउँदे बाली

पृष्ठ ११

विभागको हावापानी विश्लेषण शाखा प्रमुखसमेत रहेकी वरिष्ठ मौसमविद् विभूति पोखरेलले यसपालि

» पृष्ठ ११ मा क्रमशः

काठमाडौंसहित सात स्थानमा शतप्रतिशत खडेरी

यसपटकको हिउँदमा पश्चिममा केही पानी परे पनि मध्य र पूर्वी नेपालमा पानी पर्न सकेन। मुख्य २० वटा वर्षा मापन केन्द्रको औसत आँकडाअनुसार काठमाडौं, विराटनगर, धनकुटा, सिमरा, पोखरा, जोमसोम र भैरहवामा हिउँदभर (छिटफुटबाहेक) पानी नै परेको छैन। जबकि, हिउँदमा काठमाडौंमा ४५.८, विराटनगरमा २६.८, धनकुटामा ३३.५, सिमरामा ३७.३, पोखरामा ६६.२, जोमसोममा ४०.४ र भैरहवामा ५६.८ मिलिमिटर वर्षा हुँदा सरदर मानिन्छ। यो अवधिमा सबैभन्दा बढी डडेलधुरामा २९.९, दिपायलमा २६.४ र जिरीमा ११.१ मिलिमिटर वर्षा भएको छ। त्यसबाहेक सबै स्टेसनमा १० मिलिमिटरभन्दा कम वर्षा रेकर्ड भएको छ। सरदर वर्षाको ७५ प्रतिशतभन्दा कम भएमा खडेरीको अवस्था हुन्छ भने जम्मा सरदर वर्षाको २१ प्रतिशत मात्र वर्षा हुनु भनेको अधिक खडेरीको अवस्था हो। उच्च हिमाली क्षेत्रमा कात्तिक अन्तिमदेखि र उच्च पहाडी तथा हिमाली क्षेत्रमा मंसिरदेखि नै हिमपात हुने भए पनि यसपटक खासै हिमपात भएन।

किन पानी कम पऱ्यो, के हुन्छ असर ?

● **मदन सिग्देल**, सहप्राध्यापक
मौसम विज्ञान केन्द्रीय विभाग, त्रिवि

■ **कम पानीको कारण** : हिउँदमा वार्षिक वर्षाको ३ देखि ४ प्रतिशत मात्र पानी पर्नुपर्ने हो, निकै कम वर्षा भयो, हिमपात पनि खासै भएन। जलवायु परिवर्तनका कारण हिउँदे वर्षा घट्दै गएको छ। हिउँदे पानीको मुख्य स्रोत पश्चिमी वायु हो, जुन भूमध्य सागरबाट जलवाष्पयुक्त हावा लिएर अफगानिस्तान, पाकिस्तान हुँदै नेपाल आउँछ। तर, यसपालि यो वायु प्रणाली कमजोर रह्यो। लालिनाको अवस्था डिसेम्बरदेखि फेब्रुअरीसम्म बलियो हुनुपर्ने हो, तर यसपालि डिसेम्बरदेखि नै कमजोर रह्यो। यसले वायुमण्डलीय चक्रलाई असर गऱ्यो, जसकारण हिउँदे वर्षा न्यून रह्यो। हिउँदेयाममै प्रि-मनसुनजस्तै हावा चल्न थालेको छ, जमिन तात्न थालेको छ। थप वर्षा हुने सम्भावना कम छ। प्रि-मनसुनमा पनि खासै पानी पर्ने संकेत छैन।

■ **असर** : हिउँदे खडेरीका कारण जलविद्युत्, कृषि, पर्यटन र वातावरण सबै प्रभावित हुन सक्छ। हिमालमा हिउँ नपर्दा र पानी नपुग्दा नदीहरूमा पानीको बहाव घट्छ, जसले जलविद्युत् उत्पादन क्षमता घटाउन सक्छ। नदी तथा खोलाबाट हुने सिँचाइ प्रभावित हुनेछ। हिउँदे बाली, विशेषगरी गहुँ र नगदेबालीका लागि आवश्यक पानी अभाव हुन सक्छ, जसले उत्पादन घटाउने सम्भावना छ। हिमालमा हिउँको मात्रा कम हुँदा पर्यटक आकर्षण घट्छ। हिमालका हिउँ हराएर कालो चट्टान मात्र देखिएमा हिमाली पर्यटनमा असर पर्नेछ। वर्षा कम हुँदा आगलागी र डढेलोको जोखिम बढेको छ। अझै सुक्खा बढेमा डढेलो थप बढ्नेछ र वायु प्रदूषण बढ्ने सम्भावना पनि रहन्छ।

बक्यौता नतिरेका उद्योगमा लाइन काट्न सहमति माग्दै कुलमानले नियमन आयोगमा पठाए पत्र

कुलमान घिसिङ

मिलन विश्वकर्मा/नयाँ पत्रिका

लोडसेडिङका वेला डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत उपभोग गरेको विद्युत् महसुलको बक्यौता तिर्न अझै अटेर गर्दै आएका उद्योगमा लाइन काट्न विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ फेरि सक्रिय भएका छन्। प्राधिकरणले ती उद्योगमा लाइन काट्न सहमति माग्दै विद्युत् नियमन आयोगमा पत्र पठाएको हो। प्राधिकरणले आइतबार पठाएको उक्त पत्र आयोगमा सोमबार दर्ता पनि भइसकेको छ।

यसअघि प्राधिकरणको ताकेतापछि केही उद्योगले बक्यौता तिरे पनि ३५ उद्योगले अझै अटेर गर्दै आएका छन्। प्राधिकरणका अनुसार यी उद्योगले झन्डै सात अर्ब रुपैयाँ महसुल तिर्न बाँकी छ। यो ०७२ माघदेखि ०७५ वैशाखसम्मको प्रिमियम महसुल बक्यौता हो।

» पृष्ठ ११ मा क्रमशः

यस्तो छ बक्यौताको अवस्था

३५ उद्योगले करिब सात अर्ब बक्यौता अझै तिरेका छैनन्। पछिल्लोपटक ३ मंसिरमा ऊर्जा मन्त्रालयले बक्यौता जाँचबुझ गर्ने गरी प्राविधिक समिति बनाएर असुली प्रक्रिया अल्झाइदिएको थियो। त्यही कारण देखाएर ११ मंसिरमा विद्युत् नियमन आयोगले उद्योगमा लाइन नकाटी अन्य दबाबमूलक कारबाही गर्न प्राधिकरणलाई निर्देशन दिएको थियो। त्यसपछि प्राधिकरणले आयोगको निर्देशन मान्दै १२ मंसिरमै उद्योगको खाता रोक्का राख्न नेपाल राष्ट्र बैंकलाई, सेयर हस्तान्तरण रोक्न कम्पनी रजिस्ट्रारको कार्यालयलाई, आइपिओ निष्कासनको अनुमति नदिन नेपाल धितोपत्र बोर्डलाई आग्रह गरेको थियो। तर, त्यसमाथि सम्बन्धित निकायले थप कामकारबाही अघि नबढाएपछि प्राधिकरणले पुनः लाइन काट्ने प्रक्रिया थालेको हो।

सट्टेबाजीमा संलग्न २३ भारतीय पक्राउ

काठमाडौं/ प्रहरीले संगठित तवरले सट्टेबाजी धन्दामा संलग्न २३ भारतीय नागरिकलाई पक्राउ गरेको छ। जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई बुढानीलकण्ठ- ३ गैरीगाउँबाट पक्राउ गरेको हो। प्रहरीका अनुसार उनीहरूले '३६५ लोटस' नामको एपमार्फत विभिन्न अन्तर्राष्ट्रिय म्याचमा सट्टेबाजी लगाउँदै आएका थिए। धन्दाका लागि उनीहरूले गैरीगाउँस्थित दोर्जे शेर्पाको घर भाडामा लिएका थिए। महिना दिनको बिचमा उनीहरूले तीन अर्ब १३ करोड रुपैयाँभन्दा धेरैको सट्टेबाज खेलाएको प्रहरीको भनाइ छ।

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८,८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

गैर बैकिङ्ग सम्पत्ति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पत्तिको विवरण
१.	सिरहा जिल्ला, फुलकाहाकट्टी गा.वि.स. वडा नं. ८ ख स्थित कित्ता नं. ४००, ३६३, ३९७, ४२७ र ४०२ को क्षेत्रफल क्रमशः ३-११-१७.५०, ०-७-०-०, ०-६-१५-०, २-१९-१.७५-० र ०-०-१४.५७ (विगाह) को जग्गा ।
२.	बर्दिया जिल्ला, डेउढाकला गा.वि.स. वडा नं. ३ (हाल बाँसगढी न.पा. वडा नं. ९) स्थित कित्ता नं. २०६ र ६३४४ को क्षेत्रफल क्रमशः ४१५ र ५५८.७० -व.मी) को घरजग्गा ।
३.	पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं. ८ (हाल वीरगंज म.न.पा. वडा नं. २४) स्थित कित्ता नं. ३१३ को क्षेत्रफल ११९.८३ (व.मी) को घर जग्गा ।
४.	झापा जिल्ला, चन्द्रगढी गा.वि.स. वडा नं.६ (हाल भद्रपुर न.पा. वडा नं.१०) स्थित कित्ता नं. ८३०७ र ८३२९ को क्षेत्रफल क्रमशः ०-१-४-० र ०-२-०-० (विगाह) को घरजग्गा ।
५.	धनुषा जिल्ला, हरिहरपुर गा.वि.स/न.पा. वडा नं. १/१ ख स्थित कित्ता नं. ५२०१, ६५८९ र ६५८४ को क्षेत्रफल क्रमशः ०-०-५-०, ०-०-३-४ र ०-०-३-० (विगाह) को जग्गा ।
६.	मोरङ्ग जिल्ला, कसेनी गा.वि.स. वडा नं. ८ क स्थित कित्ता नं. ६० को क्षेत्रफल ०-०-१९-० (विगाह) को जग्गा ।
७.	सिराहा जिल्ला, पडरीया गा.वि.स. वडा नं. ९क (हाल लहान न.पा. वडा नं. १२) स्थित कित्ता नं.२०५० को क्षेत्रफल ०-१-०-० (विगाह) को घरजग्गा ।
८.	बाँके जिल्ला, मनिकापुर गा.वि.स. वडा नं. ०६ (हाल नेपालगंज उ.म.न.पा. वडा नं. २०) स्थित कित्ता नं. ७६१ को क्षेत्रफल ४२३.२५ (व.मि) को जग्गा ।
९.	पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ५ (हाल कुस्मा न.पा. वडा नं. ५) स्थित कित्ता नं. १०४८ को क्षेत्रफल ०-४-०-० रोपनी (१२७.१६ वर्ग मिटर) को जग्गा ।
१०.	रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ८क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. २५६९, ८४८ र ४३२१ को क्षेत्रफल क्रमशः ०-०-६.२५-०, ०-०-१५-० र ०-०-८-० (विगाह) को घरजग्गा ।
११.	रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. २ क (हाल देवदह न.पा. वडा नं. २) स्थित कित्ता नं. ८३५, ८३६ र ८३७ को क्षेत्रफल क्रमशः ०-२-१४-०, ०-३-१६.७५-० र ०-२-१२-०(विगाह) को जग्गा ।
१२.	मुगु जिल्ला, कार्कीवाडा गा.वि.स. वडा नं. ४ घ स्थित कित्ता नं २५४ को क्षेत्रफल ११२५ वर्गमिटरको जग्गा ।
१३.	रौतहट जिल्ला, डुमरिया मटियौन गा.वि.स. वडा नं. ९ क (हाल चन्द्रपुर न.पा. वडा नं. १०) स्थित कित्ता नं. १४०४ को क्षेत्रफल ०-४-१३-० विगाहा (१५७४.६१ वर्ग मिटर) को जग्गा ।
१४.	रौतहट जिल्ला, सन्तपुर (म) गा.वि.स. वडा नं. ८ (हाल चन्द्रपुर न.पा वडा नं. ८) स्थित कित्ता नं. १७३७, २९७, ९७३, ९७४, ५८९ र १७३६ को क्षेत्रफल क्रमशः ०-६-०-०, १-४-१०-१०, ०-२-०-०, ०-१४-१०-०, ०-४-०-० र ०-४-०-० (विगाहा) को जग्गा ।
१५.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. १००२ को क्षेत्रफल ०-३-०-० विगाहा (१,०१५.९२ वर्ग मिटर) को जग्गा ।
१६.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ७ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ५१४ को क्षेत्रफल ०-०-१०-० विगाहा (१६९.३२ वर्ग मिटर) को जग्गा ।
१७.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७७२ को क्षेत्रफल ०-१-०-० विगाहा (३३८.६४ वर्ग मिटर) को जग्गा ।
१८.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. २६९७ को क्षेत्रफल ०-२-२-० विगाहा (७११.१४ वर्ग मिटर) को जग्गा ।
१९.	रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. २ (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ७४५ को क्षेत्रफल ०-३-५-८ विगाहाको जग्गा र रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. २ (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३८५ र ३८६ को क्षेत्रफल क्रमशः ०-१-०-० र ०-१-०-० विगाहा को जग्गा ।
२०.	रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. २(हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ६५३ र ७३८ को क्षेत्रफल क्रमशः ०-१-११-० विगाहा र ०-१-१०-० विगाहा को जग्गा
२१.	रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. ४ (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ९१० को क्षेत्रफल ०-०-३-४ (विगाह) को जग्गा, रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. ४/क (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ९०७ र ९२२ को क्षेत्रफल क्रमशः ०-२-५-० र ०-१-३-० (विगाह) को जग्गा र रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ५ (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६९८ को क्षेत्रफल ०-३-७-८ (विगाह) को जग्गा ।
२२.	रौतहट जिल्ला, डुमरिया मटियौन गा.वि.स. वडा नं. ६/क (हाल चन्द्रपुर न.पा. वडा नं. १०) स्थित कित्ता नं. ११०२ को क्षेत्रफल ०-३-१८-० (विगाह) को जग्गा ।
२३.	रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ३ ख (हाल देवदह न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६३८, ६३९, ६४० र ६४२ को क्षेत्रफल क्रमशः ०-११-०-०, ०-२-०-०, ०-२-०-० र ०-२-१९-० (विगाह) को जग्गा ।
२४.	कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ३ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७२३ को क्षेत्रफल ६८९ व.मि.को जग्गा र कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ४ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७९४ को क्षेत्रफल २७५० व.मी. को जग्गा ।
२५.	तनहुँ जिल्ला, फराकचौर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ९९ र १०० को क्षेत्रफल क्रमशः १-०-०-० र १-५-३-० (रोपनी) को जग्गा ।
२६.	काठमाडौं जिल्ला, मच्छेगाउँ गा.वि.स. वडा नं. २ ख (हाल किर्तिपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. ४५० र ४४९ को क्षेत्रफल क्रमशः १७४.२५ र १७४.३९ (व.मी.)को जग्गा ।
२७.	रौतहट जिल्ला, पथरा बुधराम गा.वि.स. वडा नं. ९ (हाल मौलापुर न.पा. वडा नं. ७) स्थित कित्ता नं. १००६ को क्षेत्रफल ०-०-१२-० (विगाह) को घरजग्गा ।
२८.	रौतहट जिल्ला, चन्द्रनिगापुर गा.वि.स. वडा नं. १ख (हाल चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. १०४२ को क्षेत्रफल २९०.७२ व.मि.को जग्गा र रौतहट जिल्ला, जुडिबेला गा.वि.स. वडा नं. ९ (हाल चन्द्रपुर न.पा. वडा नं. २) स्थित कित्ता नं. १०९९ र १०९८ को क्षेत्रफल क्रमशः ४३१७.५१ र ६०९५.३४ (व.मि.) को जग्गा ।
२९.	तनहुँ जिल्ला, वन्दिपुर गा.वि.स. वडा नं. १ क स्थित कित्ता नं. ७३१ को क्षेत्रफल ३-०-३-० (रोपनी) को घरजग्गा ।
३०	चितवन जिल्ला, सैरहनी गा.वि.स. वडा नं. ७ क (हाल सैरहनी न.पा. वडा नं. ७) स्थित कित्ता नं. १४६३ र ११४७ को क्षेत्रफलः २८९५.२९ (व.मी.) र ४९१.०० (व.मी.) को घर/जग्गा ।
३१.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. ३२७ को क्षेत्रफल १-६-१-० (रोपनी) को जग्गा ।
३२.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. २५८ र ६२७ को क्षेत्रफल क्रमशः १-४-१-० र ०-८-३-१ (रोपनी) को जग्गा ।
३३.	सुनसरी जिल्ला, भादगाउँ सिनवारी गा.वि.स. वडा नं. २ ग (हाल रामधुनी न.पा. वडा नं. १) स्थित कित्ता नं. ८८१ र ८८२ को क्षेत्रफल क्रमशः ०-०-१५-० र ०-०-१५-० (विगाह) को जग्गा ।
३४.	कास्की जिल्ला, पुरुञ्चौर गा.वि.स वडा नं. २ स्थित कित्ता नं. ५०२, ५०६, ५०७, ५३४, ५३५, ५३६, ५३७, ५३८ र १२६० को क्षेत्रफल क्रमशः ३-२-१-१, ०-५-१-०, ०-९-२-१, ०-७-३-२, ०-५-०-१, ०-७-०-१, १-९-१-१, ०-१३-३-१ र ०-८-१-२ (रोपनी) को जग्गा ।
३५.	कास्की जिल्ला, पुरुञ्चौर गा.वि.स वडा नं. ९ स्थित कित्ता नं. ८५ र १९२ को क्षेत्रफल क्रमशः २-०-२-१ र ०-३-३-३ (रोपनी) को जग्गा ।
३६.	कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ५ स्थित कित्ता नं. १५१, १५९ र १६५ को क्षेत्रफल क्रमशः ४१, ५०.७० र ४७ (व.मि.) को घरजग्गा ।
३७.	कास्की जिल्ला, लामाचौर गा.वि.स वडा नं. ३ स्थित कित्ता नं. १०८० को क्षेत्रफल १-९-२-३ (रोपनी) को जग्गा ।
३८.	कास्की जिल्ला, पुरुञ्चौर गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. १६२४, १६२५ र १६२६ को क्षेत्रफल क्रमशः ४१३.२७ व.मि., ५०८.७४ व.मि. र ५१२.७२ व.मि. को जग्गा ।
३९.	रौतहट जिल्ला, करकच गा.वि.स वडा नं. ५ (हाल देवाही गोनही न.पा वडा नं. ६) स्थित कित्ता नं. ८४५ र १२६५ को क्षेत्रफल क्रमशः ०-१-१५ र ०-०-१५ (विगाह) को जग्गा।
४०.	नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्ला, बन्जरिया गा.वि.स. वडा नं. ९/ख (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. १४० को क्षेत्रफल ०-१६-११-० (विगाह) को घरजग्गा ।
४१.	नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. २क (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. ४१ र ४६ को क्षेत्रफल क्रमशः १-३-१२-० र ०-१८-१५-० (विगाह) को जग्गा ।
४२.	रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ३ स्थित कित्ता नं. ५० को क्षेत्रफल २५३.९५ (व.मी.) को घरजग्गा ।
४३.	नवलपरासी जिल्ला, तम्सरिया गा.वि.स. वडा नं. ५ख (हाल मध्यबिन्दु न.पा. वडा नं. ९) स्थित कित्ता नं. १४३, ८६ र ३०५ को क्षेत्रफल क्रमशः ०-६-८-०, १-०-०-०, र ०-५-१५-० (विगाह) को जग्गा ।
४४.	नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. ८ (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. १०१५ को क्षेत्रफल ०-५-२-०.२५ (विगाह) को जग्गा ।
४५.	नवलपरासी जिल्ला, कोलुवा गा.वि.स. वडा नं. ९ क, स्थित कित्ता नं. ७०२ को क्षेत्रफल ०-५-७ (विगाह) को जग्गा ।
४६.	नवलपरासी जिल्ला, तम्सरिया गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ७० को क्षेत्रफल ०-१-७-०.५ (विगाह) को घरजग्गा ।
४७.	काठमाण्डौ जिल्ला, गोंगबु गा.वि.स. वडा नं. ६ (हाल टोखा न.पा. वडा नं. ९) स्थित कित्ता नं. १९८ को क्षेत्रफल ९५.६० (व.मि) को घरजग्गा ।
४८.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ क (हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. १७४२ को क्षेत्रफल ०-०-१९-० (विगाह) को जग्गा ।
४९.	ताप्लेजुङ जिल्ला, फुङलिङ गा.वि.स. वडा नं. ७ (हाल फुङलिङ न.पा. वडा नं. ६) स्थित कित्ता नं. १२१३ को क्षेत्रफल १७-५-०-१ (रोपनी) को जग्गा ।
५०.	नवलपरासी(बर्दघाट सुस्ता पश्चिम) जिल्ला, माकर गा.वि.स. वडा नं. १ घ (हाल बर्दघाट न.पा. वडा नं. १) स्थित कित्ता नं. ६०६ को क्षेत्रफल २७०६.८४ (व.मि) को जग्गा ।
५१.	पर्सा जिल्ला, बहुअरी वी गा.वि.स. वडा नं. २ (हाल विरगंज म.न.पा. वडा नं. १४) स्थित कित्ता नं. ८३९ र ८४० को क्षेत्रफल क्रमशः ०-२-५-० र ०-१-४-९ (विगाह) को घरजग्गा ।
५२.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.१ (हाल वृन्दावन न.पा. वडा नं. ३) स्थित कित्ता नं. ७१७, ७२५, ७३७ र ५६९ को क्षेत्रफल क्रमशः ०-२-१०-०, ०-५-३-०, ०-२-१०-० र ०-१-५-० (विगाह) को जग्गा ।
५३.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.७ (हाल वृन्दावन न.पा. वडा नं. २) स्थित कित्ता नं. १०६४ को क्षेत्रफल ०-११-१०-० (विगाह) को जग्गा ।
५४.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.२ (हाल वृन्दावन न.पा. वडा नं. ३) स्थित कित्ता नं. ५८७ को क्षेत्रफल ०-८-०-० (विगाह) को जग्गा ।
५५.	रुपन्देही जिल्ला, आ.अमुवा गा.वि.स वडा नं.६ क (हाल शियारी गा.पा. वडा नं. ७) स्थित कित्ता नं. ८६४ को क्षेत्रफल १०१.५९ (व.मि) को घरजग्गा ।
५६.	मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९(हाल हेटौंडा उ.म.न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६७२७ र ६७२६ को क्षेत्रफल क्रमशः ०-०-५-० र ०-०-५-० (विगाह) को घरजग्गा ।
५७.	सिन्धुपाल्चोक जिल्ला, ज्यामिरे गा.वि.स. वडा नं. २ (हाल मेलम्ची न.पा. वडा नं. १०) स्थित कित्ता नं. ५५४ को क्षेत्रफल ६-१४-१-० (रोपनी) को जग्गा ।
५८.	रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ८ क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४०५० र ४०४८ को क्षेत्रफल क्रमशः ०-०-२.२५ र ०-०-१२.७५ (विगाह) को जग्गा ।
५९.	रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ८ ख (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४२९, २१३ र १६८४ को क्षेत्रफल क्रमशः ०-०-१.५०, ०-०-२ र ०-०-१० (विगाह) को घर/जग्गा ।
६०.	पर्सा जिल्ला, भौराटार गा.वि.स. वडा नं. ७ क (हाल पर्सा जिल्ला, बहादुरमाई न.पा. वडा नं. ५) स्थित कित्ता नं. ९८१ र ९८३ को क्षेत्रफल क्रमश : ०-०-१३-८ र ०-०-२-८ (विगाह) को घर/जग्गा ।
६१.	सुर्खेत जिल्ला, कटकुवा गा.वि.स. वडा नं. ३ (हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ६) स्थित कित्ता नं. ४७०३, ३१९४ र ३९५२ को क्षेत्रफल क्रमशः ०-०-५-०, ०-०-५-० र ०-०-४-० (विगाह) को जग्गा ।
६२.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ६ (हाल वीरगंज म.न.पा. वडा नं. ५) स्थित कित्ता नं. २६४ को क्षेत्रफल ३६६.४० व.मि. को घरजग्गा ।
६३.	मोरङ जिल्ला, दुलारी गा.वि.स. वडा नं. ६ (हाल सुन्दर हरैचा न.पा. वडा नं. ४) स्थित कित्ता नं. १६० को क्षेत्रफल ०-१-० (विगाह) को घर जग्गा ।
६४.	बारा जिल्ला, वरेवा गा.वि.स वडा नं.२/ग (हाल कलैया उ.म.न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३९ र ४० को क्षेत्रफल क्रमशः ०-०-४-० र ०-०-६-० (विगाह) को घरजग्गा ।
६५.	नवलपरासी जिल्ला, सिसवार गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. १६२७ को क्षेत्रफल ०-१६-१७.५०-० (विगाह) को घर/जग्गा ।
६६.	सर्लाही जिल्ला, ईश्वरपुर गा.वि.स. वडा नं. ३/ग (हाल ईश्वरपुर न.पा. वडा नं. ७) स्थित कित्ता नं. ३२१ को क्षेत्रफल ०-४-० (विगाहा) को जग्गा ।
६७.	सिन्धुपाल्चोक जिल्ला, मेलम्ची गा.वि.स. वडा नं. ६ (हाल मेलम्ची न.पा. वडा नं. ११) स्थित कित्ता नं. १११६ र १११७ को क्षेत्रफल क्रमश ०-२-३-० र ०-२-३-० (रोपनी) को घरजग्गा ।
६८.	रौतहट जिल्ला, राजपुर फरहदवा गा.वि.स. वडा नं. ८/ख (हाल राजपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६७०, ३५७ र १०७० को क्षेत्रफल क्रमशः ०-१-२-८, ०-२-२-८ र ०-१-५ (विगाह) को जग्गा ।
६९.	मोरङ जिल्ला, बयरवन गा.वि.स. वडा नं. ९ अ स्थित कित्ता नं. १२४६ को क्षेत्रफल २०३१.७८ (व.मी) को घर जग्गा ।
७०.	मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ५ (हाल हेटौडा उ.म.न.पा वडा नं. १२) स्थित कित्ता नं. ४३७१ को क्षेत्रफल १-३-०-० (विगाह) को घरजग्गा ।
७१.	मकवानपुर जिल्ला, हेटौडा न.पा वडा नं. ४ स्थित कित्ता नं. २४७७ को क्षेत्रफल ०-०-१५-० (विगाह) को घरजग्गा ।
७२.	रौतहट जिल्ला, लक्ष्मीनिया गा.वि.स. वडा नं. ५/ग (हाल फतुवा विजयपुर न.पा वडा नं. ९) स्थित कित्ता नं. ६६३ को क्षेत्रफल ०-०-१० (विगाह) को घरजग्गा ।
७३.	रौतहट जिल्ला, रंगापुर गा.वि.स. वडा नं. ९ (हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. ३०९ को क्षेत्रफल १-२-१० (विगाह) को जग्गा ।
७४.	रौतहट जिल्ला, रंगापुर गा.वि.स. वडा नं. १/क (हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. २६८ को क्षेत्रफल ०-१७-४-० (विगाह) को जग्गा ।
७५.	रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. ८/ख (हाल चन्द्रपुर न.पा. वडा नं. ६), स्थित कित्ता नं. ८७६ को क्षेत्रफल ०-९-१८ (विगाह) को जग्गा ।
७६.	रौतहट जिल्ला, रंगापुर गा.वि.स. वडा नं. ६ क (हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. ५५० को क्षेत्रफल १-८-१ (विगाह) को जग्गा ।
७७.	रौतहट जिल्ला, बरीयारपुर गा.वि.स. वडा नं. ६ ख (हाल गढीमाई न.पा. वडा नं. ९) स्थित कित्ता नं. ५८८ को क्षेत्रफल ०-०-१८-४ (विगाह) को घरजग्गा ।
७८.	महोत्तरी जिल्ला, शिवभक्तीखोर गा.वि.स. वडा नं. ३ (हाल गौशाला न.पा. वडा नं. ५) स्थित कित्ता नं. ५१० र ५११ को क्षेत्रफल क्रमशः०-०-१८ र ०-०-१२ (विगाह) को जग्गा ।
७९.	रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा वडा नं. ६ स्थित कित्ता नं. २३ र ४४ को क्षेत्रफल क्रमशः ४१४.२५ र ४२.८० (व.मि) को जग्गा ।
८०.	रौतहट जिल्ला, कनकपुर गा.वि.स वडा नं. १ (हाल गुजरा न.पा वडा नं. ५) स्थित कित्ता नं. ६५५ को क्षेत्रफल १-७-० (विगाह) को जग्गा ।
८१.	सर्लाही जिल्ला, जब्दि गा.वि.स. वडा नं. १/ग (हाल लालबन्दी न.पा. वडा नं.४) स्थित कित्ता नं. ७०६ र ७५९ को क्षेत्रफल क्रमशः ०-०-१५-० र ०-०-८-० (विगाह) को जग्गा ।
८२.	महोत्तरी जिल्ला, औरही गा.वि.स वडा नं.३/क (हाल औरही न.पा. वडा नं. १) स्थित कित्ता नं. १०४३ को क्षेत्रफल ०-०-६.७५-० (विगाह) को घर/जग्गा ।
८३.	पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं. ५ (हाल वीरगंज म.न.पा. वडा नं. २४) स्थित कित्ता नं. ७५८, ७९४ र ४४ को क्षेत्रफल क्रमशः ४.२३, १० र ६३९(व.मि) को जग्गा ।
८४.	रुपन्देही जिल्ला गाजेडी गा.वि.स. वढा नं. ७ स्थित कित्ता नं. ६ को क्षेत्रफल १९३३ (व.मि.) को घरजग्गा ।
८५.	बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १७९ को क्षेत्रफल २२० (व.मी) को घरजग्गा र बाकैं जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १८७ को क्षेत्रफल १०० (व.मी) को जग्गा ।
८६.	बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.६ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ६३४, १७२९ र १९२६ को क्षेत्रफल क्रमशः १६९.३२, ३३८.६३, र ३३८.६३ (व.मी) को घर/जग्गा ।
८७.	बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं.८ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. १७५६ को क्षेत्रफल ३१३.५० (व.मी) को जग्गा ।
८८.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं.८ (हाल गरुडा न.पा. वडा नं.४) स्थित कित्ता नं. ४९४ को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा ।
८९.	रौतहट जिल्ला, सन्तपुर (म) गा.वि.स. वडा नं. २ (हाल चन्द्रपुर न.पा. वडा नं.८) स्थित कित्ता नं. ५२६ को क्षेत्रफल ०-१०-०-० (विगाह) को जग्गा ।
९०.	झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. १३०७ को क्षेत्रफल ३६० (व.मि) को घरजग्गा ।
९१.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५ (हाल वीरगंज म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. ९१ र १४ को क्षेत्रफल क्रमशः २९५ र १०.४० (व.मि.) को जग्गा ।
९२.	बर्दिया जिल्ला, सानोश्री गा.वि.स. वडा नं. ५ क (हाल बर्दिया जिल्ला, मधुवन न.पा. वडा नं. ६) स्थित कित्ता नं. ११७५ र १२९३ को क्षेत्रफल क्रमशः २२४३.४१ र १२४८.६८ (व.मि) को जग्गा ।
९३.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ५ ख स्थित कित्ता नं. १४५७ को क्षेत्रफल ०-४-१० (विगाह) को घर जग्गा ।
९४.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ क (हाल बिरेन्द्रनगर न.पा वडा नं. ९) स्थित कित्ता नं. २६६०, ६३९, ७०८७, २६६१ र ५९७५ को क्षेत्रफल क्रमशः ५५.०२, ३३८.५८, १५४, ६३.४८ र २३.५५ (व.मी) को घर/जग्गा ।
९५.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. २ ख (हाल बिरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. १७९२ र १७८९ को क्षेत्रफल क्रमशः ०-०-१-३ र ०-०-४-० (विगाह) को घरजग्गा ।
९६.	कपिलबस्तु जिल्ला, गजेहडा गा.वि.स वडा नं. ५ (हाल बाणगंगा न.पा. वडा नं. ३) स्थित कित्ता नं. ९८ को क्षेत्रफल ५००.२५ (व.मी) को घर जग्गा ।
९७.	बर्दिया जिल्ला, नयाँगाउँ गा.वि.स वडा नं. ६ स्थित कित्ता नं. ५५ र ५६ को क्षेत्रफल क्रमशः १-१२-०-० र ४-३-१०-० (विगाह) को जग्गा ।
९८.	कास्की जिल्ला, अर्घौ गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. १८८५ को क्षेत्रफल ०-७-०-० (रोपनी) को जग्गा ।
९९.	रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ५ (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ५, ६ र ७ को क्षेत्रफल क्रमशः ०-३-१२, ०-३-५ र ०-५-१० (विगाह) को जग्गा।
१००.	मोरङ जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. ५ च (हाल उर्लाबारी न.पा. वडा नं. ५) स्थित कित्ता नं. १४५७ को क्षेत्रफल ०-०-१०-० (विगाह) को घरजग्गा ।
१०१.	रौतहट जिल्ला, बगही गा.वि.स. वडा नं. ७/क (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ७३१ को क्षेत्रफल ०-३-१-० (विगाह) को जग्गा ।
१०२.	रौतहट जिल्ला, बगही गा.वि.स. वडा नं. ३ (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ८६३ को क्षेत्रफल ०-२-१०-० (विगाह) को जग्गा ।
१०३.	रौतहट जिल्ला, सखुअवा गा.वि.स. वडा नं.७/क (हाल माधव नारायण न.पा. वडा नं.३) स्थित कित्ता नं. ९९७ को क्षेत्रफल ०-१२-२.५-० (विगाह) को जग्गा ।
१०४.	बारा जिल्ला, नरही गा.वि.स. वडा नं. १ (हाल करैयामाई गा.पा. वडा नं. ८) स्थित कित्ता नं. ११४ को क्षेत्रफल ०-४-०-० (विगाहा) को जग्गा ।
१०५.	रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ४/क (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ९४२ को क्षेत्रफल ०–३–० (विगाह) को जग्गा ।
१०६.	नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्ला, अमरौड गा.वि.स. वडा नं. २ (हाल रामग्राम न.पा. वडा नं.१४) स्थित कित्ता नं. १६६ को क्षेत्रफल १-५-१५-० (विगाह) को जग्गा ।
१०७.	महोत्तरी जिल्ला, २५ नं. वहादुरगंज गा.वि.स. वडा नं. ३ ख (हाल बर्दिवास न.पा. वडा नं. १४) स्थित कित्ता नं. १२०२ को क्षेत्रफल ०-१-१०-० (विगाह) को जग्गा ।
१०८.	पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. २८८३, २००३ र २००८ को क्षेत्रफल क्रमशः ०-२-२-०, ०-१-२-० र ०-६-३-३ (रोपनी) को जग्गा ।
१०९.	पर्वत जिल्ला, शिवालय गा.वि.स वडा नं. १ स्थित कित्ता नं. २६६१ को क्षेत्रफल ५-०-०-० (रोपनी) को जग्गा ।
११०.	पर्वत जिल्ला, पाङ गा.वि.स वडा नं. १ स्थित कित्ता नं. १६५१ र २३०४ को क्षेत्रफल क्रमशः ०-४-१-० र ०-७-०-१ (रोपनी) को जग्गा ।
१११.	पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. १२७७, २२३१ र २२३३ को क्षेत्रफल क्रमशः ०-३-२-१, ०-२-०-१ र ०-०-०-१ (रोप

इजरायल–हमास आरोप–प्रत्यारोपले विपिन जोशीको रिहाइ अनिश्चित

युद्धविराम सम्झौता उल्लंघन गरिएको भन्दै हमास समूहले सोमबार इजरायली बन्धकको रिहाइ रोक्ने घोषणा गरेपछि नयाँ परिस्थिति सिर्जना, दुवै पक्षलाई संयमता अपनाउन राष्ट्र संघको अनुरोध

मंगलबारको संसद् बैठकमा जनमोर्चाका **चित्रबहादुर केसी**ले भने–

कञ्चनपुरका विपिन जोशीको अहिलेसम्म अत्तोपत्तो छैन। त्यो मान्छे कहाँ छ, ज्युँदो, मर्दो, संसद्लाई जानकारी गराउनुपर्दैन ? बाहिर बोलेर मात्र जिम्मेवारी पूरा हुँदैन। सरकारले के-कति, कसरी रिहाइका लागि पहल गरेको छ संसद्लाई जानकारी होस्।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

इजरायल र प्यालेस्टाइनबिच युद्धविराम सम्झौता उल्लंघन भएको आपसी आरोप-प्रत्यारोपले हमासको नियन्त्रणमा रहेका विपिन जोशीको रिहाइ अनिश्चित हुने जोखिम देखिएको छ। इजरायलले युद्धविराम सम्झौता उल्लंघन गरेको आरोप लगाउँदै हमास समूहले सोमबार इजरायली बन्धकको रिहाइ रोक्ने घोषणा गरेपछि नयाँ परिस्थिति सिर्जना भएको हो। युद्धविरामपछि हमासले हालसम्म १६ इजरायली र पाँच थाई बन्धक तथा इजरायलले ५६६ प्यालेस्टाइनी कैदी रिहा गरेका छन्।

इजरायल र प्यालेस्टाइनले एकअर्को कैदी मुक्त गर्ने मिति फेब्रुअरी १५ (शनिबार) का लागि तय छ। जसअनुसार तीन इजरायली नागरिक हमासले रिहा गर्ने भनिएको थियो, तर हमासले रिहाइ स्थगित गर्ने घोषणा गरेको छ। प्रतिक्रियामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबारसम्म बन्धक नछाडे हमाससँग युद्धविराम अन्त्य गर्न इजरायललाई सुझाएपछि इजरायल-प्यालेस्टाइन युद्धविराम सम्झौतामा संकट आएको हो।

बन्दी रिहाइको प्रक्रियामा नेपालले हमासको कब्जामा रहेका विपिन जोशीको मुक्ति हुने आशा गरेकोमा उनको रिहाइ अनिश्चित हुने त्रास बढेको छ। 'हामी त्यस क्षेत्रको घटनाक्रम नजिकबाट नियालिरहेका छौँ। युद्धविराम कायम रहनेछ र विपिन जोशीको रिहाइ हुनेछ भन्नेमा आशावादी छौँ। हमास समूहको निकट मानिएका सबै कूटनीतिक च्यानलमा तीव्रतासाथ प्रयास गरिरहेका छौँ,' परराष्ट्र मन्त्रालयका एक उच्च अधिकारीले नयाँ पत्रिकासँग भने।

> **परराष्ट्र मन्त्रालयका उच्च अधिकारी भन्छन्–**
> त्यस क्षेत्रको घटनाक्रम नजिकबाट नियालिरहेका छौँ। युद्धविराम कायम रहनेछ र विपिन जोशीको रिहाइ हुनेछ भन्नेमा आशावादी छौँ। हमास समूहको निकट मानिएका सबै कूटनीतिक च्यानलमा तीव्रतासाथ प्रयास गरिरहेका छौँ।

हमासले युद्धविरामको सर्त पालना नगरेको इजरायलको आरोप छ। इजरायलले विस्थापित प्यालेस्टिनी उत्तरी गाजामा फर्काउन ढिलाइ गरेको तथा गाजापट्टीका धेरै क्षेत्रमा गोलाबारी जारी राखेको हमासले आरोप लगाएको छ। युद्धविराममा भएको सहायता आपूर्तिसम्बन्धी सम्झौताको पनि इजरायलबाट उल्लंघन भएको हमासको आरोप छ।

इजरायली बन्धकहरूको रिहाइमा ढिलाइ गर्ने हमासको निर्णयप्रति संयुक्त राष्ट्रसंघले चिन्ता व्यक्त गरेको छ। र, संयम अपनाउन दुवै पक्षलाई अनुरोध गरेको छ ।

युद्धविरामको पहिलो चरणमा ३३ जना इजरायली बन्धकलाई रिहा गरिने भनिएको थियो। हालसम्म १६ जना इजरायली बन्धक रिहा गरिएको छ। हमास समूहको नियन्त्रणमा रहेका १७ इजरायली बन्धकमध्ये आठजनाको मृत्यु भएको छ। हमासले अब ९ जना इजरायली रिहा गर्न बाँकी छ। हमासले पाँच थाई नागरिक पनि रिहा गरेको छ।

हमास र इजरायलबिचको युद्धविराम सम्झौता जनवरी १९ मा लागू भएको थियो। सम्झौताअनुसार युद्धविराम छ हप्ताको चरणमा डिजाइन गरिएको छ, जसमा सैन्य कारबाही रोक्ने र गाजाको पूर्ण शान्ति र पुनर्निर्माणतर्फ अघि बढ्ने भनिएको छ। युद्धविरामको तीन हप्तामा आधा मात्रै काम भएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्। अल जजिराका अनुसार इजरायलले अहिलेसम्म गाजामा ८ हजार ५०० ट्रक मात्र खाद्यान्न र आधारभूत सहायता वस्तुलाई अनुमति दिएको छ। जब कि युद्धविराम सर्तअनुसार यो संख्या १२ हजार ट्रक हुनुपर्थ्यो।

आश्रयको सन्दर्भमा, पहिलो चरणमा २ लाख पाल तोकिएको छ। तर, अहिलेसम्म १० प्रतिशत मात्र अनुमति दिइएको छ। इजरायलले वचन दिएअनुसार ६० हजार मोबाइल घरमध्ये कुनै पनि पुगेको छैन।

इजरायलले उत्तरी गाजामा विस्थापित मानिसलाई फिर्ता गर्न ढिलाइ गरेको, प्यालेस्टिनीलाई मारेको र भग्नावशेष हटाउन तथा शव फेला पार्न आवश्यक उपकरण प्रवेशमा बाधा पुऱ्याएको हमास समूहको आरोप छ।

अमेरिकी राष्ट्रपति ट्रम्पले गाजामा रहेका सबै इजरायली बन्दी शनिबारसम्म एकै समूहमा फिर्ता गर्न भनेका छन्। 'यदि त्यसो भएन भने इजरायलले युद्धविराम रद्द गर्नुपर्छ,' ट्रम्पको चेतावनी छ। शनिबारसम्म सबै बन्दी रिहा नगरिएमा सम्झौता रद्द गरिनुपर्छ भन्ने ट्रम्पको चेतावनीलाई हमासले खारेज गर्दै धम्कीको भाषा नमान्ने चेतावनी दिएको छ। यद्यपि, दोस्रो चरणको वार्ता गर्न इजरायली प्रतिनिधिमण्डल कतार पुगेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्।

■ नक्कली भुटानी शरणार्थी प्रकरण

आरोपीलाई अस्पतालको क्याबिनमा पुऱ्याएको घटनाबारे प्रहरीले थाल्यो छानबिन

काठमाडौं/ पुर्पक्षका लागि कारागारमा रहेका नक्कली भुटानी शरणार्थी प्रकरणका मुख्य दुई आरोपीलाई अस्पतालको सुविधासम्पन्न क्याबिनमा राखेर विभिन्न व्यक्तिसँग भेटघाट गराएको घटनामा काठमाडौं उपत्यका प्रहरी कार्यालयले छानबिन थालेको छ। छानबिन समिति नै गठन गरी त्यसमा प्रहरीको भूमिकाबारे छानबिन थालिएको हो।

मुख्य आरोपी केशव दुलाल र सानु भण्डारीलाई पाँच दिनदेखि सिनामंगलस्थित नेपाल मेडिकल कलेजको १७ नम्बर क्याबिनमा राखिएको विषय नयाँ पत्रिकाले गत बुधबार बाहिर ल्याएपछि छानबिन थालिएको हो। प्रारम्भिक छानबिनमा प्रहरीको बदनियत देखिएको छ।

उपत्यका प्रहरी कार्यालयका प्रमुख टेकबहादुर तामाङले समिति गठन गरेर घटनाको विषयमा छानबिन भइरहेको बताए। बिरामी भएको कागज बनाएर उनीहरूलाई क्याबिनमा राखिएको थियो। क्याबिनमा विभिन्न व्यक्ति लगेर छलफलसमेत गराइएको छ। प्रहरी स्रोतका अनुसार मुद्दाका जाहेरकर्ता रामकुमार रेग्मी र प्रेमराज पन्थी नियमितजसो दुलाल र भण्डारीको क्याबिनमा गएर बस्ने गर्दथे। त्यस्तै, कानुन व्यवसायी र विभिन्न व्यक्ति पुगेर क्याबिनमै छलफलसमेत गरिएको थियो।

सानु भण्डारी केशव दुलाल

मुद्दामा केही उच्चपदस्थलाई जोगाउने रणनीतिअनुसार कारागार प्रशासनकै मिलेमतोअनुसार त्यसरी अस्पतालको क्याबिनमा लगेर छलफल गराइएको स्रोत बताउँछ। सो अस्पताल काग्रेस सांसद सुनील शर्माको हो। शर्मा र अभियुक्त केशव दुलाल पुराना साथी हुन्। दुवैको घर मोरङ हो। शर्माले नै भर्ना हुनुपर्ने कागज बनाएर आफ्नै अस्पतालमा राखेर विभिन्न व्यक्तिसँग बैठक बस्ने वातावरण मिलाएका थिए। दुवैजनालाई अस्पतालकै एउटै क्याबिनमा लगेर राखिनु र सो मुद्दामा जोडिएका विभिन्न व्यक्तिलाई लगेर छलफल गराउनुले यसमा प्रहरीको नियत राम्रो नदेखिएको प्रहरी स्रोत बसेको छ। उनीहरूसँगै अस्पताल बसेका प्रहरीको छानबिन समितिले बयान लिइसकेको छ। अभियुक्त सानु भण्डारी तिनै व्यक्ति हुन्, जसको बयानका आधारमा यो मुद्दामा उच्चपदस्थहरू अनुसन्धानमा तानिएका थिए। नेताहरूले पैसा पनि लिएको, तर काम नगरिदिएको भन्दै उनले प्रहरीमा सबै यथार्थ बताइदिएका थिए। सोही आधारमा पूर्वगृहमन्त्री बालकृष्ण खाण, पूर्वऊर्जामन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहसचिव टेकनारायण पाण्डे, तत्कालीन गृहमन्त्री रामबहादुर बादलका सल्लाहकार डा. इन्द्रजित राई तथा पूर्वसांसद आङटावा शेर्पालगायत उच्चपदस्थ पक्राउ परेका हुन्। तर, मुद्दा दायर भएको २१ महिना हुँदा पनि यसमा जिल्ला अदालतमा सुनुवाइ हुन सकेको छैन। यही अवस्थामा मुख्य आरोपीलाई अस्पतालमा राखेर विभिन्न पक्षसँग छलफल गराइए पनि कारागारको भूमिकामाथि समेत प्रश्न उठेको छ।

■ **टेकबहादुर तामाङ**, प्रमुख, उपत्यका प्रहरी कार्यालय

यो मुद्दाको मुछिएका थप उच्चपदस्थमाथि छानबिन हुन सकेको छैन। यसअघि आरोपीले नाम लिएका व्यक्तिको हकमा प्रमाण नपुगेको भन्दै पछि अनुसन्धान गर्ने भनेर मुद्दा दायर गरिएको थियो।

संक्षेप

राजदूत सुवेदी डब्लुटिओको सेवा व्यापार परिषद्को अध्यक्ष निर्वाचित

काठमाडौं/ जेनेभास्थित संयुक्त राष्ट्रसंघका लागि नेपाली स्थायी प्रतिनिधि तथा राजदूत रामप्रसाद सुवेदी विश्व व्यापार संगठन (डब्लुटिओ)को सेवा व्यापार परिषद् (सिटिएस)को अध्यक्षमा निर्विरोध निर्वाचित भएका छन्। संगठनको २५ माघमा सम्पन्न जनरल काउन्सिल बैठकले राजदूत सुवेदीलाई एक वर्षका लागि अध्यक्ष चयन गरेको हो। विश्व व्यापार संगठनको सेवा व्यापारसँग सम्बन्धित सम्झौता कार्यान्वयनका लागि गठित यो निकायमा रहेर सुवेदीले संगठनका सदस्य मुलुकसँग समन्वय गर्ने जिम्मेवारी पाएका छन्। विश्वव्यापी रूपमा नै बैंकिङलगायत वित्तीय सेवा, पर्यटन, सूचना प्रविधिमा आधारित सेवा व्यापारका हिस्साका रूपमा वृद्धि भइरहेको सन्दर्भमा परिषद्को भूमिका बढेको छ,' उद्योग, वाणिज्य एवं आपूर्ति मन्त्रालयका प्रवक्ता जितेन्द्र बस्नेतद्वारा जारी विज्ञप्तिमा भनिएको छ। नेपालको अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान बढ्दै गइरहेको सन्दर्भमा सरकारले यो क्षेत्रको विकासमा विशेष प्राथमिकता दिइरहेको पनि विज्ञप्तिमा उल्लेख छ। राजदूत सुवेदीले उक्त परिषद्को नेतृत्व लिएको वेला नेपालको सेवा क्षेत्र विस्तारका लागि थप योगदान पुग्ने पनि मन्त्रालयको विश्वास छ।

१० लाख किशोरीले लगाए एचपिभी खोप

काठमाडौं/ पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप अभियानअन्तर्गत मंगलबारसम्म १० लाख किशोरीले खोप लिएका छन्। सरकारले २२ माघदेखि ६ फागुनसम्म देशभरका विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १० सम्मका छात्रा र विद्यालयबाहिर रहेका १० देखि १४ वर्ष उमेरका १६ लाख ८८ हजार ७६८ जना किशोरीलाई खोप अभियान सुरु गरिएको थियो। अभियानको आठौं दिनसम्म १० लाखले खोप लिइसकेका छन् भने अब करिब सात लाखलाई खोप लगाउन बाँकी रहेको स्वास्थ्य सेवा विभाग बाल स्वास्थ्य तथा खोप शाखाले जनाएको छ। शाखाका प्रमुख डा. अभियान गौतमका अनुसार तोकिएको समयभन्दा अघि नै खोप अभियान सकिने अनुमान छ। तर, छुटेका र खोप नपाएकाले तोकिएको समयभन्दा एक-दुई दिनअघिपछिसम्म पनि खोप लगाउन पाउनेछन्। उनले भने, 'यो खोपमा कोही वञ्चित हुनुहुँदैन।' उनले खोप सुरक्षित र प्रभावकारी भएकाले ढुक्क भएर लगाउन सुझाए। पाठेघरको मुखको क्यान्सर ह्युमनपापिलोमा भाइरस संक्रमणले हुन्छ। नेपालमा महिलामा हुने विभिन्न क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर दोस्रो स्थानमा छ। अभियानअन्तर्गत १७ लाख ७० हजार २० वटा खोप ल्याइएको छ।

कक्षाकोठामा फर्किंदै सभामुख मण्डल

जनकपुरधाम/ मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले संविधान, संघीयता, अधिकार क्षेत्र र संघीयताको विशेषताजस्ता विषयमा विद्यार्थीलाई अध्यापन गराउने भएका छन्। राजर्षि जनक विश्वविद्यालयअन्तर्गतको आंगिक क्याम्पसमा प्राध्यापकका रूपमा कक्षा सञ्चालन गर्ने प्रस्ताव पठाएका छन्। सभामुख मण्डल पूर्वशिक्षक पनि हुन्। उनी अब पुनः प्राध्यापन पेसामा फर्कन चाहन्छन्। उनका प्रमुख स्वकीय सचिव रमेशकुमार मण्डलका अनुसार सभामुखले विश्वविद्यालयमा संविधान, संघीयता, विश्वभरका संघीयताका उदाहरणजस्ता विषयमा पढाउनेछन्। उनले भने, 'राजनीतिका कारण प्राध्यापन पेसा छुटेको थियो। अहिले सभामुख मण्डल राजनीतिमा सक्रिय नरहेकाले संघीयताबारे फैलिरहेको नकारात्मक प्रचारलाई चिर्ने प्रयासका रूपमा यस कदमलाई लिएको छु।' सभामुख मण्डलले भने, 'संघीयता नेपालमा नयाँ अभ्यास हो। र, यसको महत्त्वपूर्ण पिरियडमा केही व्यक्तिले संघीयता र प्रदेशबारे द्वेषपूर्ण अभिव्यक्ति दिइरहेका छन्। त्यसैले मैले प्रदेशका विभिन्न जिल्लामा माध्यमिक विद्यालय र कलेजमा संघीयताबारे प्राध्यापन गर्ने योजना बनाएको छु।'

१३ किलो अफिमसहित दुईजना पक्राउ

बारा/ इलाका प्रहरी कार्यालय सिमराले मंगलबार १३ किलो अफिमसहित दुईजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा मकवानपुर मनहरी गाउँपालिका- ६ का सूर्यबहादुर मोक्तान र कैलाश गाउँपालिका- ८ का भीमबहादुर मोक्तान रहेका छन्। प्रहरी नायब निरीक्षक दीपक बस्नेतको नेतृत्वमा रहेको प्रहरी टोलीले अफिमसहित उनीहरूलाई सूर्य नेपाल कारखानाअगाडिबाट पक्राउ गरेको हो। उनीहरूको साथबाट प्रहरीले एक लाख ३३ हजार नगद समेत बरामद गरेको बारा प्रहरी प्रवक्ता प्रकाश सापकोटाले जानकारी दिए। विशेष सूचनाका आधारमा हेटौंडाबाट वीरगञ्जतपर्फ जाँदै गरेको मधेस प्रदेश ०३-००१प-१६१४ नम्बरको स्कुटरको डिकीभित्र लुकाएर राखेको अवस्थामा प्रहरीले अफिम बरामद गरेको हो। बरामद अफिम करोडौं मूल्यबराबरको रहेको प्रहरीको अनुमान छ। पक्राउ परेका दुवैजनालाई नियन्त्रणमा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

सत्तापक्षले संसदीय प्रक्रिया मिचेपछि संसद्मा तनाव

कमलराज भट्ट/नयाँ पत्रिका

सत्तापक्षले निरन्तर संसदीय अभ्यास र प्रक्रिया मिचेपछि मंगलबारको प्रतिनिधिसभा बैठक तनावग्रस्त बनेको छ। संसदीय समितिमा विधेयक हुँदाहुँदै अध्यादेश ल्याउने, आफैंले ल्याएको विधायन विधेयकमा सरकारका मन्त्रीले आफैं संशोधन गर्ने कदमपछि मंगलबार सत्तापक्षका सांसदले प्रतिनिधिसभा नियमावली मिचेर सभामा बोलेपछि विपक्षीले प्रतिवाद गरेका हुन्। प्रतिवादका कारण प्रतिनिधिसभाको बैठक नै स्थगित भएको थियो।

बैठकमा प्रमुख प्रतिपक्षी माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले आकस्मिक समयमा बोल्दै संसद्को समग्र क्रियाकलापमा सरकारले मिनिमाइज, अपहेलना गरिरहेको र जनताको प्रतिनिधिको आवाजलाई ठिक ढंगले सुन्न नचाहेको बताए। पाण्डेले कार्यव्यवस्था परामर्श समितिबाट तय भएको भ्रष्टाचार निवारणसम्बन्धी विधेयक प्रस्तुत र पारितको सूची मंगलबारको बैठक कार्यसूचीबाट हटाएकोमा आपत्ति पनि जनाए। समितिबाट सर्वसम्मत पारित भएर आएको विधेयकबारे सरकारले संसद्को प्रक्रिया अभ्यास र समग्र प्रक्रियालाई वास्ता नगरिएको पाण्डेको भनाइ छ।

प्रमुख प्रतिपक्षीका प्रमुख सचेतक पाण्डेको भनाइमा नियमापत्ति गर्न सत्तापक्षका मुख्य सचेतक महेश बर्तौलाले समय मागे। बर्तौलाले बैठक संसद्को नियमावलीबाट चल्ने बताए। उनले भने- 'तलबाट के लाग्यो त्यसको आधारमा सामान्यतया बैठक चल्दैन। नियमावलीको नियम १२ ले सभामुखको निर्देशनअनुसार कार्यसूची तलमाथि हुन्छ।' सत्तापक्षका मुख्य सचेतकले नियमापत्तिभन्दा पनि भाषण दिएको भन्दै रास्वपाका गणेश पराजुलीले नियम ९३ बमोजिम नियमापत्ति गरे। 'सत्तापक्षको यो पेलाइ कस्तो हो ? सदन सञ्चालनका लागि नियमावली छ। तर, सत्तापक्षले जतिखेर चाहियो त्यतिखेर, जसरी चाह्यो त्यसरी पेलान गर्न पाइन्छ ?' उनले प्रश्न गरे।

त्यसपछि बैठकमा शून्य समय चल्यो। सांसदहरूले आफ्नो धारणा राखे। शून्य समय सकिँदा सभामुखको आसनमा सभा सञ्चालनका लागि उपसभामुख इन्दिरा राना थिइन्। उनले विशेष समय शुभारम्भ भएको घोषणा गरिन्। यत्तिकैमा कांग्रेसका रामहरि खतिवडा उठेर समय मागे। उपसभामुख रानाले सचिवालयसँग समन्वय गरेर सहमतिमा खतिवडालाई दुई मिनेट समय दिइन्। जुन ठाडै प्रक्रिया मिच्ने कदम थियो। संसद्को नियमावलीले व्यवस्था गरेको प्रक्रियाविपरित समय पाएका खतिवडाले विपक्षी रास्वपाले उठाएका सवालमा प्रतिवाद गरे। रास्वपाका गणेश पराजुलीले नियम २६ बमोजिम नियमापत्ति गरे। त्यसपछि माओवादी प्रमुख सचेतक हितराज पाण्डेले पनि नियम २६ बमोजिम नियमापत्ति गरे। सभामुखको आसनमा रहेकी उपसभामुख रानाले 'गम्भीर ध्यानाकर्षण भएको र यसमा के कसो भएको हो, अध्ययन गर्न सचिवालयलाई आदेश गरिसकेको' जानकारी गराइन्। तर, माओवादी, रास्वपालगायत विपक्षी दलहरूले मानेनन्। त्यसपछि चेयरमा पुनः सभामुख घिमिरे आए। 'सभामुखको चेयरको हैसियतले यहाँबाट के भएको हो अध्ययन गर्न आदेश गरिसकिएको छ, के गर्नुपर्छ भन्ने कुरा सचिवालयले छलफल गरेर उसले आफ्नो धारणा दिइसकेपछि अगाडि बढ्न सकिन्छ,' उनले भने।

■ **हितराज पाण्डे**, प्रमुख सचेतक, माओवादी

संसद्को समग्र क्रियाकलापमा सरकारले मिनिमाइज, अपहेलना गरिरहेको र जनताको प्रतिनिधिको आवाजलाई ठिक ढंगले सुन्न नचाहेको देखियो। कार्यव्यवस्था परामर्श समितिबाट तय भएको भ्रष्टाचार निवारणसम्बन्धी विधेयक प्रस्तुत र पारितको सूची मंगलबारको कार्यसूचीबाट हटाएकोमा आपत्ति जनायौँ। समितिबाट सर्वसम्मत पारित भएर आएको विधेयकबारे सरकारले संसद्को अभ्यास र समग्र प्रक्रियालाई वास्ता गरेन।

तर, विपक्षी सांसदहरूले मानेनन्, त्यसपछि घिमिरेले चर्को स्वरमा 'माननीय सदस्यहरू यहाँहरूलाई समय दिँदा प्रश्न उठ्छ कि उठ्दैन ? त्यसैले ख्याल गर्नुस्। यहाँहरूलाई समय दिँदा प्रश्न नउठ्ने, अरूलाई समय दिँद प्रश्न उठ्ने, यस्तो हुन सक्दैन। त्यसकारण यो बैठक १५ मिनेटका लागि स्थगन हुन्छ' भनेर बैठक स्थगित गरेका थिए।

माओवादी प्रमुख सचेतक हितराज पाण्डेका अनुसार बैठक स्थगित भएपछि खतिवडालाई नियमविपरीत समय दिएको विषयमा छलफल भएको छ। 'छलफल गऱ्यौं। आदेशअनुसार प्रतिवेदन ल्याएर सचिवालयले पेस गर्ने कुरा भयो। सचिवालयको कमजोरी देखियो,' उनले भने, 'प्रक्रियाको कुरा उठाइरहेका छौं। पटक्कै ख्याल गरिएको छैन। आकस्मिक समयमा जसरी सभामुखले विषयवस्तु रोक्नुपर्थ्यो त्यो रोक्न सक्नुभएन। दलको भनाइ नै प्रक्रिया मिचियो। के हो जवाफ दिन्छौं भनेपछि हामीले छोड्यौं,' पाण्डेले भने।

■ प्रहरी कुटपिटमा संलग्न एमालेनिकट विद्यार्थी नेता जोशीलाई उन्मुक्ति

संसद्मा उठ्यो प्रश्न

नयाँ पत्रिका

4. Interest rate on foreign currency loans shall be determined on deal to deal basis as per market movements subject to applicable NRB guidelines.
5. Interest rates on loans against NRB refinance shall be as per applicable NRB guidelines.
6. Call deposit interest rate shall be as per agreement subject to applicable NRB guidelines.
7. Interest rate concession shall be provided to the specified sector under normal Deprived Sector Loan in line with NRB Directive.
8. Bank shall comply applicable NRB circular/regulation while determining interest rate on Loan Products.
9. For Loan against Institutional deposit to their staffs/associates, premium will be up to 2% on prevailing base rate.
10. In case Bank provides discount on Base Rate for the month; Applicable Base Rate can be lower than that of published Base Rate.
11. For organizations having co-service agreement, institutional FD rate of Above 5 years shall be applied.

NABIL BANK®
Head Office, Durbarmarg, Kathmandu | Phone No.01-5971871

क्यान विभाजन : इयूको कालोसूचीबाट हट्ने अस्त्र

क्यानको विभाजनपछि नियामक निकाय नियमनमा र सेवा प्रदायक सेवा विस्तार तथा गुणस्तर अभिवृद्धिमा केन्द्रित हुँदा देशलाई ठुलो फाइदा पुग्छ

● राजकुमार क्षेत्री

अग्रलेख

अहिले नेपालमा उड्डयन क्षेत्रको नियमन र सेवा प्रदान गर्ने काम एउटै निकाय नागरिक उड्डयन प्राधिकरण (क्यान) ले गर्दै आइरहेको छ। एउटै निकाय नियमनकारी र सेवाप्रवाही हुँदा स्वार्थको टकराव हुने भन्दै चौतर्फी चासो बढेको देखिन्छ। यही कारण नेपालमा हवाई दुर्घटना बढेका हुन् भन्ने पनि भाष्य बनाइएको छ। अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ), युरोपेली युनियन (इयू) देखि नेपालका मन्त्री, सांसद र हवाई विज्ञहरूले नियामक र सेवा प्रदायक निकाय अलग-अलग हुनुपर्ने बताउँदै आएका छन्। निष्पक्ष नियमन, निगरानी र कार्यान्वयन सुनिश्चिततताबाट मात्रै हवाई सुरक्षा प्रत्याभूति बढ्ने सबैको ठम्याइ हो। उता इयूले समेत नेपाललाई 'ब्ल्याक लिस्ट'बाट हटाउन क्यानलाई टुक्र्याउनुपर्ने अडान राखेको छ। त्यसैले पनि क्यानको 'सेप्रेसन' अत्यन्त जरुरी छ। पहिल्यै हुनुपर्ने भए पनि अहिलेसम्म यो काम हुन सकेको छैन। अहिले क्यानलाई टुक्र्याएर नियामक र सेवाप्रदायक बनाउने गरी दुई विधेयक संसद्मा दर्ता भएका छन्। सेवा प्रदायकको नियमन 'नागरिक उड्डयन प्राधिकरण' र विमानस्थल निर्माण, सञ्चालन र व्यवस्थापनको काम हवाई सेवा प्राधिकरणले गर्ने व्यवस्था गरिँदै छ।

नियामक र सेवा प्रदायक संस्था अलग गर्नेबित्तिकै इयूको एउटा मापदण्ड पूरा हुनेछ। जसले नेपाललाई इयूको कालोसूचीबाट हट्न मद्दत पुग्ने देखिन्छ। किनभने, इयूले नेपाललाई कालोसूचीमा राख्दा नियमनकारी र सेवाप्रवाही संस्था एउटै हुनुलाई प्रमुख कारण बनाएको छ। र, बारम्बार क्यानलाई सेप्रेसन गर भनिरहेको छ। नियमनकारी र सेवाप्रवाही अलग-अलग संस्था भएपछि स्वार्थको द्वन्द्व पनि कम हुने नै छ। यही कारण क्यानलाई टुक्र्याउने गृहकार्य पहिल्यै सुरु गरिएको थियो।

नियमनकारी र सेवाप्रवाही एउटै संस्था भएकै कारण सुरक्षामा खेलाँची भइरहेको इयूको ठहर छ। उसले हवाई सुरक्षामा गम्भीर चासो देखाउँदै ११ वर्षदेखि नेपाललाई कालोसूचीमा राखेको छ। उसले क्यानलाई विभाजित नगरी कालोसूचीबाट नहटाउने चेतावनी पनि दिएको छ। उता सन् २०१९ मा नेपाललाई कालोसूचीबाट हटाएको आइकाओको चासो पनि क्यानको सेप्रेसन र हवाई सुरक्षा अभिवृद्धिमै देखिन्छ। धेरै देशले नियामक र सेवाप्रवाही संस्था अलग बनाइसकेका छन्। भुटानले पनि अलग गरिसकेको छ। अरू देशहरू पनि क्रमिक रूपमा 'सेप्रेसन'मा गइरहेका छन्। अब हामीले पनि ढिलो गर्नुहुँदैन। एउटै निकाय सर्वेसर्वा हुँदा सुरक्षामा सम्झौता भएको र हवाई दुर्घटना बढेको बुझाइ धेरैको छ।

नियमनकारी र सेवाप्रवाही निकायलाई छुट्याउनु अन्तर्राष्ट्रिय संस्थाहरूको माग पूरा गर्नु मात्र होइन, नेपालको उड्डयन क्षेत्रलाई सुरक्षित, पारदर्शी, भरपर्दो, आधुनिक, सुविधा सम्पन्न बनाउने रणनीतिक कदम पनि हो। नियामक र सेवाप्रवाही संस्था अलग्याएर प्रभावकारी काम गर्न सकेमा हवाई सुरक्षा बढ्ने मात्र होइन, उड्डयन उद्योगकै श्रीवृद्धि हुने पक्का छ। तर, छुट्टाछुट्टै निकायबाट प्रभावकारी काम गर्नका लागि पर्याप्त गृहकार्यचाहिँ गर्नुपर्छ।

चाँडो कालोसूचीबाट हट्न जरुरी : इयूले सन् २०१३ देखि कालोसूचीमा राख्दा नेपाली वायुसेवाले युरोपेली आकाशमा उडान गर्न पाइरहेका छैनन्। इयूले कालोसूचीमा राखेपछि नेपालको हवाई सुरक्षामा प्रश्न पनि तेसिएको छ। नेपाल पर्यटकीय देश हो। जहाँबाट सार्क मुलुक, एसिया, युरोप, अमेरिकादेखि अफ्रिकासम्म सीधा उडान हुनु जरुरी छ। तर, त्यही कालोसूचीका कारण नेपालमा दर्ता भएका वायुयानले युरोपमा उडान गर्न पाएका छैनन्।

यसैले कालोसूचीबाट निस्कन तत्काल जरुरी छ। नियामक र सेवाप्रदायक निकायमा क्यानलाई छुट्याएपछि इयूलाई कालोसूचीबाट हटाऊ भन्न सजिलो पनि हुन्छ। त्यसपछि मात्र नेपाल वायुसेवा निगमले पहिलेझैँ युरोपमा सीधा उडान गर्न सक्ला। युरोप र अमेरिकामा सीधा उडान नहुँदासम्म त्यसबाट हामीले लाभ लिन सक्दैनौँ। हामीले संसारभरबाट पर्यटक ल्याउनुपर्छ। त्यसका लागि संसारभर सीधा उडान गर्न सक्नुपर्छ।

हवाई सुरक्षामा अभिवृद्धि : नेपालमा हवाई दुर्घटना धेरै हुने गर्छ, त्यो स्वीकार गर्नुपर्छ। तर, क्यानको सेप्रेसन नभएरै दुर्घटना बढेको भन्नेचाहिँ होइन। त्यो एउटा गलत भाष्य मात्र हो। सेप्रेसन भएका देशमा पनि दुर्घटना भएका छन्। तर, यहाँ एउटै निकाय सेवा प्रदायक र नियामक दुवै हुँदा कतै 'स्वार्थको द्वन्द्व' भयो कि भनेर इयूले आशंका गर्नु स्वाभाविक हो। सेप्रेसन गर्दैमा दुर्घटना कम भइहाल्ने भन्ने पक्कै होइन। दुर्घटना कम गर्न सेप्रेसनपछि पनि धेरै काम गर्नुपर्छ। सेप्रेसनपछि दुइटा निकायबाट सुधारका काम प्रभावकारी हुन्छन् भन्ने मात्र हो। नियामक निकायले सेवा प्रदायकलाई सुरक्षा मापदण्ड पालना गर्न दबाब दिन्छ। निष्पक्ष र पारदर्शी रूपमा दुर्घटना जाँचबुझ प्रतिवेदन बन्छन् र कार्यान्वयनमा दबाब बढ्छ। हामीले सेप्रेसन गरेर राम्रोसँग होमवर्क गरी अगाडि बढ्न जरुरी छ। हवाई सुरक्षा वृद्धिका लागि विदेशमा कसरी काम गरिरहेका छन्, त्यो अध्ययन गर्न जान सकिन्छ।

अनलाइनमा पनि डकुमेन्ट भेटिन्छन्, तिनको पनि अध्ययन गर्न सकिन्छ। तयारी त हुनुपर्छ नै।

काममा प्रभावकारिता : एउटै नेतृत्वले नियमनकारी र सेवाप्रवाही भूमिका निर्वाह गर्दा प्रभावकारी काम नभएको हुन सक्छ। अलग-अलग नेतृत्वले गर्न सक्ने काम एउटैबाट नहुनु स्वाभाविक पनि हो। अब नियामक र सेवाप्रदायक अलग-अलग हुँदा प्रभावकारी काम हुन सक्छ। दुवै निकायको आ-आफ्नो दायित्व हुन्छ। कसैको हस्तक्षेप पनि हुँदैन। क्यानको विभाजनपछि नियामक निकाय नियमनमा र सेवा प्रदायक सेवा विस्तार र गुणस्तर अभिवृद्धिमा केन्द्रित हुन्छन्।

अहिले नियामक र सेवा प्रदायक कर्मचारीबिच स्पष्ट भिन्नता नहुँदा असमझदारी र कार्यक्षमतामा पनि कमी देखिएको छ। सेप्रेसनमा गएपछि कर्मचारीको क्षमता अभिवृद्धि र कामको गुणस्तर पनि बढ्नेछ। दुवै निकाय आआफ्ना कर्मचारीको क्षमता अभिवृद्धितर्फ लाग्न पाउँछन्। अब नियमनका कर्मचारी सेवा प्रवाहमा र सेवा प्रवाहका कर्मचारी नियमनमा जथाभावी सरुवा हुने अवस्था हुँदैन। नेतृत्व र कर्मचारीमा जवाफदेहिता पनि बढ्नेछ।

विभाजनपछि गर्नुपर्ने काम : क्यानको विभाजनपछि कर्मचारी पनि थपिन्छन्। अलग-अलग कार्यालय हुन्छन्। आर्थिक व्ययभार बढ्न सक्छ। तर, यसका धेरै फाइदा पनि छन्। ढिलोचाँडो विभाजन गर्नैपर्छ। त्यसैले, अहिले नै गर्दा राम्रो हुन्छ। तर, सेप्रेसन गरेर मात्र चाहिँ पुग्दैन, यसलाई प्रभावकारी बनाउने नीति, योजना र कार्यक्रम आवश्यक छन्। सोहीअनुरूपका जनशक्ति पनि आवश्यक पर्छन्।

> सेवा प्रदायकको नियमन 'नागरिक उड्डयन प्राधिकरण' र विमानस्थल निर्माण, सञ्चालन र व्यवस्थापनको काम हवाई सेवा प्राधिकरणले गर्ने व्यवस्था गरिनु इयूको कालोसूचीबाट हट्ने महत्त्वपूर्ण प्रस्थानविन्दु साबित बन्न सक्छ

हामीले सेप्रेसनपछि लाभ लिनका लागि पहिल्यै पर्याप्त गृहकार्य गर्न जरुरी छ। अन्य देशका सफल सेप्रेसन मोडल अध्ययन गरी हवाई पूर्वाधार निर्माण तथा सञ्चालनमा निजी क्षेत्रलाई समावेश गरेर अगाडि बढ्न सकिन्छ। विमानस्थल सञ्चालन चुस्त बनाउन आधुनिक व्यवस्थापन प्रणाली अपनाउन सकिन्छ। सेप्रेसनपछि स्वार्थको द्वन्द्व त कम होला। तर, सँगसँगै कतिपय अप्ठ्यारा पनि सिर्जना हुन सक्छन्। कर्मचारी व्यवस्थापनको कुरा आउन सक्छ। सेवा प्रदायक निकायमा सिइओ राख्नुपर्ने हुन्छ। दुई निकायका नेतृत्वबिच द्वन्द्व सिर्जना नहुने गरी सतर्कता अपनाउन जरुरी छ। त्यो हेक्का अहिले नै राख्न सके मात्र पछि राम्रो नतिजा निस्कन सक्छ।

सेवा प्रदायकबाट विमानस्थल सञ्चालन : नेपालमा अहिले तीन अन्तर्राष्ट्रियसहित ५५ विमानस्थल निर्माण भएका छन्। तर, अझै २२ विमानस्थलमा उडान हुँदैनन्। भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन। सेवा प्रदायक निकाय यी विमानस्थल सञ्चालनमा जोडतोडले लाग्नुपर्छ। आफूले नसकेमा उसले निजी क्षेत्रलाई भित्र्याउन पहलकदमी थाल्नेछ, अध्ययन गर्नेछ। उसको ध्यान जसरी पनि विमानस्थल सञ्चालन र सेवा-सुविधा विस्तारमै केन्द्रित हुनेछ। अहिले खाली विमानस्थल चलेनन् मात्र भनिएको छ। तर, चलाउन ठोस कदम चालिएको छैन। चलेनन् भनेर मात्र दायित्व पुग्दैन। विमानस्थल बनेपछि सञ्चालन हुनुपर्छ। विदेशी अनुभवी कम्पनी ल्याउन सकिन्छ। अझ भारतीय कम्पनी आउँदा भारतले रुटदेखि उडानसम्मको अनुमति दिने अवस्था रहन्छ। भैरहवा र पोखराबाट भारतका धेरै सहरमा सीधा उडानको सम्भावना छ।

फाइदाहरू :

१) नियमनकारी निकायले नियमन गर्छ। सेवा प्रवाहमा 'इन्टरफेयर' गर्दैन। खाली अनुगमन मात्र गर्छ। त्यसो हुँदा सेवा प्रदायक सतर्क हुन्छ। एउटा निकाय नियमन र अर्को निकाय सेवा प्रवाहमा 'फोकस' हुन्छन्।

२) युरोपेली युनियन (इयू) ले कालोसूचीबाट हटाउन नियामक र सेवा प्रदायक निकाय छुट्याऊ भन्दै आएको छ। ११ वर्षदेखिको कालोसूचीबाट तत्काल निस्कन पनि यो सेप्रेसन जरुरी छ। इयूलाई हामी सेप्रेसनमा गयौँ, अब स्वार्थ बाझिँदैन, हवाई सुरक्षामा सम्झौता हुँदैन, अब कालोसूचीबाट हटाऊ भन्न पाइन्छ।

३) अलग-अलग निकायको अलगै जिम्मेवारी हुन्छ। कर्मचारीले पनि दत्तचित्त भएर काम गर्न सक्छन्। अब अनावश्यक सरुवा हुँदैन। अहिले कर्मचारी अदलबदल भइरहँदा अलमलमा परेको देखिन्छ। सिक्दासिक्दै कर्मचारीको कार्यकाल सकिने अवस्था छ।

४) सेप्रेसनपछि हवाई सुरक्षा बढ्छ। दुई निकाय आ-आफ्नो काममा फोकस हुन्छन्। दुर्घटनाका प्रतिवेदन प्रभावकारी रूपमा कार्यान्वयन हुन्छन्। नियामक निकायले सेवा प्रदायकलाई दबाब दिन्छ। त्यहाँ स्वार्थ बाझिँदैन। अहिले एउटै निकाय हुँदा स्वार्थ बाझिन सक्छ। हवाई सुरक्षा बढ्ने मात्र होइन, रेभेन्यु पनि बढ्ने देखिन्छ। हवाई पूर्वाधारको पूर्ण उपयोगमा ल्याउन योजना बन्छन्। कर्मचारीको क्षमता अभिवृद्धि हुन्छ। आफ्नो काम प्रभावकारी बनाउन दुवै निकाय लाग्छन्।

५) अहिले विमानस्थल निर्माण, सञ्चालन र व्यवस्थापनमा निजी क्षेत्रको परिकल्पना गरिएको छैन। नयाँ ऐन जारी भएपछि निजी क्षेत्रलाई विमानस्थल निर्माण, सञ्चालन र व्यवस्थापनको ढोका खुल्नेछ। अब 'एभिएसन'को केही काम निजी क्षेत्रलाई जिम्मा लगाउनुपर्छ। अरू देशले निजी क्षेत्रलाई विमानस्थल निर्माण र सञ्चालन गर्न दिइसकेका छन्। त्यहाँ राम्रो पनि भएको छ। निजी क्षेत्रले सेवा सत्कार अझ उत्कृष्ट बनाउँछ। भारतले सात-आठवटा विमानस्थल निजी क्षेत्रलाई सुम्पेको छ। सरकार आफैँले विमानस्थल सञ्चालन गर्न सक्ने नदेखिएकाले पोखरा र भैरहवा अहिल्यै निजी क्षेत्रलाई जिम्मा लगाउनुपर्ने अवस्था छ। निजी क्षेत्रलाई भित्र्याउँदा पनि राम्रो 'गुडविल' भएको, विश्वव्यापी मार्केटिङ गर्न सक्ने, अनुभवी र क्षमतावान् कम्पनीलाई ल्याउनुपर्छ।

(क्षेत्री नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का पूर्वमहानिर्देशक हुन्)

---

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **पूर्णचन्द्र भट्टराईलाई**

आफूले निर्णय गर्नुपर्ने विषयलाई मन्त्रिपरिषद्मा लानबाट रोक्ने कानुनी प्रयास कति प्रभावकारी होला ?

यस्तो प्रयास नराम्रो होइन। तर, निर्णय गर्ने अधिकारीले कुन वातावरणमा काम गर्न पाउँछ, त्यो सबैभन्दा महत्त्वपूर्ण हुन्छ। उदाहरणका लागि हामीकहाँ उपसचिवसम्मको सरुवा जानकारी मात्र गराएर सचिवले गर्न पाउने व्यवस्था छ। तर, यहाँ सचिवले त्यो अधिकार कति प्रयोग गर्न पाएका छन्, सबैले देखेसुनेकै विषय हो। त्यसैले, कानुन मात्र बनाएर पुग्दैन। त्यसअनुरूप उपयुक्त वातावरण पनि दिन सक्नुपर्छ। अधिकार दिइसकेपछि उसलाई विवेक प्रयोगको अवसर पनि दिनुपर्छ। यस विषयमा प्रधानमन्त्री कार्यालयको विशेष सजगता आवश्यक छ।

सात दिनभित्र निर्णय गरिसक्न कति सम्भव हुन्छ ?

ऐनमै त्यस्तो व्यवस्था आउनु राम्रो हो। यसबाट जुनसुकै काममा पनि बढ्ता समय लाग्ने परिपाटीमा नियन्त्रण हुनेमा आशावादी बन्न सकिन्छ। तर, यसका लागि पनि प्रधानमन्त्री कार्यालयबाट सुधारात्मक 'फलोअप'को व्यवस्था हुनुपर्छ र कहीँकतै काम गर्न अप्ठ्यारो छ भने त्यसलाई सहजीकरण गरिदिनुपर्छ।

सरकारी सेवालाई नागरिक एप वा अन्य माध्यमबाट 'डिजिटलाइज्ड' गर्न किन नसकिएको होला ?

विगतमा हामीकहाँ 'डेटा सेयरिङ'को प्रणाली अत्यन्त कमजोर थियो। एउटा कार्यालयको डेटा अर्को कार्यालयलाई नदिने गरिन्थ्यो। यस्तोमा एउटै एपलाई एकीकृत रूपमा प्रयोग गरिनु सकारात्मक छ। तर, यो एप आफैँमा कति प्रभावकारी छ, कति भरपर्दो र सुरक्षित छ भन्ने पक्षमा भने सचेत हुनु जरुरी छ। व्यक्तिगत डेटा सुरक्षामा ध्यान दिनुपर्छ। यसका साथै, साइबर सुरक्षामा पनि अत्यन्त सचेत हुन जरुरी छ। साथै, यो एप सेवाग्राहीका लागि सरल पनि हुनुपर्छ।

प्रेरक प्रसंग

सन्त र योद्धा

एक महान् योद्धा थिए। एक दिन उनी एक महान् सन्तसित भेटघाट गर्न उनको आश्रममा गए। सन्त प्रार्थनामा लीन थिए। एकैछिनको प्रतीक्षापछि सन्तसित उनको भेट भयो। उनले सन्तसित भने- महाराज, म आफूलाई निकै कमजोर, दीनहीन महसुस गरिरहेको छु। मैले कैयौँपटक मृत्युलाई अत्यन्त नजिकबाट देखेको छु। मैले जहिल्यै दुर्बलको संरक्षण गरेको छु। तर, आज तपाईंलाई ध्यानमग्न देख्दा मलाई आफू हुनु र नहुनुको कुनै अर्थ नभएजस्तो लागिरहेको छ। यस्तो किन भइरहेको छ ? सन्तले उनलाई एकछिन प्रतीक्षा गर्न लगाए र अन्य आगन्तुकसित भेटघाट गरी उनीहरूलाई बिदा गरे। यति गर्दा साँझ छिप्पिसकेको थियो।

सन्तले योद्धालाई बर्गैंचामा लगे। पूर्णिमाको रातमा पूर्णचन्द्र मुस्कुराइरहेको थियो। सन्तले प्रश्न गरे- चन्द्रमा निकै सुन्दर छ हगि ? योद्धाले जवाफ दिए- हो नि, यसमा कुनै शंकै छैन। सन्तले भने- चन्द्रमा रातको समयमा समस्त धर्तीलाई प्रकाशित गरी बिहान अस्ताउँछ र सूर्यको जाज्ज्वल्यमान प्रकाशसामु चन्द्रमाको कुनै जोर चल्दैन। यो हामी सबैले जानी आएकै कुरा हो। तर, मैले कहिल्यै चन्द्रमाले म सूर्यजति चम्किन किन सकिनँ भनेर कुनै गुनासो गरेको सुनेको छैन।

सन्तको भनाइ सुनेर योद्धाले भने- सूर्य र चन्द्रमाको आआफ्नै सौन्दर्य छ। दुवैको तुलना हुनै सक्दैन। सन्तले मुसुक्क मुस्कुराउँदै भने- तिम्रो प्रश्नको यही उत्तर हो। हामी दुवै अलग-अलग हौँ। हामी दुवै आआफ्नो कर्ममा निरन्तर अघि बढिरहेका छौँ। तिमीले कुनै हीनताबोध गर्नु जरुरी छैन। सबै आआफ्नो काम र ठाउँमा विशेष हुन्छन्। चिन्ता त्यागिदेऊ। योद्धाको मन शान्त भयो। उनी सन्तलाई प्रणाम गरेर घर फर्किए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

न्याय हो कि राजनीतिक प्रभाव ?

१५ वर्षीया बालिकालाई बन्धक बनाएर श्रमशोषण गरेको गम्भीर आरोप लागेकी एमाले सांसद रेखा शर्माविरुद्ध जिल्ला र उच्च सरकारी वकिलको कार्यालयले मुद्दा नचलाउने निर्णय गरेको सुनियो। यसले सांसद शर्मालाई राज्यका तर्फबाट पूर्ण उन्मुक्ति दिन खोजिएको संकेत गरेको छ। यस घटनाले नेपालमा शक्तिशाली व्यक्तिका लागि कानुनको फरक-फरक मापदण्ड लागू हुने प्रवृत्तिलाई उजागर गरेको छ। श्रमशोषण र मानव अधिकार हननको गम्भीर आरोप लागेका सांसदलाई उन्मुक्ति दिन सरकारी निकाय नै लागिपर्नुले आमनागरिकमा न्यायप्राप्तिको प्रक्रियामाथि नै गहिरो अविश्वास जन्माउन सक्छ। राज्य संयन्त्रले नै अन्यायको संरक्षण गर्ने हो भने कानुनी शासन कहाँ जाने ? शर्मामाथिको यो निर्णय उनीमाथिको न्याय हो कि राजनीतिक प्रभाव ?

● **सन्तोष सिम्खडा**, टोकियो, जापान
santoshsimkhada679@gmail.com

राणाशासनको झल्को आयो

राणाशासनमा आफूपछि सकभर छिटो आफ्ना छोरा, नातिलाई श्री ३ बनाउन त्यतिखेरका श्री ३ हरूले रोलक्रममा विभिन्न परिवर्तन गरिरहन्थे। उनीहरूले ए, बी, सी गरी विभिन्न 'क्लास' पनि विभाजन गरे। कालान्तरमा त्यही विभाजन राणाशासन पतनको मुख्य बीज बन्न पुग्यो। अहिलेका शासक पनि आफ्ना ज्वाइँहरूलाई 'प्रमोसन' दिन प्रहरी नियम तोडमरोड गरिरहेका छन्। यिनको पनि पतनको कारण यही चलखेल बन्ने निश्चित छ।

● **गौरव मुडभरी**
सिनामंगल, काठमाडौं

संसद्मा दादागिरी नदेखाऊ

संसद्मा सत्तापक्षले बहुमतको बलमा बलमिच्याइँ गरिरहेको छ र सबैको साझा अभिभावक बन्नुपर्ने सभामुखले त्यसमा साक्षी बसेर सघाइरहेका छन्। सरकारले संसदीय परम्परा र मर्यादा मिच्न खोज्दा सभामुखले सरकार सत्तापक्षको र सदन प्रतिपक्षको हुन्छ। त्यसैले, सरकारले संसद्मा प्रतिपक्षमाथि बलमिच्याइँ गर्न पाउँदैन भन्न सक्नुपर्ने हो। तर, वर्तमान सभामुखले आफूलाई पार्टी राजनीतिबाट माथि उठाउन नसक्दा सरकारले संसद्मा दादागिरी गर्ने छुट पाइरहेको छ।

● **सुमिना प्याकुरेल**
घट्टेकुलो, काठमाडौं

प्रहरीमा हस्तक्षेप बन्द गर

विगतदेखि वर्तमानसम्मका हरेक गृहमन्त्रीले प्रहरी प्रशासनमाथि हस्तक्षेप गर्न कुनै कसर छाडेका छैनन्। झन् अहिलेका गृहमन्त्रीले त हाकाहाकी नै प्रहरी प्रशासनलाई आफ्नो चंगुलमा परेका छन्। वर्तमान आइजिपी गृहमन्त्रीले जे भन्छन्, त्यही गर्न तयार भइदिएपछि गृहमन्त्रीलाई झनै सजिलो भएको छ। प्रहरी संगठनलाई बलियो बनाउन खटिनुपर्न आइजिपी गृहमन्त्रीलाई बलियो बनाउन लागेको देख्दा अचम्म लाग्छ। हरेक गृहमन्त्रीले भाषणमा भन्छन्- प्रहरी प्रशासनलाई चुस्तदुरुस्त राख्नुपर्छ, तर प्रहारचाहिँ सबैभन्दा पहिलो प्रहरी प्रशासनमाथि नै गर्छन्।

गृहमन्त्रीज्यू, प्रहरी संगठन केका लागि गठन भएको हो ? तपाईंहरूको रेखदेख गर्न र आदेश पालन गर्न हो कि जनताको जिउधनको रक्षा र शान्ति सुरक्षाका लागि हो ? प्रहरीलाई कमजोर पार्ने काम गृहमन्त्रीबाटै हुन्छ भने संगठन बलियो कसरी होला ? आफ्नालाई 'प्रमोसन' गर्न राम्रा, योग्य, इमानदार र कर्तव्यनिष्ठ प्रहरी अधिकृतलाई पाखा लगाउने प्रवृत्तिलाई कहिलेसम्म मलजल गरिरहने ? नेताको चाकडी गर्ने र नेताका आसेपासे र आफन्तले मात्र प्रमोसन पाउने र संगठनप्रति इमानदार भई लाग्नेजति सबै सधैँ पाखा लाग्ने हो भने संगठन कहिले मजबुत बन्ला ? गृहमन्त्री रमेश लेखकको इमानदारी प्रस्ट देखिएको छ। उनले अवकाश पाउन लागेका एआइजीलाई राजीनामा गराएर अर्का डिआइजीलाई एआइजी बनाउनेसम्मको खेल खेलेको देखियो। उता सशस्त्र प्रहरीमा पनि पार्टी सभापतिका आफन्तलाई एक नम्बरमा राखेर बढुवा दिलाउन उनी ज्यान फालेर लागेको देखिन्छ। के गृहमन्त्री भएको सभापतिलाई खुसी पार्न मात्र हो ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

के स्टिभ स्मिथ सर्वोत्कृष्ट क्रिकेटर बन्लान् ?

१० हजार रन बनाएका स्मिथ टेस्टमा सबैभन्दा उच्च ब्याटिङ औसत राख्ने र पोन्टिङको शतकको कीर्तिमान तोड्ने खेलाडी बन्न सक्छन्

देश/विदेश

● रोनी दास
● सिमोन च्याडविक
● वसिम अहमद

बोर्डर-गवास्कर ट्रफीका दौरान १० हजार टेस्ट रन पूरा गर्न थौरैले चुके पनि स्टिभ स्मिथले श्रीलंकाविरुद्ध सानदार शतक प्रहार गर्दै यो उपलब्धि हासिल गरेका छन्। र, श्रीलंकामाथि अस्ट्रेलियाको २-० को जितमा उनले करिअरको ३६ शतक पनि पूरा गरेका छन्। उनी टेस्ट म्याचमा १० हजार रन बनाउने १५औँ तथा चौथो अस्ट्रेलियन खेलाडी बनेका छन्। सचिन तेन्दुलकर १५ हजार नौ सय २१ रन बनाएर शीर्ष स्थानमा छन्, रिकी पोन्टिङ १३ हजार तीन सय ७८ रन बनाएर दोस्रो र ज्याक कालिस १३ हजार दुई सय ८९ रन बनाएर तेस्रो स्थानमा छन्। स्मिथले दुई सय पाँच इनिङ्समा यो उपलब्धि हासिल गरेका हुन् र यो पाँचौँ सबैभन्दा छिटो १० हजार रन हो। यसअघि तेन्दुलकर, ब्रायन लारा र कुमार सांगाकाराले एक सय ९५ इनिङ्समा १० हजार रन पार गरेका थिए।

आधुनिक क्रिकेट शारीरिक, मानसिक र भावनात्मक रूपमा चुनौतीपूर्ण छ, जहाँ खेल तालिकाको दबाबले खेलाडीलाई थप चापमा पार्छ। मनोवैज्ञानिक तनावले पनि प्रदर्शनमा असर पर्छ। आकर्षक टी-२० लिगले टेस्ट सिरिजबिच खेलाडीलाई पर्याप्त आरामको अवस्था छैन। टेस्ट, एकदिवसीय र टी-२० गरी तीनै प्रारूपका खेल खेलिरहेका स्मिथ आगामी जुनमा ३६ वर्षका हुनेछन्।

१० हजार रन क्लब टेस्ट क्रिकेटमा ब्याटिङ उत्कृष्टताको प्रतीक हो। यस क्लबका सदस्यले कुल एक लाख ८१ हजार नौ सय ४७ रन, पाँच सय ४१ शतक र आठ सय १८ अर्धशतक बनाएका छन्। लाराले सबैभन्दा उच्च व्यक्तिगत रन बनाएका छन् (उनले सन् २००४ मा एकै इनिङमा चार सय अविजित रन बनाएका थिए)। यसबाहेक उनले सबैभन्दा बढी ६०.५१ को स्ट्राइक रेट कायम राखेका छन्, जसलाई पोन्टिङको ५८.७२ को स्ट्राइक रेटले नजिकबाट पछ्याएको थियो र हाल खेलिरहेका जो रुटको ५७.४७ को स्ट्राइक रेट छ र आफ्नो पछिल्लो खेल जीवनमा सुधार गर्दै उनी स्ट्राइक रेटको अन्तर घटाइरहेका छन्। यसविपरीत एलान बोर्डर र सुनिल गवास्करको समय (१९७० को अन्त्यदेखि १९९० को सुरुवातसम्म) मा रन बनाउन गाह्रो थियो, तसर्थ यी दुई क्रिकेट दिग्गजको स्ट्राइक रेट क्रमशः ४१.०९ र ४३.३५ मात्र रह्यो। स्मरण रहोस्, स्ट्राइक रेट प्रत्येक सय बलमा ब्याटरले बनाउने रनको औसत हो, अर्थात्, जति धेरै स्ट्राइक रेट हुन्छ, त्यसैअनुसार रन पनि धेरै हुन्छ। यसका अतिरिक्त उच्च स्ट्राइक रेटले विपक्षी बलरलाई दबाब पनि दिन्छ।

करिअर सुरुवातको दोस्रो टेस्टमा स्मिथको स्ट्राइक रेट निकै उच्च अर्थात् ७५.७५ थियो। तर, त्यसयता घट्दै ५३.५८ मा आएको छ र उनी सन्तुलित ब्याट्सम्यान बनेका छन्। ब्याट्सम्यानको प्रभाव मापन गर्ने अर्को उपाय भनेको प्रतिइनिङ्समा हुने शतक दर पनि हो। १० हजार रन क्लबमा स्मिथको शतक प्रतिइनिङ्स दर सबैभन्दा उच्च अर्थात् १७.४८ छ। हालै उनले आफ्नो ३६औँ शतक प्रहार गर्दै समकालीन रुटको कीर्तिमान बराबर गरेका छन्, तर रुटले स्मिथको तुलनामा ७२ इनिङ्स बढी खेलेका छन्। कुल शतकको हिसाबले तेन्दुलकर शीर्ष स्थानमा छन्, उनले ५१ शतक प्रहार गरेका थिए (कालिसभन्दा ६ बढी)। तर, उनले यो उपलब्धि तीन सय २९ इनिङ्समा हासिल गरेका थिए, जुन १० हजार क्लबका अन्य खेलाडीभन्दा ३८ इनिङ्सले बढी हो।

तस्बिर : जोनो सियर्ले/इन्स्टाग्राम

१० हजार रन क्लबका एलान बोर्डर, स्टिभ बाँ, रिकी पन्टिङ र स्टिभ स्मिथ विभिन्न पुस्ताका यी चार अस्ट्रेलियाली खेलाडीले फरक शैली अपनाएर यो महत्त्वपूर्ण उपलब्धि हासिल गरेका हुन्। तथ्यांकअनुसार बोर्डर सबैभन्दा स्थिर खेलाडी थिए, अर्थात् उनको ब्याटिङ औसत खेल जीवनभर स्थिर रह्यो, जबकि स्टिभले कमजोर सुरुवातपछि आफ्नो प्रदर्शन सुधार गरेका थिए। स्मिथले आफ्नो ७५औँ खेलमा उच्च लय भेट्टाएका थिए भने पोन्टिङको उत्कर्ष एक सय १५औँ खेलवरिपरि रह्यो। त्यसपछि यी खेलाडीको रन बनाउने दर घट्न थाल्यो। ब्याटिङ स्थानको हिसाबले स्मिथले अधिकांश रन चौथो स्थानमा आएर बनाएको तथ्यांकले देखाउँछन्। बोर्डर चौथो र पाँचौँ स्थानमा प्रभावशाली थिए, पोन्टिङ तेस्रो स्थानमा हाबी थिए, भने बाँ पाँचौँ स्थानमा।

स्मिथको उमेर अहिले ३५ वर्ष छ। उनको हालको खेल लय र आधुनिक क्रिकेटका लागि आवश्यक शारीरिक तन्दुरुस्ती मागलाई विचार गर्दा हाम्रो निष्कर्षअनुसार स्मिथलाई पोन्टिङलाई पछ्याउन कम्तीमा तीनदेखि चार वर्ष लाग्नेछ र यो सम्भव देखिन्छ पनि। यद्यपि सन् २०१८ को 'स्यान्डपेपरगेट प्रकरण' (दक्षिण अफ्रिकाविरुद्धको खेलमा उनी बललाई खाक्सीले घोटेर खेल आफ्नो पक्षमा ल्याउने धाँधलीमा संलग्न भएका) कारण एक वर्षको प्रतिबन्धले उनले तेन्दुलकरको कीर्तिमान तोड्ने सम्भावना निकै कम छ। तर, स्मिथ १० हजार रन क्लबमा सबैभन्दा उच्च ब्याटिङ औसत राख्ने खेलाडी बन्न सक्छन्। हाल उनको औसत ५६.७४ छ जसलाई सांगाकाराको ५७.४ को औसतले मात्र उछिनेको छ। पछिल्ला पाँच टेस्ट खेलमा चार शतक प्रहार गरेका स्मिथको हालको लय हेर्दा कम्तीमा पनि ब्याटिङ औसतको सूचीमा शीर्ष स्थानमा रहेर मात्र उनले सन्न्यास लिनेछन्।

(दास डाटा साइन्सका सह-प्राध्यापक हुन्, च्याडविक एफ्रो युरोसियन खेलका प्राध्यापक हुन् र अहमद मार्केटिङका वरिष्ठ लेक्चरर हुन्)
द कन्भर्सेसनबाट

लक्ष्मी सन्राइज बैंक लिमिटेडको ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/१०/३०)

यस बैंक (साविक लक्ष्मी/सन्राइज बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले बैंकसँग गरेको सम्झौता बमोजिम उपभोग गरेको कर्जाको बक्यौता रकम तिरी बुझाई कर्जा नियमित गर्नको लागि तहाँ ऋणी तथा जमानतकर्तालाई पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु नगराउनु भएको तथा बक्यौता रकम चुक्ता फछ्र्यौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम (साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत) तिरी बुझाई कर्जा नियमित गर्न गराउनको लागि ऋणी लगायत सम्बन्धित सबै पक्षलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

उल्लेखित समयावधि भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तानी नगरे नगराएमा ऋणी लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्नुपर्ने पक्षहरुलाई बिना अन्य सूचना कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने तथा प्रचलित कानुन बमोजिम कर्जाको धितो सुरक्षणको रुपमा रहेको तपसिलमा उल्लेखित सम्पत्ती लगायत ऋणी लगायत सम्बन्धित पक्षको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत कर्जा असुल उपरको लागि आवश्यक कानुनी प्रक्रिया अवलम्बन गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपसिल

ऋणी तथा जमानतकर्ताको विवरण

शाखा कार्यालयः चनौली, चितवन

१. ऋणीको नाम : प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हीत संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय प्रदेश नं. ३, भरतपुर, चितवन, नेपालमा लघु.उ.द.न.: ६४९/०७५/७६, मिति २०७५/११/०६ मा दर्ता भएको आन्तरिक राजश्व कार्यालय भरतपुर पान नं. ६०९२५५६९६ भएको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २६ स्थित **भिमा गाई फर्म ।**

प्रोप्राइटरको विवरणः जगन महतोको छोरी, कन्नराम महतोको बुहारी, मोहन महतोको पत्नी, चितवन जिल्ला, दिव्यनगर गा.वि.स./न.पा. वडा नं.६ भई हाल भरतपुर म.न.पा, वडा नं. २६ बस्ने **भिम कुमारी महतो** (ना.प्र.नं. ३५३०३३/६७५, जि.प्र.का. चितवन, जारी मिति २०६३/१०/२४)

व्यक्तिगत तथा धितो जमानतकर्ता :* विक्रम महतोको छोरी, तुलराम महतोको बुहारी, कन्नराम महतोको पत्नी, चितवन जिल्ला शिशवार गा.पा/न.पा. वडा नं.९ भई हाल भरतपुर म.न.पा वडा नं. २६ बस्ने **झमक लिया थरुनी** (ना.प्र.नं. २२८०, जि.प्र.का. चितवन, जारी मिति २०४३/०९/०९)

व्यक्तिगत जमानतकर्ताः* तुलराम महतोको नाति, कन्नराम महतोको छोरा, चितवन जिल्ला, दिव्यनगर गा.वि.स./उ.म.न.पा. वडा नं. ६ भई हाल भरतपुर म.न.पा, वडा नं. २६ को **मोहन महतो** (ना.प्र.नं. ३५३०३३/३५९ जि.प्र.का. चितवन, जारी मिति २०६३/१०/२२)

धितो सुरक्षणको विवरण :

१. **धितो जमानतकर्ता झमक लिया थरुनी**को नाममा मालपोत कार्यालय चनौली, चितवनको लगतमा दर्ता श्रेस्ता कायम भएको चितवन जिल्ला सिस्वर वडा नं./नक्सा सिट नं. ९घ स्थित कित्ता नं. ४२३ को क्षेत्रफल ०-२-० (बिगाहा) को घरजग्गा/जग्गा (व.मि.) जग्गा, सो जग्गामा बनेको घर तथा उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात ।

२. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु ।

२. ऋणीको नाम : तुलराम महतोको नाति, कन्नराम महतोको छोरा, चितवन जिल्ला, दिव्यनगर गा.वि.स./न.पा. वडा नं.६ भई हाल भरतपुर म.न.पा, वडा नं. २६ को **मोहन महतो** (ना.प्र.नं. ३५३०३३/३५९ जि.प्र.का. चितवन, जारी मिति २०६३/१०/२२)

धितो तथा व्यक्तिगत जमानतकर्ताः* विक्रम महतोको छोरी, तुलराम महतोको बुहारी, कन्नराम महतोको पत्नी, चितवन जिल्ला शिशवार गा.पा/न.पा. वडा नं.९ भई हाल भरतपुर म.न.पा वडा नं. २६ बस्ने **झमक लिया थरुनी** (ना.प्र.नं. २२८०, जि.प्र.का. चितवन, जारी मिति २०४३/०९/०९)

व्यक्तिगत जमानतकर्ताहरुः*

क. जगन महतोको छोरी, कन्नराम महतोको बुहारी, मोहन महतोको पत्नी, चितवन जिल्ला, दिव्यनगर गा.वि.स./न.पा. वडा नं.६ भई हाल भरतपुर म.न.पा, वडा नं. २६ बस्ने **भिम कुमारी महतो** (ना.प्र.नं. ३५३०३३/६७५, जि.प्र.का. चितवन, जारी मिति २०६३/१०/२४)

ख. जोगि महतोको नाति, तुलसी महतोको छोरा, चितवन जिल्ला, दिव्यनगर गा.वि.स./न.पा. वडा नं.६ भई हाल भरतपुर म.न.पा, वडा नं. २६ बस्ने **कन्नराम महतो** (ना.प्र.नं. २५३३ जि.का. चितवन, जारी मिति २०४५/०१/०३)

धितो सुरक्षणको विवरण :

१. **धितो जमानतकर्ता झमक लिया थरुनी**को नाममा मालपोत कार्यालय चनौली, चितवनको लगतमा दर्ता श्रेस्ता कायम भएका चितवन जिल्ला सिस्वर वडा नं./नक्सा सिट नं ९घ स्थित कित्ता नं. ४२३ को क्षेत्रफल ०-२-० (विगाहा) को जग्गा, सो जग्गामा बनेको घर तथा उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात ।

२. यस बैंकको नाममा दर्ता कायम रही ऋणी **मोहन महतो** जनीएको मोडेल Escorts Power Trac Euro 47SM च्यासिस नं. G49W2JMP564801 इन्जिन नं. E- 3633597 भएको **सवारी दर्ता नं. बा प्रदेश ०३-००१ त ३९०** को सवारी साधन थान १ ।

३. ऋणीको नाम : प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, प्रदेश नं. ३, भरतपुर, चितवन, नेपालमा लघु.उ.द.न.:२२३/०७५/७६, मिति २०७५/०६/०४ मा दर्ता भएको आन्तरिक राजश्व कार्यालय भरतपुर पान नं. ६०८४७७६८८ भएको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २० चनौली स्थित **सफल रेष्टुरेन्ट ।**

प्रोप्राइटरको विवरणः दुखिया महतोको बुहारी, ईश्वर महतोको, पत्नी, चितवन जिल्ला, दिव्यनगर न.पा./ गा.वि.स. वडा नं. ०६ भई हाल भरतपुर म.न.पा. वडा नं.२०, बस्ने **तुलसी कुमारी महतो** (ना.प्र.न ३५३०३३/४६० जि.प्र.का. चितवन जारी मिति २०६३/१०/२३)

व्यक्तिगत जमानतकर्ता :* सोहतर महतोको नाति, दुखिया महतोको छोरा चितवन जिल्ला, दिव्यनगर न.पा./ गा.वि.स. वडा नं. ०६ भई हाल भरतपुर म.न.पा. वडा नं.२० **बस्ने ईश्वर महतो** (ना.प्र.न ११४८/०५८ जि.प्र.का. चितवन जारी मिति २०५८/०५/२४)

धितो सुरक्षणको विवरण :

१. यस बैंकको नाममा दर्ता कायम रही ऋणी श्री **सफल रेष्टुरेन्ट** जनिएको मोडेल TATA TIAGO XZ+ 2021 च्यासिस नं. MAT 626350MKH 55682 इन्जिन नं. REVTRN08HYXM22991 भएको **सवारी दर्ता नं. बा प्रदेश ०१०२६ च ३९८१** को सवारी साधन थान १ ।

२. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु ।

शाखा कार्यालयः महेन्द्रनगर, कञ्चनपुर

१. **ऋणी तथा धितो जमानतकर्ताको नाम :** महाविर रैकालको नाति तर्क बहादुर रैकालको छोरा कञ्चनपुर जिल्ला सुडा गा.वि.स. वडा नं. ०२ भई हाल बेदकोट न.पा. वडा नं.७ बस्ने **विनोद रैकाल** (ना.प्र.नं. ७५-०१-७०-०६० ९५ जि.प्र.का. कञ्चनपुर जारी मिति २०७०/०८/२६)

व्यक्तिगत जमानतकर्ता : * तर्क बहादुर रैकालको बुहारी, विनोद रैकालको पत्नी कञ्चनपुर जिल्ला बेदकोट न.पा. वडा नं. ०९ भई हाल बेदकोट न.पा. वडा नं.७ बस्ने **सुनिता रैकाल** (ना.प्र.नं. ७५-०१-७३-०८०३० जि.प्र.का. कञ्चनपुर जारी मिति २०७३/०९/१८)

धितो सुरक्षणको विवरण : ऋणी विनोद रैकालको नाममा मालपोत कार्यालय महेन्दनगरको लगतमा दर्ता श्रेष्ता कायम रहेको कंचनपुर जिल्ला सुडा गा.वि.स वडा नं.०२, नक्सा सिट नं. ०२०१४५९ स्थित कित्ता नं. २२६७ को क्षेत्रफल २२०.२६ व.मी. भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शाखा कार्यालयः नैकाप, काठमाडौं

१. ऋणी तथा धितो जमानतकर्ताको नाम : गणेश बहादुर भुजेलको नाती, डम्बर बहादुर भुजेलको छोरा, काभ्रे जिल्ला महेन्द्रज्योति गा.वि.स. वडा नं. ५ भई हाल काठमाडौं जिल्ला तारकेश्वर न.पा. वडा नं. ४ बस्ने **शिवजी भुजेल** (ना.प्र.नं. ३०५२५३९, जि.प्र.का. काभ्रेपलाञ्चोक, जारी मिति २०५१/०७/०८)

व्यक्तिगत जमानतकर्ताहरु : * डम्बर बहादुर भुजेलको बुहारी, शिवजी भुजेलको पत्नी, काभ्रेपलाञ्चोक जिल्ला, कातिके देउराली गा.वि.स. वडा नं. ८ बस्ने **विन्दामाई शिवभक्ती** (ना.प्र.नं. १५८९, जि.प्र.का. काभ्रे, जारी मिति २०५१/११/२४)

धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता शिवजी भुजेलको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगतमा दर्ता श्रेष्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला, महेन्द्रज्योति गा.वि.स वडा नं./नक्सा सिट नं. ५ स्थित कित्ता नं. ११०० को क्षेत्रफल १-११-२-२ (रोपनी) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. ऋणीको नाम : डम्बर बहादुर भुजेलको बुहारी, शिवजी भुजेलको पत्नी, काभ्रेपलाञ्चोक जिल्ला, कातिके देउराली गा.वि.स./न.पा. वडा नं. ८ बस्ने **विन्दामाई शिवभक्ती** (ना.प्र.नं. १५८९, जि.प्र.का. काभ्रे, जारी मिति २०५१/११/२४)

धितो तथा व्यक्तिगत जमानतकर्ता : * गणेश बहादुर भुजेलको नाती, डम्बर बहादुर भुजेलको छोरा, काभ्रे जिल्ला महेन्द्रज्योति गा.वि.स./न.पा. वडा नं. ५ भई हाल काठमाडौं जिल्ला तारकेश्वर न.पा. वडा नं. ४ बस्ने **शिवजी भुजेल** (ना.प्र.नं. ३०५२५३९, जि.प्र.का., काभ्रेपलाञ्चोक, जारी मिति २०५१/०७/०८) ।

धितो सुरक्षणको विवरणः ऋणी तथा धितो जमानतकर्ता शिवजी भुजेलको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगतमा दर्ता श्रेष्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला, महेन्द्रज्योति गा.वि.स वडा नं./नक्सा सिट नं. ५ स्थित कित्ता नं. ११०० को क्षेत्रफल १-११-२-२ (रोपनी) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ऋणी तथा जमानतकर्ताको विवरण

शाखा कार्यालयः मनरा, महोत्तरी

१. संयुक्त ऋणीको विवरण :

क) मौजे साहु सुडीको नाती, सुकदेव साहु सुडीको छोरा, धनुषा जिल्ला तारापट्टी सिर्सिया न.पा./गा.वि.स. वडा नं. ८ भई हाल महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं ६ बस्ने **रामचन्द्र साहु सुडी** (ना.प्र.नं. ९३९४२३७८ जि.प्र.का. महोत्तरी मिति २०४१/११/१४ ।

ख) सुकदेव साहु सुडीको नाती, रामचन्द्र साहु सुडीको छोरा, महोत्तरी जिल्ला किसान नगर न.पा./गा.वि.स. वडा नं. ३ भई हाल बर्दिवास न.पा. वडा नं ६ बस्ने **भोरील साह सुडी** (ना.प्र.नं. १८३०७३/७८९ जि.प्र.का. महोत्तरी मिति २०६३/१०/०७) ।

व्यक्तिगत जमानतकर्ताः * सुकदेव साहु सुडीकी बुहारी, बनवारी साहकी छोरी रामचन्द्र साहु सुडीकी पत्नी, धनुषा जिल्ला तारापट्टी न.पा. वडा नं ८ भई हाल महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं ६ बस्ने **सुनैना देवी साह** (ना.प्र.न.९३९४२३७९ जि.प्र.का., महोत्तरी मिति २०४४/११/०६)

धितो सुरक्षणको विवरण : संयुक्त ऋणीमध्येको जग्गाधनी रामचन्द्र साहु सुडीको नाममा मालपोत कार्यालय महोत्तरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला किसान नगर न.पा./गा.वि.स. वडा नं./नक्सा सिट नं. ३क स्थित कित्ता नं. ५३९ र ५४२ को क्षेत्रफल क्रमशः ०-०-९$^{१/२}$ र ०-०-७$^{१/२}$ (वि.क.धु.) भएको घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शाखा कार्यालयः वितामोड, झापा

१. ऋणीको नामः कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा दर्ता नं. २६५०३७/०७८/०७९ मिति २०७८/१४/०५ मा अन्तर्गत रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय भद्रपुर पान नं. ६१००२७१०१ झापा जिल्ला हल्दीबारी गा.पा. वडा नं. १ स्थित **मोहन कृषी तथा पशुपालन फर्म प्रा.लि.**

सञ्चालक, धितो तथा व्यक्तिगत जमानतकर्ताः पिपराज संग्रौलाको नाति मोहन कुमार संग्रौलाको छोरा झापा जिल्ला गोलधाप गा.वि.स. वडा नं. २ भई हाल वितामोड न.पा. वडा नं. १ बस्ने **हरी शंकर संग्रौला** (ना.प्र.नं. ७६१५३५५८ जि.प्र.का. झापा जारी मिति २०५९/०५/१३) ।

धितो तथा व्यक्तिगत जमानतकर्ताहरु :*

क. लोकनाथ संग्रौलाको नाती पिपराज संग्रौलाको छोरा झापा जिल्ला गोलधाप गा.वि.स. वडा नं. २ भई हाल हल्दिबारी गा.पा. वडा नं. १ बस्ने **मोहन कुमार संग्रोला** (ना.प्र.नं. ७६१५३१४० जि.प्र.का. झापा जारी मिति २०४५/०२/०५) ।

व्यक्तिगत जमानतकर्ताहरुः*

क.मोहन कुमार संग्रौलाको बुहारी हरी शंकर संग्रौलाको पत्नी झापा जिल्ला डांगीबारी गा.वि.स. वडा नं. ६ भई हाल वितामोड न.पा. वडा नं. १ बस्ने **रेनुका शिवाकोटी** (ना.प्र.नं. ०४३०१७/४०५ जि.प्र.का. झापा जारी मिति २०६३/१०/२८) ।

ख. पिपराज संग्रौलाको नाति मोहन कुमार संग्रौलाको छोरा झापा जिल्ला हल्दिबारी गा.पा. वडा नं. १ भई हाल हल्दिबारी गा.पा. वडा नं. १ बस्ने **लोकनाथ संग्रौला** (ना.प्र.नं. ७६१५३५८५ जि.प्र.का. झापा जारी मिति २०५६/०१/२०) ।

ग. मोहन कुमार संग्रौलाको बुहारी लोकनाथ संग्रौलाको पत्नी झापा जिल्ला गोलधाप गाविस वडा नं. २ भई हाल हल्दिबारी गा.पा. वडा नं. १ बस्ने **देवीका संग्रौला** (ना.प्र.नं. ०४३०२०/३६४ जि.प्र.का. झापा जारी मिति २०६३/१०/०७) ।

धितो सुरक्षणको विवरण :

१. धितो जमानतकर्ता हरी शंकर संग्रौलाको नाममा मालपोत कार्यालय भद्रपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला चारपाने गा.वि.स/न.पा वडा नं./नक्सा सिट नं. १ स्थित कित्ता नं. १०१४७ को क्षेत्रफल ११८.५२ व.मि. भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. धितो जमानतकर्ता मोहन कुमार संग्रोलाको नाममा मालपोत कार्यालय भद्रपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला राजगढ गा.वि.स/न.पा वडा नं./नक्सा सिट नं. ९ स्थित कित्ता नं. ५०५३ र ५०४६ को क्षेत्रफल क्रमशः ०-६-०-० र १-९-०-० र भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

३. यस बैंकको नाममा दर्ता कायम रही ऋणी **मोहन कृषी तथा पशुपालन फर्म प्रा.लि.** जनिएको मोडेल जोन डियर ५०४५ डि, च्यासिस नं. 1VY5045DVMA 024104, इन्जिन नं. PY3029D629788 भएको **सवारी दर्ता नं. प्रदेश १ ०१ ००१ त ९७५० नम्बरको ट्र्याक्टर** थान १ ।

४. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु ।

२. ऋणी तथा धितो जमानतकर्ताको नाम : पिपराज संग्रौलाको नाति मोहन कुमार संग्रौलाको छोरा झापा जिल्ला गोलधाप गा.वि.स. वडा नं. २ भई हाल वितामोड न.पा. वडा नं. १ बस्ने **हरी शंकर संग्रौला** (ना.प्र.नं. ७६१५३५५८ जि.प्र.का. झापा जारी मिति २०५९/०५/१३)

व्यक्तिगत जमानतकर्ताहरु :*

क) पिपराज संग्रौलाको नाति मोहन कुमार संग्रौलाको छोरा झापा जिल्ला गोलधाप गा.वि.स. वडा नं. २ भई हाल वितामोड न.पा. वडा नं. १ बस्ने **हरी शंकर संग्रौला** (ना.प्र.नं. ७६१५३५५८ जि.प्र.का. झापा जारी मिति २०५९/०५/१३)

ख) मोहन कुमार संग्रौलाको बुहारी हरी शंकर संग्रौलो पत्नी झापा जिल्ला डांगीबारी गा.वि.स. वडा नं. ६ भई हाल वितामोड न.पा. वडा नं. १ बस्ने **रेनुका शिवाकोटी** (ना.प्र.नं. ०४३०१७/४०५ जि.प्र.का. झापा जारी मिति २०६३/१०/२८) ।

धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता हरी शंकर संग्रौलाको नाममा मालपोत कार्यालय भद्रपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला चारपाने गा.वि.स/न.पा वडा नं./नक्सा सिट नं. १ स्थित कित्ता नं. १०१४७ को क्षेत्रफल ११८.५२ व. मि. भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शाखा कार्यालयः सानेपा, ललितपुर

१.ऋणीको नाम : भगत चौधरीको नाती, किसुनी चौधरी कलवारको छोरा, रौतहट जिल्ला माधोपुर गा.वि.स. वडा नं. ४ भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. २५ बस्ने **हरेन्द्र चौधरी** (ना.प्र.नं. १२३१ जि.प्र.का. रौतहट जारी मिति २०६०/०६/२७)

व्यक्तिगत जमानतकर्ता :* केदार नाथ प्रसादको नातिनी, शशि किसोर प्रसाद कलवारको छोरी, बारा जिल्ला भ.जीतपुर गा.वि.स. वडा नं. ०३ भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. २५ बस्ने **प्रियंका गुप्ता** (ना.प्र.नं.३३२०७९/३५८८८ जि.प्र.का. बारा जारी मिति २०६९/०५/२८)

धितो सुरक्षणको विवरण : ऋणी तथा धितो जमानतकर्ता हरेन्द्र चौधरीको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला बुङ्गमति गा.वि.स/न.पा वडा नं./नक्सा सिट नं. ८ स्थित कित्ता नं. ४०६ र ४०७ को क्षेत्रफल क्रमश १४३.०६ र १४३.०६ व.मी. जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. ऋणीको नाम : कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार उद्योग मन्त्रालय, कार्यालय कम्पनी रजिष्ट्रारमा दर्ता नं. १२५१२३/०७१/०७२ मिति २०७१/०४/१९ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय ललितपुर पान नं. ६०२४०२३३० भएको ललितपुर जिल्ला इमाडोल उपमन.पा./न.पा. वडा नं.६, स्थित **मास स्ट्रक्चर इन्जिनियरिङ्ग प्रा.लि.**

सञ्चालक तथा धितो जमानतकर्ताः भगत चौधरीको नाती, किसुनी चौधरी कलवारको छोरा रौतहट जिल्ला माधोपुर गा.वि.स. वडा नं. ४ भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं.२५ बस्ने **हरेन्द्र चौधरी** (ना.प्र.नं. १२३१ जि.प्र.का. रौतहट जारी मिति २०६०/०६/२७)

व्यक्तिगत जमानतकर्ता :* केदार नाथ प्रसादको नातिनी, शशि किसोर प्रसाद कलवारको छोरी, बारा जिल्ला भ.जीतपुर गा.वि.स. वडा नं. ०३ भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. २५ बस्ने **प्रियंका गुप्ता** (ना.प्र.नं.३३२०७९/३५८८८ जि.प्र.का. बारा जारी मिति २०६९/०५/२८)

धितो सुरक्षणको विवरण :

१. **धितो जमानतकर्ता हरेन्द्र चौधरी**को नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला छम्पी गा.वि.स/न.पा वडा नं./नक्सा सिट नं. ६ स्थित कित्ता नं. ४६८ को क्षेत्रफल ०-९-०-० (रोपनी) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु ।

ऋणी तथा जमानतकर्ताको विवरण

शाखा कार्यालयः चन्द्रनिगाहपुर, रौतहट

१. ऋणीको नाम : पनिलाल राय यादवको नाति, राम बालक राय यादवको छोरा, रौतहट जिल्ला पिप्रापोखरिया न.पा./गा.वि.स वडा नं.०८ भई हाल कटहरिया न.पा. वडा नं. ९ बस्ने **विकी यादव** (ना.प्र.नं.३२१०६७-३१५८ जि.प्र.का. रौतहट जारी मिति २०६६/११/२७)

व्यक्तिगत जमानतकर्ताहरु :*

क) सर्फलाल राय यादवको नाती, पनिलाल राय यादवको छोरा, रौतहट जिल्ला हथियाही न.पा./गा.वि.स वडा नं.०८ भई हाल कटहरिया न.पा. वडा नं.९ बस्ने **राम बालक राय यादव** (ना.प्र.नं.८३६ जि.प्र.का. रौतहट जारी मिति २०४४/११/१७)

ख) पनिलाल राय यादवको बुहारी, राम बालक राय यादवको पत्नी, रौतहट जिल्ला पिप्रापोखरिया न.पा./गा.वि.स वडा नं.०८ भई हाल कटहरिया न.पा. वडा नं. ९ बस्ने **गीता देवी** (ना.प्र.नं.५१२ जि.प्र.का. रौतहट, गौर जारी मिति २०५७/२/२६)

ग) पनिलाल राय यादवको नाति, राम बालक राय यादवको छोरा, रौतहट जिल्ला पिप्रापोखरिया न.पा./ गा.वि.स वडा नं.०८ भई हाल कटहरिया न.पा. वडा नं. ९ बस्ने **राज कुमार यादव** (ना.प्र.नं. ३२-०१-७२-०५३४४ जि.प्र.का. रौतहट जारी मिति २०७२/११/१५)

घ) पनिलाल राय यादवको नाति, राम बालक राय यादवको छोरा, रौतहट जिल्ला पिप्रापोखरिया न.पा./गा.वि.स वडा नं.०८ भई हाल कटहरिया न.पा. वडा नं. ९ बस्ने **सुनिल यादव** (ना.प्र.नं.३२१०६७-६९४५ जि.प्र.का. रौतहट जारी मिति २०६६/०१/०६)

ङ) राम बालक राय यादवको बद्रहारी, विकी यादवको पत्नी, रौतहट जिल्ला कटहरिया न.पा./गा.वि.स वडा नं. ९ बस्ने **सतिया कुमारी यादव** (ना.प्र.नं.३२-०१-७६-१००५७ जि.प्र.का. रौतहट जारी मिति २०७६/१०/१४)

धितो सुरक्षणको विवरण : जग्गाधनी बिकी यादवको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला चन्द्रनिगाहपुर गा.वि.स/न.पा वडा नं./नक्सा सिट नं. ०२ स्थित कित्ता नं. ८५७ को क्षेत्रफल ०-१-० (वि.क.धु) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शाखा कार्यालयः लालबन्दी, सर्लाही

१. संयुक्त ऋणीको विवरण :

क) शिव नन्दन दनुवारको नाती, वद्री नारायण सिंहको छोरा, सर्लाही जिल्ला भक्तिपुर गा.वि.स. वडा नं. ४ भई हाल ईश्वरपुर न.पा. वडा नं -२ बस्ने **अशोक कुमार सिंह** (ना.प्र.न. १९/१८२४१९४८ जि.प्र.का. सर्लाही, जारी मिति २०५०/०६/१२)

ख) सोमन नाथ दनुवारको नाती, शिव नन्दन दनुवारको छोरा, सर्लाही जिल्ला भक्तिपुर गा.वि.स. वडा नं. ४ भई हाल ईश्वरपुर न.पा. वडा नं -२ बस्ने **वद्री सिंह दनुवार** (ना.प्र.नं.०६४६१४८४ जि.प्र.का. सर्लाही जारी मिति २०५०/०६/०७)

व्यक्तिगत जमानतकर्ताहरु :*

क) शिव नन्दन दनुवारको नाती, वद्री सिंह दनुवारको छोरा सर्लाही जिल्ला भक्तिपुर गा.वि.स. वडा नं. ४ भई हाल ईश्वरपुर न.पा. वडा नं २ बस्ने **अरुण कुमार सिंह दनुवार** (ना.प्र.न. १८२४१८४३/९३ जि.प्र.का. सर्लाही, जारी मिति २०५०/०१/०७)

ख) शिव नन्दन दनुवारको बुहारी, वद्री सिंह दनुवारको पत्नी सर्लाही जिल्ला भक्तिपुर गा.वि.स. वडा नं. ४ भई हाल ईश्वरपुर न.पा. वडा नं. २ बस्ने **आकाशवती दनुवार्नी** (ना.प्र.न. ०६४६१४८५ जि.प्र.का. सर्लाही, जारी मिति २०३६/११/२७)

धितो सुरक्षणको विवरण : संयुक्त ऋणीमध्येको जग्गाधनी वद्री सिंह दनुवारको नाममा मालपोत कार्यालय सर्लाहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला बल्वा सोकनाहा गा.वि.स. वडा नं./नक्सा सिट नं. ६ग स्थित कित्ता नं. १०० र १०१ को क्षेत्रफल क्रमशः ०-८-५-० र ०-१५-११-० (वि.क.धु.) भएको घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. संयुक्त ऋणीको विवरण :

क) बासुदेव साह कानुको नाती, रमेश प्रसाद कानुको छोरा, सिरहा जिल्ला बरथवा गा.पा./गा.वि.स. वडा नं. ८ भई हाल सर्लाही जिल्ला बरहथवा न.पा. वडा नं. ७ बस्ने **राकेश कुमार साह कानु** (ना.प्र.नं. ०८९००२९१ जि.प्र.का. सर्लाही मिति २०५७/०४/१६)

ख) बासुदेव साह कानुकी बुहारी, जदु सा कानुकी छोरी रमेश प्रसाद कानुकी पत्नी, पर्सा जिल्ला वीरगन्ज गा.वि.स. वडा नं. ८ भई हाल सर्लाही जिल्ला बरहथवा न.पा. वडा नं ७ बस्ने **फुल कुमारी कनुइन** (ना.प्र.न. १६०३०५८४४ जि.प्र.का. पर्सा, मिति २०३३/०८/०१)

व्यक्तिगत जमानतकर्ताहरु :*

क) रामजी साहको नाती, बासुदेव साह कानुकी छोरा सर्लाही जिल्ला बरहथवा गा.वि.स. वडा नं. ८ भई हाल बरहथवा न.पा. वडा नं ७ बस्ने **रमेश प्रसाद कानु** (ना.प्र.न. ०८९१०४९३ जि.प्र.का. सर्लाही, मिति २०४६/०३/४)

ख) रमेश प्रसाद कानुको बुहारी, नारायण बहादुर थापाकी छोरी रितेश कुमार साहको पत्नी काठमाण्डौं जिल्ला मनमैजु गा.वि.स. वडा नं. २ भई हाल सर्लाही जिल्ला बरहथवा न.पा. वडा नं ७ बस्ने **रीना थापा** (ना.प्र.न. २७१०३१/१२३२० जि.प्र.का. काठमाण्डौं, मिति २०६४/०८/१८)

धितो सुरक्षणको विवरण :

१. **संयूक्त ऋणीमध्येको फुल कुमारी कनुइन** नाममा मालपोत कार्यालय सर्लाहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला गगांपुरसीतापुर गा.वि.स. वडा नं./नक्सा सिट नं. ८ख स्थित कित्ता नं. २१२६ को क्षेत्रफल ०-०-९-३ (वि.क.धु.क.) भएको घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शाखा कार्यालयः निजगढ, बारा

१. ऋणीको नाम : इन्द्र बहादुर कार्कीको नाति बिष्णु बहादुर कार्कीको छोरा बारा जिल्ला निजगढ गा.पा वडा नं. ८ भई हाल निजगढ न.पा वडा नं. ९ बस्ने **नवराज कार्की** (ना.प्र.नं. ३३३०११/३१६० जि.प्र.का. बारा जारी मिति २०६३/१०/१६)

धितो जमानतकर्ता : * सनमान कार्कीको नाती इन्द्र बहादुर कार्कीको छोरा दोलखा जिल्ला मेलुङ गा.पा वडा नं. २ भई हाल बारा जिल्ला निजगढ न.पा वडा नं. ९ बस्ने **बिष्णु बहादुर कार्की** (ना.प्र.नं. ८०५-१५९ जि.प्र.का. दोलखा जारी मिति २०४६/९/०५)

व्यक्तिगत जमानतकर्ताहरु :*

क बिष्णु बहादुर कार्कीको बुहारी नवराज कार्कीको पत्नी बारा जिल्ला निजगढ न.पा वडा नं. ९ बस्ने **प्रमिला तिमल्सिना** (ना.प्र.नं. ३३-०२-७६-०१८१४ जि.प्र.का. बारा जारी मिति २०७६/०४/१२)

घ. इन्द्र बहादुर कार्कीको बुहारी बिष्णु बहादुर कार्कीको पत्नी दोलखा जिल्ला मेलुङ गा.पा वडा नं. २ भई हाल बारा जि

'गल्फ अफ मेक्सिको'को नाम अब 'गल्फ अफ अमेरिका'

वासिंटन डिसी/ गुगलले सोमबार राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकारी आदेशको कार्यान्वयन गरेको छ। योसँगै संयुक्तराज्य अमेरिकाभित्र गुगल म्यापमा अब 'गल्फ अफ मेक्सिको'को नाम 'गल्फ अफ अमेरिका' देखाउँछ। संयुक्त राज्य अमेरिकाबाहिरका प्रयोगकर्ताले भने अन्य विवादित स्थानको नामजस्तै 'गल्फ अफ मेक्सिको'को पुरानो र नयाँ दुवै नाम देख्न सक्ने गुगलले एक ब्लग पोस्टमा लेखेको छ। 'गुगल म्याप अमेरिकाबाट खोल्दा मानिसले 'गल्फ अफ अमेरिका' देख्नेछन् र मेक्सिकोमा मानिसले 'गल्फ अफ मेक्सिको' देखिनेछ भने अरू सबैले दुवै नाम देख्नेछन्,' गुगलले लेखेको छ। मेक्सिकोले ट्रम्पको यो कदमप्रति विरोध जनाएको छ।

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७०/७८/८८, फ्याक्स: +९७७-१-५१११७८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी फर्म: स्किल डेभलपमेन्ट कम्प्युटर**, प्रोप्राईटर तथा जमानीकर्ता: चित्र बहादुर चोखाल क्षेत्री दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्रा.फ.र.नं. ११०/७१९४/०७३, मिति २०७३/०५/२७, ठेगाना: जिल्ला नवलपरासी, सुनवल न.पा. वडा नं. १
	२) ऋणी: चित्र बहादुर चोखाल क्षेत्री स्थायी ठेगाना: नवलपरासी जिल्ला, सुनवल गा.वि.स. वडा नं. १, हालको ठेगाना: नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. १ बाबु: जंग बहादुर चोखाल क्षेत्री, बाजे : चन्द्र बहादुर चोखाल क्षेत्री
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **३) ऋणी: प्रिति थापा** ठेगाना: नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. २, बाबु: जितमान थापा, बाजे: कुल बहादुर थापा
	जमानीकर्ता: १) धनीमाया थापा, स्थायी ठेगाना: नवलपरासी जिल्ला, माकर गा.वि.स/न.पा. वडा नं. २, हालको ठेगाना: नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. २, बाबु: कर्ण बहादुर सोमै, ससुरा: कुल बहादुर थापा, पति: जितमान थापा **२) चित्र बहादुर चोखाल क्षेत्री**, स्थायी ठेगाना: नवलपरासी जिल्ला, सुनवल गा.वि.स. वडा नं. १, हालको ठेगाना: नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. १, बाबु: जंग बहादुर चोखाल क्षेत्री, बाजे: चन्द्र बहादुर चोखाल क्षेत्री
२)	**१) शिव बराल** ठेगाना: नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १३, बाबु: पुष्प राज बराल, बाजे: रघुपति वराल
	२) कर्जाको किसिम: व्यक्तिगत कर्जा **ऋणी: रवि बराल** स्थायी ठेगाना: नवलपरासी जिल्ला, प्रगतीनगर गा.वि.स. वडा नं. १, हालको ठेगाना: नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १३, बाबु: पुष्प राज बराल, बाजे: रघुपति वराल
	जमानीकर्ताहरु: १) पुष्प राज बराल, स्थायी ठेगाना: नवलपरासी जिल्ला, प्रगतीनगर गा.वि.स. वडा नं. १,हालको ठेगाना: नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १३, बाबु : रघुपति वराल, बाजे: डिल्ली राम बराल, **२) सन्तोष वराल**, स्थायी ठेगाना: नवलपरासी जिल्ला, प्रगतीनगर गा.वि.स. वडा नं. १, हालको ठेगाना: नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १३, बाबु: पुष्प राज बराल, बाजे: रघुपति वराल, **३) विष्णु माया बराल**, स्थायी ठेगाना: नवलपरासी जिल्ला, अमरापुरी गा.वि.स. वडा नं. ७, हालको ठेगाना: नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १३, ससुरा: रघुपति वराल, पति: पुष्प राज बराल, **४) कविता सुवेदी**, स्थायी ठेगाना: नवलपरासी जिल्ला, रजहर गा.वि.स. वडा नं. ६, हालको ठेगाना: नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १३, बाबु: तेज प्रसाद सुवेदी, ससुरा: पुष्प राज बराल, पति: रवि बराल, **५) दुर्गा देवि कडेल**, स्थायी ठेगाना: नवलपरासी जिल्ला, रजहर गा.वि.स. वडा नं. ८, हालको ठेगाना: नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १३, बाबु: अगन्धर कडेल, ससुरा: पुष्प राज बराल, पति: सन्तोष वराल
३)	**१) ऋणी फर्म: रिमाल फर्निचर उद्योग**, प्रोप्राईटर तथा जमानीकर्ता: दिपेन्द्र रिमाल दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यलय, तनहुँमा प्रा.फ.नं.घ.तथा: सा.उ.वि.स ४०५७/०७१/०७२, दर्ता मिति: २०७१/०४/१९, ठेगाना: जिल्ला नवलपरासी, शुक्लागण्डकी न.पा. वडा नं. २
	२) ऋणी: दिपेन्द्र रिमाल स्थायी ठेगाना: तनहुँ जिल्ला, दुलेगौडा गा.वि.स. वडा नं. ६, हालको ठेगाना: तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ३, बाबु: सोम लाल रिमाल, बाजे: ठिका राम रिमाल
	३) ऋणी:सुस्मा तिवारी स्थायी ठेगाना: कास्की जिल्ला, लेखनाथ न.पा. वडा नं. ९, हालको ठेगाना: तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ३, बाबु: जगन्नाथ तिवारी, पति: दिपेन्द्र रिमाल, ससुरा: सोम लाल रिमाल
४)	**ऋणी फर्म: चदारो फर्निचर उद्योग**, प्रोप्राइटर तथा जमानीकर्ता: प्रेम चदारो दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, तनहुँमा प्रा.फ.र.नं. ७१७३/०७५/०७६, दर्ता मिति २०७५/०८/१३, ठेगाना: जिल्ला तनहुँ, म्याग्दे गा.पा. वडा नं. ३
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **२) ऋणी: प्रेम चदारो** स्थायी ठेगाना: तनहुँ जिल्ला, जामुने गा.वि.स. वडा नं. ७, हालको ठेगाना: तनहुँ जिल्ला, म्याग्दे गा.पा. वडा नं. ७, बाबु: ऋषिराम चदारो, बाजे: विस्णे चदारो
	जमानीकर्ताहरु: १) ऋषिराम चदारो, स्थायी ठेगाना: तनहुँ जिल्ला, जामुने गा.वि.स. वडा नं. ७, हालको ठेगाना: तनहुँ जिल्ला, म्याग्दे गा.पा. वडा नं. ७, बाबु: विस्णे चदारो, बाजे: सुके चदारो, **२) लक्ष्मी चदारो**, स्थायी ठेगाना: तनहुँ जिल्ला, जामुने गा.वि.स. वडा नं. ७, हालको ठेगाना: तनहुँ जिल्ला, म्याग्दे गा.पा. वडा नं. ७, बाबु: वद्री नाथ वि.क., ससुरा: ऋषिराम चदारो, पति: प्रेम चदारो
५)	**१) ऋणी फर्म: कञ्चन वेद कर्नर एण्ड हाम्रो सस्तो पसल**, प्रोप्राइटर तथा जमानीकर्ता: सोम वहादुर दमाई दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गण्डकी प्रदेश, दमौली, तनहुँमा प्रा.फ.र.नं. ४८२५/०७४/०७५, दर्ता मिति २०७५/०१/१०, ठेगाना: जिल्ला तनहुँ, शुक्लागण्डकी न.पा. वडा नं. ५
	२) सोम बहादुर दमाई स्थायी ठेगाना: तनहुँ जिल्ला, दुलेगौंडा गा.वि.स. वडा नं. ८, हालको ठेगाना: तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ५, बाबु: आइते दमाई, बाजे: मछिन्द्रे दमाई
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **३) कमला परियार** स्थायी ठेगाना: तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ४, हालको ठेगाना: तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ५, बाबु: चिन बहादुर सुचिकार, ससुरा: आइते दमाई, पति: सोम वहादुर दमाई
	जमानीकर्ताहरु: १) सोम बहादुर दमाई, स्थायी ठेगाना: तनहुँ जिल्ला, दुलेगौंडा गा.वि.स. वडा नं. ८, हालको ठेगाना: तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ५, बाबु: आइते दमाई,बाजे: मछिन्द्रे दमाई, **२) कञ्चन परियार**, ठेगाना: तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ५, बाबु: सोम वहादुर दमाई, बाजे: आइते दमाई
६)	**१) ऋणी फर्म: भाई स्टोर्स**, प्रोप्राईटर तथा जमानीकर्ता: रिता कुमारी खाँण दर्ता नं.: घरेलु तथा साना उद्योग कर्यालय, नवलपरासीमा प्रा.फ.र.नं. १८९/३९५१/०६९, दर्ता मिति २०६९/०५/०८, ठेगाना: जिल्ला नवलपरासी, रजहर गा.वि.स. वडा नं.७
	२) ऋणी: रिता कुमारी खाँण स्थायी ठेगाना : बारा जिल्ला, सिहोर्वा गा.वि.स वडा नं. ५, हाल ठेगाना: नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १६, बाबु : चुलक बहादुर खाँण, ससुरा : ठेक बहादुर मल्ल, पती : रामचन्द्र ठाकुरी
७)	**१) ऋणी फर्म: इन्द्रा के सी इन्टरप्राइजेज**, प्रोप्रईटर तथा जमानीकर्ता: इन्द्रा के.सी दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, गण्डकी प्रदेश दमौली, तनहुँमा प्रा.फ.र.नं. ७६७०/०७७/०७८ स्थानीय व्यापार, दर्ता मिति २०७७/०६/२३, ठेगाना: जिल्ला तनहुँ, शुक्लागण्डकी न.पा वडा नं. ९
	२) ऋणी: इन्द्रा के.सी स्थायी ठेगाना: तनहुँ जिल्ला, ढोरफिर्दी गा.वि.स. वडा नं. ७, हालको ठेगाना: तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा वडा नं. ९ बाबु: रुद्र वहादुर थापा क्षेत्री, ससुरा : राम बहादुर के.सी, पति: डण्ड बहादुर के.सी
	३) ऋणी फर्म: श्री गाँउले दुध डेरी उद्योग, प्रोप्रईटर तथा जमानीकर्ता: डण्ड बहादुर के.सी दर्ता नं. : घरेलु तथा साना उद्योग विकास समिति, मूख्य शाखा कार्यालय, तनहुँमा, प्रा.फ.नं.घ.तथा सा.उ.वि.स. ४७२८/०७२/७३, दर्ता मिति २०७२/०६/१४, ठेगाना: जिल्ला तनहुँ, शुक्लागण्डकी न.पा वडा नं. ३
८)	**१) ऋणी फर्म: आचार्य पोल्ट्री फार्म**, प्रोप्राईटर तथा जमानीकर्ता: कुमार आचार्य दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारामा प्रा.फ.नं.घ.उ.वि. ६३६०/२८७/०७४/७५, दर्ता मिति २०७४/०९/०९, ठेगाना: जिल्ला बारा, निजगढ न.पा. वडा नं. ६
	२) ऋणी फर्म: आचार्य ट्रेक्टर स्पेयर्स, प्रोप्राईटर तथा जमानीकर्ता: कुमार आचार्य दर्ता नं.: वाणिज्य विभागमा प्रा.फ.र.नं.: ९६७८/०७७/०७८ स्थानिय व्यापार, दर्ता मिति २०७७/०६/२९, ठेगाना: जिल्ला बारा, निजगढ न.पा. वडा नं. ७
	३) ऋणी: निर्मला आचार्य स्थायी ठेगाना : बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ६, हालको ठेगाना: बारा जिल्ला, निजगढ न.पा. वडा नं. ७ बाबु: भिम बहादुर पाण्डे, पति: कृष्ण प्रसाद आचार्य, ससुरा: टंकनाथ आचार्य तथा **कुमार आचार्य** स्थायी ठेगाना: बारा जिल्ला, निजगढ गा.वि.स वडा नं. ५, हालको ठेगाना: बारा जिल्ला, निजगढ न.पा. वडा नं. ७, बाबु: कृष्ण प्रसाद आचार्य, बाजे: टंकनाथ आचार्य
	४) ऋणी: कुमार आचार्य स्थायी ठेगाना: बारा जिल्ला, निजगढ गा.वि.स वडा नं. ५, हालको ठेगाना: बारा जिल्ला, निजगढ न.पा. वडा नं. ७, बाबु: कृष्ण प्रसाद आचार्य, बाजे: टंकनाथ आचार्य
९)	**ऋणी: शत्रुघन महासेठ** स्थायी ठेगाना: सिरहा जिल्ला, रामनगर भिर्चैया गा.वि.स. वडा नं. ५, हालको ठेगाना : सिरहा जिल्ला, भिर्चैया न.पा. वडा नं. ६ बाबु: महेश लाल महासेठ, बाजे : विन्दे महासेठ
१०)	**ऋणी: संजय कुमार साह** स्थायी ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ४, हालको ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. २, बाबु: गणेश साह, बाजे : शिवजी साह
११)	**१) ऋणी फर्म: साना जेनरल स्टोर**, प्रोप्राईटर तथा जमानीकर्ता: अम्जद अंसारी दर्ता नं.: वाणिज्य कार्यालय वीरगंज, पर्सामा प्रा.फ.र.नं. ३६७९८/०७४/७५, स्थानीय व्यापार, दर्ता मिति २०७५/०३/१३, ठेगाना: जिल्ला पर्सा, वीरगंज उ.म.न.पा. वडा नं. १२, मूर्ली
	कर्जाको किसिम: बिना धितो कर्जा **२) ऋणी: अम्जद अंसारी** ठेगाना: पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५, बाबु: वाहीद हुसेन अंसारी, बाजे: अब्दुल रहमान अंसारी
	जमानीकर्ता: वाहीद हुसेन अंसारी, ठेगाना: पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १२, बाबु: अब्दुल रहमान अंसारी बाजे: मगनी मिया
१२)	**ऋणी: दीप नारायण चौधरी** स्थायी ठेगाना: चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. ५, हालको ठेगाना: चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ७, बाबु: विका महतो थारु, बाजे: मेघाई महतो

नोट: ऋणी तथा प्रोप्राइटरबाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

अमेरिकाले सय आप्रवासी भारत फर्काउँदा दश लाख डलर खर्च

सैनिक विमान प्रयोगको ठुलो प्रचार हुने भए पनि यो निकै महँगो हुने देखिएको छ

ट्रम्प प्रशासनले कागजात नभएका अवैध आप्रवासीको निर्वासन गर्ने आफ्नो दृढ संकल्पलाई जोड दिन सैन्य विमान प्रयोग गर्न थालेको छ। तर, सैनिक विमान मिडियामा प्रसारका लागि राम्रो विकल्प भए पनि यसको प्रयोग निकै महँगो हुने देखिएको छ। एएफपी विश्लेषणका अनुसार हालै करिब सय आप्रवासीलाई भारत निर्वासन गर्न १० लाख डलर खर्च भयो। अर्थात्, आप्रवासी फिर्तीका लागि सैनिक विमानको खर्च नागरिक उडानको भन्दा तीन गुणा बढी हुने तथ्यांकले देखाउँछ।

डोनाल्ड ट्रम्पले चुनावी अभियानका क्रममा 'अमेरिकाको इतिहासकै' सबैभन्दा ठुलो निर्वासन अभियान चलाउने वाचा गरेका थिए। राष्ट्रपति जितेपछि उनले वाचाप्रति प्रतिबद्ध रहेको देखाउने प्रयास गरिरहेका छन्। उसो त अमेरिकाबाट निष्कासन हुन सक्ने सम्भावित अवैध आप्रवासीको ठुलो हिस्सा ल्याटिन अमेरिकाका छन्। तथापि केही भने विश्वका सुदूर कुनाका समेत छन्।

अमेरिकी सरकारको एक विज्ञप्तिअनुसार गत बुधबार (फेब्रुअरी ५मा) अमेरिकी वायुसेनाको एक कार्गो विमान भारतको अमृतसरमा अवतरण भयो। विमानमा अवैध रूपमा अमेरिका प्रवेश गरेका १०४ जना भारतीय नागरिक भएको अमेरिकी सरकारको विज्ञप्तिले बताएको थियो।

एएफपीका फोटोग्राफरले खिचेका तस्बिरले त्यस दिन प्रयोग भएको विमान 'सी-१७ ए ग्लोबमास्टर तृतीय' भएको पाइएको छ। यो अमेरिकी सेना, तिनका सवारी साधन तथा रसदपानी ढुवानी गर्न सक्षम ठुलो प्रकृतिको सैन्य विमान हो। अमेरिकी वायुसेनाले ग्लोबमास्टरलाई सन् १९९५ मा सैन्य वाहनका रूपमा सूचीकृत गरेसँगै विश्वभरका धेरै सैन्य क्षेत्रमा प्रयोग गरिसकेको छ। यसबाट गरिने सैन्य उडान अवैध आप्रवासीको निष्कासनको 'अध्यागमन र भन्सार प्रवर्तन (आइसिई)'ले आम प्रयोग गर्ने विधि चार्टर उडानभन्दा धेरै महँगो पर्ने देखिएको छ।

> कुल खर्च १०४ आप्रवासीमा भाग लगाउँदा प्रत्येकको भागमा १० हजार डलरजति पर्छ। व्यावसायिक एयरलाइन्समा सन फ्रान्सिस्कोबाट नयाँदिल्लीको एकतर्फी टिकट लगभग ५०० डलर वा बिजनेस क्लासमा चार हजार डलरमा किन्न सकिन्छ।

सन् २०२१ मा आइसिईले जारी गरेको जानकारीअनुसार चार्टर उडानको लागत प्रतिघण्टा आठ हजार ५७७ डलर पर्छ, तथापि उच्च जोखिमयुक्त आप्रवासीलाई ढुवानी गर्दाको उडान खर्च भने केही बढी पर्छ।

यता यातायात प्रयोजनका लागि सी-१७ को प्रयोगमा प्रतिघण्टा २८ हजार ५६२ शुल्क लगाइने अमेरिकी वायु सेनाको मोबिलिटी कमान्डले प्रकाशित गरेको दस्ताबेजले बताउँछ।

सैन्य उडानले व्यावसायिक विमानले भन्दा फरक मार्ग प्रयोग गर्छन्। अन्य सार्वभौम देशको हवाई क्षेत्रमा सञ्चालन गर्दाको संवेदनशीलताका कारण यस्तो कदम उठाइन्छ। त्यस्तै तिनले इन्धन भर्दा सामान्यतया व्यावसायिक हबहरूको सट्टा सैन्य हवाई अड्डा प्रयोग गर्नुपर्छ। विमान उडानलाई ट्र्याकिङ गर्ने साइट फ्लाइटराडार २४ बाट प्राप्त तथ्यांकअनुसार भारतीय आप्रवासीलाई लिएर उडेको विमान फेब्रुअरी ५ मा क्यालिफोर्निया राज्यको सान डिएगोस्थित 'मरिन कोर्प्स एयर स्टेसन मिरामार'बाट दिउँसो साढे एकमा उडेको थियो।

त्यहाँबाट विमान पश्चिमतर्फ उड्यो। फिलिपिन्स नजिकैबाट यसले प्रशान्त महासागर पार गऱ्यो। त्यसपछि विमान इन्डोनेसिया र मलेसियाबिचको आकाशबाट अघि बढ्यो। दक्षिणमा हिन्द महासागरमा लामो घुमाउरो बाटो लिएर डिएगो गार्सियाको सानो टापुमा अवस्थित अमेरिकी हवाई अड्डातर्फ लाग्यो। त्यहाँबाट विमान हजारौँ किलोमिटर उत्तरमा अवस्थिति भारततर्फ उड्यो। भारतको स्थानीय समयअनुसार बुधबार (फेब्रुअरी ७ मा) दिउँसो उत्तरपश्चिमी भारतीय राज्य पन्जाबको विमानस्थलमा विमान अवतरण गऱ्यो। क्यालिफोर्नियाबाट उडान भरेको ४३ घण्टाभन्दापछि विमान पन्जाब ओर्लिएको थियो।

विमानले अमेरिकी हवाई अड्डामा फर्कने दूरीको समेत हिसाब गर्दा यस हवाई यात्राको मोटामोटी अनुमानअनुसार पनि उडान लागत १० लाख डलरभन्दा बढी हुन आउँछ। यो रकम विमानमा रहेका प्रत्येक आप्रवासीमा भाग लगाउँदा १० हजार डलरभन्दा बढी हुन आउँछ। जबकि, व्यावसायिक एयरलाइन्समा सान् फ्रान्सिस्कोबाट नयाँदिल्लीको एकतर्फी टिकट लगभग ५०० डलर वा बिजनेस क्लासमा चार हजार डलरमा किन्न सकिन्छ।

-एएफपीबाट

Shivashree Hydropower Ltd
Anamnagar, Kathmandu Nepal,Phone: 01-4796346
Email: shivashreehydropowerltd@gmail.com,
web: www.shivashreehydro.com.np

Unaudited Financial Result

(For the Period of 2nd Quarter as on Poush 29, 2081, Fiscal Year 2081/82)

Particulars	Current Quarter Ending Poush 29, 2081	Previous Quarter Ending Ashwin 30, 2081	Crroesponding Previous Year Quarter Ending Poush 29, 2080
ASSETS AND PROPERTIES			
Non-Current Assets			
Gross Property, Plant & Equipment	5,318,707,908	5,318,707,908	5,185,029,011
Less: Accumulated Depreciation	(756,142,708)	(704,558,052)	(547,034,121)
Net Property, Plant & Equipment	4,562,565,200	4,614,149,856	4,637,994,891
Total Non Current Assets	4,562,565,200	4,614,149,856	4,637,994,891
Investment	130,000	130,000	
Current Assets			
Cash & Cash Equivalents	36,282,219	6,366,205	21,578,655
Trade Receivables & Advances	372,698,079	395,460,283	378,046,429
Margin and Deposit	2,436,842	2,606,842	2,481,547
Total Current Assets	411,417,141	404,433,330	402,106,631
Total Assets	4,974,112,341	5,018,713,186	5,040,101,522
EQUITY & LIABILITIES			
Equity			
Share Capital	1,476,400,000	1,476,400,000	1,476,400,000
Total Share Capital	1,476,400,000	1,476,400,000	1,476,400,000
Reserve & Surplus	(1,300,151,754)	(1,250,945,200)	(969,154,534)
Total Equity	176,248,246	225,454,800	507,245,466
Non-Current Liabilities			
Term Loan	3,772,299,699	3,811,571,806	3,864,585,506
Current Liabilities			
Current Liabilities & Payables	624,682,012	582,049,245	537,744,007
Short Term Loan	400,882,385	399,637,335	130,526,542
Total Current Liabilities	1,025,564,396	981,686,580	668,270,549
Total Equity & Liabilities	4,974,112,341	5,018,713,186	5,040,101,522

Profit & Loss Account 2nd Quarter as on Poush 29, 2081, F/Y 2081/82

Particulars	Current Quarter Ending Poush 29, 2081	Previous Quarter Ending Ashwin 30, 2081	Crroesponding Previous Year Quarter Ending Poush 29, 2080
Income From Power Sales	278,275,974	154,814,387	247,691,126
Other Income	-	-	-
Total Income	278,275,974	154,814,387	247,691,126
Less:			
Royality Expenses	5,687,879	3,218,647	4,953,823
Administrative & Other Expenses	21,936,564	13,075,517	25,028,431
Operating Profit/(Loss)	250,651,531	138,520,223	217,708,873
Less:			
Financial Cost	209,070,283	99,317,076	206,767,774
Depreciation	103,126,673	51,542,018	100,303,479
Profit/(Loss) Before Tax	(61,545,425)	(12,338,871)	(89,362,380)
Current Tax	-	-	-
Deferred Tax	-	-	-
Net Profit/(Loss) Transferred to Reserve & Surplus	(61,545,425)	(12,338,871)	(89,362,380)

Note: The figures are regrouped and rearranged where necessary. The Unaudited Financial figure are subject to change from external auditors and Regulatory Authority.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४
(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

आ.व. ०८१/०८२ को दोश्रो त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण:**
क. व्यवस्थापनबाट तयार पारिएको र लेखापरिक्षण नभएको आ.व. २०८१/०८२ को दोश्रो त्रैमासिकको वासलात तथा नाफा नोक्सान हिसाब किताब यसै साथ प्रकाशित गरिएको छ।
ख. उक्त वासलातको आधारमा कम्पनीको प्रमूख वित्तीय अनुपात निम्नानुसार छ।

विवरण	यस त्रैमासिक अवधि	गत त्रैमासिक अवधि	गत वर्षको यसै त्रैमासिक अवधि
प्रति शेयर आम्दानी (Annualized)	(८.३४)	(३.३४)	(१२.११)
प्रतिशेयर नेटवर्थ	११.९४	१५.२७	३४.३६
प्रतिशेयर कुल सम्पत्ती मूल्य	३३६.९१	३३९.९३	३४१.३८
मूल्य आम्दानी अनुपात	(२७.४०)	(६८.७१)	(१४.४६)
तरलता अनुपात	०.४०	०.४१	०.६०

२. **व्यवस्थापकीय विश्लेषण:** उक्त दोस्रो त्रैमासिक अवधिमा संस्थाको मौज्जात र तरलतामा उल्लेखनिय परिवर्तन छैन। कम्पनीको व्यवसायिक योजना अनुरुप नै कार्यहरु भई रहेका छन्। यस कम्पनीबाट सिन्धुपाल्चोक जिल्ला भोटेकोशी गाउँपालिकामा निर्माण गरेको माथिल्लो चाकु ए जलविद्युत आयोजना (२२.२ मे.वा) ले मिति २०७८/०२/०१ देखि COD गरि विद्युत उत्पादन गरि रहेको छ।
३. **कानुनी कारवाही सम्बन्धी विवरण:** यस त्रैमासिकमा संस्थाले कसै विरुद्ध तथा कसैले संस्था विरुद्ध साथै संस्थापक र संचालक विरुद्ध कुनै मुद्दा मामिला परे/गरेको छैन।
४. **संस्थाको शेयर कारोवार सम्बन्धी विवरण:** धितोपत्र बजारमा संस्थाको शेयर कारोवार नियमानुसार सामान्य प्रकृतिबाट नै भएको छ। यस त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकतम, न्यूनतम अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या स्टक एक्सचेन्ज लि. को वेवसाइट अनुसार:

शेयरको अधिकतम मूल्य (रु)	शेयरको न्यूनतम मूल्य (रु)	शेयरको अन्तिम मूल्य (रु)	कारोवार भएको कुल दिन	कुल कारोवार संख्या
२६८.००	२१२.१०	२२८.४०	५५	६,९७०,१७८

५. **समस्या र चुनौती:** यस कम्पनीमा आइपर्ने समस्या र चुनौतीहरुको समस्याहरु बारे सञ्चालक समितिले समय समयमा समिक्षा गरि रणनिती बनाई सोको निराकरणको उपायहरु अवलम्बन गर्ने गरेको छ।
६. **संस्थागत सुशासन:** संचालक समिति तथा व्यवस्थापन पक्ष संस्थागत सुशासन सुदृड गर्न प्रतिवद्ध छ साथै संस्थागत सुशासनको लागि संस्थाले कर्मचारी वृद्धि विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरुको समुचित व्यवस्थापन गरि उचित वातावरण तयार गर्ने गरेको छ।
७. **सत्य तथ्य सम्बन्धी कार्यकारी प्रमूखको उद्घोषण** : आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचनाहरु तथा जानकारीहरु लुकाएको छैन।
८. यस कम्पनीको शेयर मिति २०७७/०७/१३ गते बाट सूचिकृत भई कारोवार भईरहेको छ।

इतिहासमा आज

फेब्रुअरी १२

चीनका अन्तिम सम्राट् पुयी

सन् १९१२ : चीनमा गणतन्त्र स्थापना भएसँगै अन्तिम चिनियाँ (छिङ वंशका) सम्राट् पुयी (जो त्यति वेला ६ वर्षका मात्र थिए) अपदस्थ भए।

सन् १५५४ : इंग्ल्यान्डमा नौ दिन रानी बनेकी लेडी जेन ग्रेलाई नाताले दिदी पर्ने मेरी प्रथमको आदेशमा १७ वर्षको उमेरमा मृत्युदण्ड दिइयो।

सन् १८१८ : चिल्लीका विद्रोहीले 'चाकाबुको युद्ध'को पहिलो वार्षिकोत्सवमा स्पेनबाट स्वतन्त्र भएको घोषणा गरे। तथापि, अप्रिल ५ मा गएर मात्र माईपु युद्धमा उसले वास्तविक स्वतन्त्रता पाएको थियो।

सन् १८२५ : दबाबका बिच अमेरिकाको क्रिक आदिवासीले जर्जिया राज्यको च्याताहुची नदीको पूर्वका तिनका सबै जमिन सरकारलाई हस्तान्तरण गरेर पश्चिमतर्फ बसाइँ सर्ने सहमतिमा हस्ताक्षर गरे।

सन् १९९८ : अमेरिकी कम्पन

अर्थ पत्रिका

नयाँ पत्रिका
बुधबार ३० माघ ०८१

नेपाल-भारत ऊर्जासचिवस्तरीय बैठक

१० हजार मेगावाट बिजुली निर्यात गर्ने प्रसारणलाइन बनाउने सहमति

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नयाँदिल्लीमा मंगलबार सम्पन्न नेपाल-भारतका ऊर्जा सचिवस्तरीय बैठकमा आगामी १० वर्षमा १० हजार मेगावाट विद्युत् व्यापारका लागि ठुला क्षमताको अन्तरदेशीय प्रसारणलाइन निर्माण गर्ने सहमति भएको छ।

दुवै देशका ऊर्जासविचस्तरीय संयुक्त निर्देशक समिति (जेएसी)को १२औँ बैठकले संयुक्त लगानीमा चार सय केभी क्षमताका इनरवा-पुर्णिया र दोधरा-बरेली अन्तरदेशीय प्रसारणलाइनको निर्माण अघि बढाउने सहमति भएको छ।

दुवै प्रसारणलाइन निर्माण गर्न लगानीको मोडालिटीसमेत निर्धारण भएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ। दुवै प्रसारणलाइन निर्माणका लागि नेपालको तर्फबाट विद्युत् प्राधिकरण र भारतको तर्फबाट पावर ग्रिडको लगानी रहने गरी कम्पनीसमेत स्थापाना हुनेछ। सो कम्पनीमा नेपालतर्फ बन्ने प्रसारणलाइनमा प्राधिकरणको ५१ प्रतिशत र पावर ग्रिडको ४९ प्रतिशत सेयर स्वामित्व रहनेछ। त्यस्तै, भारततर्फको प्रसारणलाइन निर्माण गर्दा पावर ग्रिडको ५१ प्रतिशत र विद्युत् प्राधिकरणको ४९ प्रतिशत लगानी रहने सहमति भएको छ।

'संयुक्त लगानीको कम्पनी स्थापनासम्बन्धी कार्य एक महिनाभित्र सम्पन्न गर्ने सहमतिसमेत भएको छ,' ऊर्जा मन्त्रालयको विज्ञप्तिमा भनिएको छ। मंगलबारको बैठकलाई नेपालको तर्फबाट ऊर्जासचिव सुरेश आचार्यले अध्यक्षता र भारतीय समकक्षी पंकज अग्रवालले सहअध्यक्षता गरेका थिए।

बैठकमा इनरुवा-न्यु पुर्णिया प्रसारणलाइन सन् २०२८-२९ र दोधरा-बरेली प्रसारणलाइन २०२९-३० मा निर्माण गरी सञ्चालनमा ल्याउने सहमति पनि भएको छ। त्यसैगरी, दुई सय २० केभीको चमेलिया-जौलजीवी अन्तरदेशीय प्रसारणलाइन पनि आआफ्नो देशको खण्डमा आफ्नै लगानीमा निर्माण अघि बढाउने सहमति भएको हो। हाल यस आयोजनाको विस्तृत सँभाव्यता अध्ययन (डिपिआर) अन्तिम चरणमा पुगेको छ। आगामी दुई वर्षभित्र प्रसारणलाइन निर्माण गरी सञ्चालनमा ल्याइसक्ने दुवै देशको तयारी छ।

सन् २०३५ सम्म साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गरेर १५ हजार मेगावाट विद्युत् निर्यात गर्ने नेपालको लक्ष्य छ। त्यसमध्ये १० हजार मेगावाट विद्युत् भारतमा बिक्री गर्ने योजना छ। भारतीय प्रसारणलाइन हुँदै थप विद्युत् बंगलादेश पनि निर्यात गर्ने लक्ष्य छ। सोही विद्युत् निर्यात गर्न पुग्ने गरी प्रसारणलाइन बनाउने सहमति भएको हो।

थप तीनवटा प्रसारणलाइन पनि निर्माण गरिने

बैठकले नेपाल-भारत अन्तरदेशीय तीनवटा उच्च क्षमतामा प्रसारणलाइनको निर्माण अघि बढाउने सहमति गरेको छ। ऊर्जा मन्त्रालयद्वारा जारी विज्ञप्तिअनुसार निजगढ-हरनैया, कोहलपुर-लखनउ र ढल्केबर-मुजफ्फरपुर प्रसारणलाइन निर्माणमा सहमति जुटेको हो। आगामी १० वर्षमा १० हजार मेगावाट बिजुली व्यापार गर्ने लक्ष्यलाई सहयोग पुग्ने गरी यी तीनवटै प्रसारणलाइनको डिपिआर तयार गरिनेछ।

हाल नेपाल र भारतबिच उच्च क्षमताको चार सय केभीको ढल्केबर-मुजफ्फरपुर प्रसारणलाइन सञ्चालन मात्र सञ्चालनमा छ। यो प्रसारणलाइनबाट आठ सय मेगावाट बिजुली आपूर्ति भइरहेकोमा सुदृढीकरण गरी एक हजार मेगाावट आपूर्ति गर्न सक्षम बनाइनेछ।

यसबाहेक चार सय केभी क्षमताकै न्यु बुटवल-गोरखपुर प्रसारणलाइन पनि निर्माणाधीन अवस्थामा छ। त्यसको भारत खण्डको निर्माण संयुक्त (५०-५० प्रतिशत) लगानीमा भइरहेको छ। नेपाल खण्डको निर्माण भने एमसिसी अनुदानअन्तर्गत निर्माण हुँदै छ।

GREEN HOME LOAN
FOR SUSTAINABLE LIVING!
ATTRACTIVE FIXED INTEREST RATES STARTING FROM 7.99% p.a.
*T & C apply
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

निर्यातमा भारतले सहजीकरण गर्ने

बैठकमा विद्युत् बिक्रीका लागि प्राधिकरणले भारतबाट लिनुपर्ने स्वीकृतको प्रक्रियालाई सरल र सहज बनाउने सहमति पनि भएको छ। अहिले भारतले यस्तो स्वीकृत दिने कार्यमा ढिलाइ गर्दै आएको छ। आगामी दिनमा भने छिटो-छरितो प्रक्रिया अपनाएर स्वीकृत दिने सहमति भएको स्रोतको भनाइ छ। यस्तै, अहिले निर्माणाधीन एक सय ३२ केभीको नेपालगन्ज-नानपारा अन्तरदेशीय प्रसारणलाइन ९-१० महिनाभित्र सञ्चालनमा ल्याउने सहमति भएको स्रोतले बताएको छ।

प्रचण्ड र मोदीले गरेका थिए समझदारी

१८ जेठ ०८० मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबिच हैदराबाद हाउसमा नेपालबाट १० वर्षमा १० हजार मेगावाट बिजुलीले भारतीय बजारमा प्रवेश पाउने सहमति भएको थियो। नेपालबाट भारतीय विद्युत् प्रसारणलाइन प्रयोग गरेर बंगलादेशसम्म ऊर्जा व्यापारका लागि सहयोगको वचनसमेत दिएको थियो। उक्त समझदारीलाई मंगलबार सम्पन्न ऊर्जासचिवको संयुक्त बैठकले पूर्णता दिएको हो।

६ महिनामा करदातालाई दिइयो ४१ अर्ब १५ करोड कर छुट

आर्थिक र सामाजिक कल्याणका लागि दिइने कर छुट सुविधा कम गर्दै लैजान कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय समितिले दिएको थियो सुझाव

कुन शीर्षकमा कति राजस्व छुट ?

- भन्सारतर्फ भ्याटमा १८ अर्ब ९२ करोड
- कूटनीतिक सुविधाअन्तर्गत ६५ करोड ८४ लाख
- सार्वजनिक र सामुदायिक निकायलाई ९२ करोड ८२ लाख
- विकास निर्माणसम्बन्धी परियोजनालाई एक अर्ब ९४ करोड
- साफ्टा सुविधाअन्तर्गतको आयातमा दुई अर्ब ७२ करोड
- नौ हजार ३१ करदातालाई आयकरमा ३९ करोड
- विविध शीर्षकमा १५ अर्ब ४२ करोड ९६ लाख

पवन तिमिल्सिना/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८१/८२ को पहिलो ६ महिनामा करदाताले तिर्नुपर्ने राजस्वमा ४१ अर्ब १५ करोड ५७ लाख रुपैयाँको छुट दिइएको छ। त्यसमा भन्सार प्रशासनबाट मात्रै ४० अर्ब ७६ करोड ७३ लाख छुट भएको छ।

भन्सार प्रशासनले चार खर्ब २१ अर्ब मूल्यबराबरको वस्तु आयात गर्दा सोबराबरको राजस्व छुट दिएको हो। अर्थ मन्त्रालयले हालै सार्वजनिक गरेको चालू आर्थिक वर्ष ०८१/८२ को बजेटको अर्धवार्षिक मूल्यांकन प्रतिवेदनले यस्तो देखाएको हो। प्रतिवेदनअनुसार भन्सार प्रशासनतर्फ आयातीत वस्तुमा लाग्ने मूल्य अभिवृद्धि करमा १८ अर्ब ९२ करोडको छुट दिइएको छ। एक खर्ब ३८ अर्ब ३७ करोड ३७ लाख रुपैयाँबराबरको वस्तु आयातमा सोबराबरको कर छुट दिइएको हो।

त्यस्तै, कूटनीतिक सुविधाअन्तर्गतको आयातीत वस्तुमा ६५ करोड ८४ लाखको छुट भएको छ। यो सुविधाअन्तर्गत दुई अर्ब ३५ करोड ५० लाखको वस्तु आयात भएको थियो।

सार्वजनिक, सामुदायिक एवं सरकारी निकायले वस्तु आयातमा पाउने छुटबापत ९२ करोड ८२ लाख राजस्व छुट गरिएको छ। यसमा तीन अर्ब १५ करोड रुपैयाँबराबरको वस्तु आयात भएको देखिन्छ।

यसैगरी, विकास निर्माणसम्बन्धी परियोजनालाई एक अर्ब ९४ करोड ९६ लाख रुपैयाँबराबरको राजस्व छुट दिइएको छ। उनीहरूले १५ अर्ब रुपैयाँबराबरको वस्तु आयात गर्दा सोबराबरको कर छुट पाएका हुन्। सरकारले विकास निर्माण परियोजनालाई तोकिएको वस्तु आयातमा राजस्व छुट दिने गरेको छ।

यस्तै, साफ्टा सुविधाअन्तर्गतका ४० अर्ब २० करोडको वस्तु आयातमा दुई अर्ब ७२ करोड १० लाख छुट भएको छ। विविध शीर्षकमा भने १५ अर्ब ४२ करोड ९६ लाख रुपैयाँ राजस्व छुट भएको छ। यसअन्तर्गत दुई खर्ब २१ अर्ब २६ करोड रुपैयाँको वस्तु आयात भएको छ।

त्यस्तै, आन्तरिक राजस्वतर्फ ३९ करोड दुई लाख रुपैयाँबराबरको छुट भएको अर्थ मन्त्रालयले जानकारी दिएको छ। यसमा नौ हजार ३१ करदाता लाभान्वित भएका छन्।

गत आर्थिक वर्ष ०८०/८१ को पहिलो ६ महिनामा सरकारले राजस्वमा ३५ अर्ब ६६ करोड २८ लाखको राजस्व छुट दिएको थियो। अर्थ मन्त्रालयले हालसम्म गत आर्थिक वर्षभरिमा दिइएको राजस्व छुटको तथ्यांक भने सार्वजनिक गरेको छैन।

डा. विद्याधर मल्लिकको संयोजकत्वको कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिको प्रतिवेदनअनुसार आर्थिक वर्ष ०७९/८० मा सरकारले ९९ अर्ब ४१ करोड १४ लाख रुपैयाँको राजस्व छुट दिएको थियो। जसमा भन्सार महसुलबापत ३५ अर्ब ९२ करोड रुपैयाँ, भ्याटतर्फ ३८ अर्ब १४ करोड ४५ लाख, साफ्टाअन्तर्गतको महसुल छुटमा नौ अर्ब २१ करोडको छुट दिइएको छ। मुनाफारहित सार्वजनिक एवं सरकारी निकाय, संघ, प्रदेश र स्थानीय सरकारका निकाय र सरकारी स्वामित्वमा संघ-संगठनलाई आयातमा पाँच अर्ब ४३ करोड ४९ लाख, वैदेशिक सहायतामा सञ्चालित परियोजनालाई वस्तु आयातमा चार अर्ब ४२ करोड ८३ लाख, भारतबाट हुने आयातमा दिइएको छुट सुविधाअन्तर्गतको तीन अर्ब ६६ करोड ५९ लाख र कूटनीतिक सुविधाअन्तर्गतको दुई अर्ब ११ करोड ३४ लाख यसमा समावेश छ।

प्रतिवेदनअनुसार मूल्य अभिवृद्धि करको नीतिगत र कर सहभागिता अन्तरको अवधारणा मूल्य अभिवृद्धि करको सामान्य सिद्धान्तअनुसार आर्थिक र सामाजिक कल्याणका लागि अत्यावश्यक वस्तु तथा सेवामा मात्र कर छुट दिने अन्तर्राष्ट्रिय प्रचलन छ।

सरकारले कर खर्च प्रणालीको अवधारणालाई अगाडि बढाउन नसक्नु, अर्थतन्त्रको विस्तार र उत्पादकत्व बढ्ने मनोगत आधारमा सालबसाली आर्थिक ऐनबाट मूल्य अभिवृद्धि कर छुट हुने वस्तु तथा सेवाको सूचीमा निरन्तर वृद्धि हुँदै गएको प्रतिवेदनले उल्लेख गरेको छ।

कर आधारको विस्तार गर्न, कर प्रणालीलाई स्वच्छ, पारदर्शी र न्यायपूर्ण बनाउन यस्ता कर छुटका सूची समावेश गरिएका वस्तु तथा सेवाको पुनरावलोकन गर्न जरुरी देखिएको समितिको सुझाव छ। प्रतिवेदनमा भनिएको छ, 'सरकारले करको आधारलाई फराकिलो बनाई अर्थतन्त्रका सेवा र कार्यमा मूल्य अभिवृद्धि करको तटस्थता कायम गर्न पनि कर छुटका सबै प्रबन्ध क्रमशः हटाउँदै जानुपर्ने हुन्छ।'

संक्षेप

रुग्ण उद्योग पुनः सञ्चालनको प्रस्ताव ल्याउन आग्रह

काठमाडौं/ प्रधानमन्त्री केपी ओलीले रुग्ण उद्योगहरू साझेदारीको ढाँचामा पुनः सञ्चालनका लागि ठोस प्रस्ताव ल्याउन निजी क्षेत्रलाई आग्रह गरेका छन्।

प्रधानमन्त्री कार्यालयमा उद्योग-वाणिज्य प्रवर्द्धन संवाद परिषद्को बैठकमा प्रधानमन्त्री ओलीले सरकार र निजी क्षेत्रको साझेदारीको ढाँचामा जान सरकार तयार रहेकाले पुनः सञ्चालनका लागि ठोस प्रस्ताव भएमा यथाशीघ्र ल्याउन आग्रह गरेका हुन्। सम्बन्धित क्षेत्रको सहजीकरण र आवश्यकताका लागि कानुन निर्माण र संशोधन गरिने बताउँदै प्रधानमन्त्री ओलीले आर्थिक समृद्धिका लागि सरकार निजी क्षेत्रलाई आवश्यक पर्ने सहयोगका लागि तयार रहेको बताएका थिए।

हाइड्रोपावर कम्पनीबाट क्षतिपूर्ति लिन आन्दोलन

खोटाङ/ केपिलासगढी गाउँपालिकामा सञ्चालित हाइड्रोपावर कम्पनीहरूले जग्गाधनीलाई क्षतिपूर्ति नदिएको भन्दै संघर्ष समितिले आन्दोलनको घोषणा गरेको छ। निजी तथा सार्वजनिक सम्पत्ति संरक्षण संघर्ष समिति केपिलासगढी गाउँपालिका खोटाङले दिक्तेलमा पत्रकार सम्मेलन गरेर गाउँपालिकाभित्र सञ्चालित तीनवटा हाइड्रोपावर कम्पनीले तत्काल जग्गाधनीलाई क्षतिपूर्ति नदिएको खण्डमा चरणबद्ध आन्दोलन गर्ने घोषणा गरेको हो।

भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि. बागमती प्रदेश कार्यालय,काठमाडौंको २१ दिने सूचना

सूचना प्रकाशित मितिः २०८१/१०/३०

यस बैंकको विभिन्न शाखाहरूबाट तपसीलबमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिँदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने ब्यहोरा समेत जानकारी गराउँदछौं। साथै तपसीलबमोजिमका व्यक्ति/फर्म/ कम्पनीहरूलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने व्यक्तिहरूलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय सामाखुशी

क्र.सं.	कर्जा ग्राहकको नाम (फर्म र प्रोप्राइटरको नाम/कम्पनि तथा सञ्चालकहरूको नाम)	ठेगाना	पिता/पतिको नाम	बाजे/ससुराको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८१ माघ २७ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम	धितो मञ्जुरीनामा/ व्यक्तिगत जमानत दिने	कैफियत
१	हरि बहादुर मल्ल (ना.प्र.नं.९६९६/१७७२, मिति २०४०-०७-२८, रुकुम)	तारकेश्वर नगरपालिका ५, गोलढुङ्गा काठमाडौं।	कलु मल्ल	किर्तु मल्ल	आवास कर्जा	४९,४४,०००	८०,०००	५०,२४,०००	लक्ष्मी मल्ल, प्रेम प्रकाश मल्ल, अनिता शाही, सन्जोग मल्ल, समिना मल्ल, प्रेरिका मल्ल	ग्राहकको नागरिकता अनुसारको ठेगानाः साविक आठबिस डाँडागाउँ ५, रुकुम
२	लाल कुमार लामा (ना.प्र.नं.६६५७/६११६/३५३०३ मिति २०३७-११-२१, काठमाडौं)	नागार्जुन नगरपालिका १, सनराइजहाइट, काठमाडौं।	जित बहादुर लामा	मान बहादुर लामा	मोर्गेज कर्जा	१,०४,२४,०००	१,६५,०००	१,०५,८९,०००	रोशनी लामा	ग्राहकको नागरिकता अनुसारको ठेगानाः साविक सितापाइला ८, काठमाडौं।
३	बौडेश्वर कृषि फर्म (प्रो. ऋषि अधिकारी)	टोखा नगरपालिका १, बौडेश्वर, काठमाडौं।	तिर्थ प्रसाद अधिकारी	खडानन्द अधिकारी	सहुलियत कर्जा	६,०४,०००	२५,०००	६,२९,०००	ऋषि अधिकारी सावित्री अधिकारी	ग्राहकको पान नम्बर ६१५५१९४१६ दर्ता नम्बर ८४/०१-०५-०००१, टोखा न.पा. मिति २०७७।१२।०१

सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय मन्थली, रामेछाप

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	पिताको नाम	बाजे/पतिको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८१।१०।२६ गते सम्मको ब्याज रकम रु	जम्मा तिर्नुपर्ने रकम रु	धितो मञ्जुरीनामा/व्यक्तिगत जमानत दिने
१	दोलखा जिरेश्वरी कोल्ड स्टोर्स एण्ड सप्लायर्स (प्रो. फुल कुमारी तमाङ कार्की)	मन्थली न.पा.-१, रामेछाप	मन्दल ध्वज तमाङ	काजी बहादुर कार्की	व्यापार कर्जा	४७,००,०००	६८२,३९७	५३,८२,३९७	१) काजी बहादुर कार्की २) फुल कुमारी तमाङ कार्की
२	रोजी एण्ड मन्त्र सप्लायर्स (प्रो. विन्दा (कार्की) अधिकारी	मन्थली न.पा.-१३, रामेछाप	टंक बहादुर कार्की	ओमकार अधिकारी	व्यापार कर्जा	२७,००,०००	३,९२,६४४	३०,९२,६४४	१) विन्दा (कार्की) अधिकारी २) ओमकार अधिकारी ३) तेज भन्ने मैना कुमारी अधिकारी ४) लक्ष्मी देबी अधिकारी
३	सनलाइट सप्लायर्स (प्रो. सागरहरि अधिकारी)	मन्थली न.पा.-१२, रामेछाप	कृष्णहरि अधिकारी	रिपुमर्दन अधिकारी	व्यापार कर्जा	३०,००,०००	२७२,३०३	३२,७२,३०३	१) सागर हरि अधिकारी २) कृष्णहरि अधिकारी ३) अचुतराज अधिकारी ४) यसुहरि अधिकारी

सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय नयाँ सडक (न्यूरोड)

क्र.सं.	कर्जा ग्राहकको नाम (फर्म, प्रोप्राइटरको नाम/कम्पनि तथा सञ्चालकहरूको नाम)	ठेगाना	पिता/पतिको नाम	बाजे/ससुराको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८१ पौष मसान्तसम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम	धितो मञ्जुरीनामा दिने/जमानत बस्नेको नाम
१	रघुनाथ पंजियार	का.म.न.पा.१०, बागबजार	सुवध पंजियार	सोमन पंजियार	ओ.डी./आवास	४०,७६,९२३	७८,३०१	४१,५५,२२४	मन्जु पंजियार
२	आर.के. स्टिल फर्निचर (प्रो.रमन खड्गी)	का.म.न.पा.२०, भिमसेनस्थान	लक्ष्मी नारायण खड्गी	शंख नारायण खड्गी	ब्यापार कर्जा	३,९३,९२८	२,३८०	३,९६,३०८	रमन खड्गी

कृषि बिकास बैंक लि
बागमती प्रदेश कार्यालय, गौशाला, काठमाडौं

NIMB

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

Durbarmarg, Tel: 5328229, 5342530
E-mail: info@nimb.com.np
website: www.nimb.com.np
Customer Support Tel No: 5970785/4545481
Toll Free No: 1660-01-25205

INTEREST RATES

यस बैंकद्वारा २०८१ साल माघ महिनाका लागि प्रकाशित गरिएको व्याज दर २०८१ साल फाल्गुन महिनाका लागि पनि यथावत कायम राखिने व्यहोरा जानकारी गराईन्छ । यस बैंकको बेभसाइट www.nimb.com.np मा २०८१ साल फाल्गुन महिनाको व्याज दर अद्यावधिक रहेको समेत जानकारी गराईन्छ ।

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ. व. २०८१/८२ को दोस्रो त्रैमासिक प्रतिवेदन

UPPER TAMAKOSHI HYDROPOWER LTD

UTKHPL

Gyaneshwor, Kathmandu

UNAUDITED 2nd QUARTER STATEMENT OF FINANCIAL POSITION

१. वित्तीय विवरण

क. संक्षिप्त वासलात र नाफा वा नोक्सान सम्बन्धी वित्तीय विवरण

Amount in NPR

Particulars	As at 29 Poush 2081 (Unaudited)	As at 30 Ashwin 2081 (Unaudited)	As at 29 Poush 2080 (Unaudited)
ASSETS			
Non-Current Assets:			
Property, plant and equipment	79,198,151,810.35	79,286,873,054.67	81,320,628,876.47
Right-of-use Asset	1,929,709.43	2,928,956.03	
Capital WIP	1,528,800,548.70	1,488,036,864.36	1,089,758,250.34
Deferred tax Assets	-	-	-
Total Non-Current Assets	**80,728,882,068.48**	**80,777,838,875.06**	**82,410,387,126.81**
Current Assets:			
Inventories	44,660,896.99	38,698,513.27	18,284,529.99
Cash and cash equivalents	915,348,302.71	2,028,117,198.44	1,288,557,615.98
Other current assets	3,664,088,317.62	3,521,680,990.48	2,609,092,915.62
Total Current Assets	**4,624,097,517.32**	**5,588,496,702.19**	**3,915,935,061.59**
Total assets	**85,352,979,585.75**	**86,366,335,577.20**	**86,326,322,188.40**
EQUITY AND LIABILITIES			
Equity:			
Equity share capital	21,180,000,000.00	21,180,000,000.00	19,478,047,000.00
Securities Premium Account	913,773,301.13	913,773,301.13	
Retained Earnings	(10,117,178,142.75)	(9,295,992,497.43)	(7,574,065,826.25)
Total Equity	**11,976,595,158.38**	**12,797,780,803.70**	**11,903,981,173.75**
Non-Current Liabilities:			
Long Term Loans	70,188,224,083.03	70,743,523,332.70	72,775,346,308.72
Deferred tax liabilities	-	-	-
Total Non-Current Liabilities	**70,188,224,083.03**	**70,743,523,332.70**	**72,775,346,308.72**
Current Liabilities:			
Long Term Loans	1,577,513,552.24	1,392,413,802.35	
Provisions	55,287,753.56	55,514,026.93	16,128,890.96
Short Term Loans	-	-	-
Other Current Liabilities	1,553,728,285.21	1,374,473,611.59	1,630,865,814.97
Lease Liability	1,630,753.36	2,629,999.96	
Total Current Liabilities	**3,188,160,344.37**	**2,825,031,440.83**	**1,646,994,705.93**
Total Equity and Liabilities	**85,352,979,585.75**	**86,366,335,577.20**	**86,326,322,188.40**

UNAUDITED 2nd QUARTER STATEMENT OF PROFIT OR LOSS

Amount in NPR

Particulars	This Quarter Ending on 29 Poush 2081 (Unaudited)	Previous Quarter Ending on 30 Ashwin 2081 (Unaudited)	Corresponding Previous Year Quarter Ending 29 Poush 2080 (Unaudited)
Revenue from sale of Electricity	3,348,846,265.15	2,930,907,254.05	5,356,392,043.12
Expenses			
Administrative and Project Expenses	(212,833,722.40)	(95,701,206.44)	(275,187,564.29)
Royalty	(134,356,946.49)	(108,881,603.65)	(132,176,492.08)
Foreign Exchange Gain/(Loss)	1,151,374.09	-	(297,652.41)
Depreciation	(1,833,982,317.30)	(900,913,075.11)	(1,785,980,248.59)
Profit/(Loss) from Operation	**1,168,824,653.05**	**1,825,411,368.85**	**3,162,750,085.75**
Finance Income	17,481,257.60	7,446,775.10	6,894,701.43
Other income	979,628,403.97	23,570.59	407,910.00
Finance Costs	(2,987,119,959.94)	(1,200,897,072.65)	(3,427,693,226.67)
Profit/(Loss) Before Bonus and Tax	**(821,185,645.32)**	**631,984,641.89**	**(257,640,529.49)**
Income Tax	-	-	-
Net Profit	**(821,185,645.32)**	**631,984,641.89**	**(257,640,529.49)**

(नोटः मिति २०८१।०६।१२ मा माथिल्लो तामाकोशी जलविद्युत केन्द्रको बाँधस्थलमा आएको पहिरोको कारण विद्युत उत्पादन ८८ दिनसम्म पुर्णरुपमा बन्द भई उक्त अवधिको विद्युत विक्री आय प्राप्त नभएकोले गत सालको यसै अवधिको तुलनामा विद्युत विक्री आय घट्न गएको छ। उक्त अवधिको Loss of Revenue को बिमा दाबी गरिएको र बिमा दाबी बापतको रकम गणनाकोक्रममा रहेकोले अनुमानित दाबी रकम अन्य आयमा समावेश गरिएको छ।)

सम्बन्धित पक्षसंग भएको कारोबार: नेपाल विद्युत प्राधिकरण मार्फत नेपाल सरकारबाट तथा कम्पनीका संस्थापक शेयरधनीहरू नेपाल टेलिकम, नागरिक लगानी कोष तथा राष्ट्रिय वीमा संस्थानबाट प्राप्त दीर्घकालिन ऋण रु.४५.७२ अर्ब रहेको छ।

ख. प्रमुख वित्तीय सूचकहरू

क्र. स.	विवरण	यस त्रैमासिकको अन्त्यसम्मको	अघिल्लो त्रैमासिकको अन्त्यसम्मको	अघिल्लो आ.व.को यसै त्रैमासिकको अन्त्यसम्मको
१	प्रति शेयर आम्दानी (रु.)	(३.८८)	२.९८	(१.३२)
२	प्रति शेयर नेटवर्थ (रु.)	५६.५५	६०.४२	६१.११
३	प्रति शेयर सम्पत्तीको मूल्य (रु.)	४०२.९९	४०७.७७	४४३.२०
४	तरलता अनुपात	१.४५	१.९८	२.४०

२. **व्यवस्थापकीय विश्लेषण**

मिति २०८१।०६।१० गते साँझ देखि देशव्यापीरुपमा परेको अविरल वर्षाको कारण यस कम्पनी अन्तर्गत सञ्चालित माथिल्लो तामाकोशी जलविद्युत केन्द्रको बाँधस्थल क्षेत्रमा मिति २०८१।०६।१२ गते दिनको ११ बजेतिर आएको पहिरोको कारण उक्त बाँधस्थलमा रहेको Dam Operation Control Building, Settling Basin, Box Culvert, हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरणहरू, ट्रान्समिसन लाइन तथा बाँधस्थल प्रवेश मार्ग लगायतका संरचनाहरूमा क्षति हुन गएकोले माथिल्लो तामाकोशी जलविद्युत केन्द्रको विद्युत (४५६ मे.वा) उत्पादन मिति २०८१ पौष ९ सम्म ८८ दिन बन्द भएकोले कम्पनीले आर्थिक क्षति व्होर्नु परेको छ। उक्त पहिरोको कारण क्षति भएको संरचनाहरूमध्येको वायाँपट्टिको Settling Basin मर्मत संभार गरी विद्युत गृह मिति २०८१ पौष ९ गते साँझबाट सञ्चालनमा रहेको छ। हाल दायाँपट्टीको Settling Basin को मर्मतको लागि e-GP System मार्फत पेश भएका बोलपत्रहरू मुल्यांकनको क्रममा रहेको छ। पहिरोको कारण जलविद्युत केन्द्रको संरचनाहरू तथा विद्युत विक्री आयमा भएको क्षति सम्बन्धमा वीमा दावी पेश गरेकोमा वीमा कम्पनीद्वारा वीमा दावी रकम गणना गर्ने क्रममा रहेको छ। उक्त पहिरोको कारण क्षति भएको संरचनाहरूको पुर्णरुपमा पुनर्निर्माणको कार्य सम्पन्न गरी पुर्ववत रुपमा विद्युत गृह सञ्चालन गर्न केही समय लाग्ने देखिएकोले आ. व. २०८१।८२ को आयमा असर पर्ने देखिएको छ।

३. **कानूनी कारबाही सम्बन्धी विवरण**

क. त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए।

- लट नं.२ Hydromechanical कार्यका निर्माण व्यवसायी M/S Texmaco Rail & Engineering Limited ले कम्पनी विरुद्ध International Court of Arbitration मा दायर गरेको Arbitration मुद्दामा Arbitration Tribunal ले जारी गरेको फैसला नेपालको कानुन सम्मत नभएको भनी श्री उच्च अदालत पाटनले जारी गरेको फैसला विरुद्ध Texmaco ले श्री सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेको छ।
- साथै, Arbitration Tribunal ले २३ डिसेम्बर २०२४ मा Arbitration प्रक्रिया खारेज भएको र कम्पनी विरुद्ध Texmaco ले पेश गरेको कुनै पनि दावी नरहेको अन्तिम फैसला जारी गरेको छ।

ख. संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए।

- यस सम्बन्धमा जानकारी प्राप्त नभएको।

ग. कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए।

- यस सम्बन्धमा जानकारी प्राप्त नभएको।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**

कम्पनी व्यवस्थापनबाट शेयरको मूल्यमा असाधारण प्रभाव पर्ने किसिमको कुनै पनि प्रकारको गतिविधिहरू भएको पाइएको छैन।
नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार आ. व. २०८१/८२ को दोस्रो त्रैमासिक अवधिमा शेयर सम्बन्धी कारोवारको विवरण देहाय बमोजिम रहेको छ।

शेयरको अधिकतम मुल्य (रु.)	शेयरको न्यूनतम मुल्य (रु.)	शेयरको अन्तिम मुल्य (रु.)	कारोवार भएको कूल दिन	कारोवार संख्या
२३१।९०	१९९।६०	२००।००	५५	४०,५८७

५. **समस्या र चुनौती**

मिति २०८१।०६।१० गते साँझ देखि देशव्यापीरुपमा परेको अविरल वर्षाको कारण यस कम्पनी अन्तर्गत सञ्चालित माथिल्लो तामाकोशी जलविद्युत केन्द्रको बाँधस्थल क्षेत्रमा मिति २०८१।०६।१२ गते दिनको ११ बजेतिर आएको पहिरोको कारण उक्त बाँधस्थलमा रहेको Dam Operation Control Building, Settling Basin, Box Culvert, हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरणहरू, ट्रान्समिसन लाइन तथा बाँधस्थल प्रवेश मार्ग लगायतका संरचनाहरूमा भएको क्षतिको कारण माथिल्लो तामाकोशी जलविद्युत केन्द्रको विद्युत (४५६ मे.वा.) उत्पादन ८८ दिन बन्द रहेकोमा हाल वायाँपट्टिको Settling Basin को मर्मतसम्भार पश्चात मिति २०८१ पौष ०९ देखि संचालनमा रहेको भएता पनि जलविद्युत केन्द्र पूर्ण रुपमा पुनर्निर्माण गरी यथाशीघ्र पूर्ववत रुपमा संचालनमा ल्याउनु हालको प्रमुख चुनौती रहेको छ। कम्पनीको व्याज खर्च, ह्रासकट्टि खर्च तथा अन्य खर्चहरूको न्यूनिकरण तथा विद्युत विक्री आयको सुनिश्चितता गरी कम्पनीको सफल सञ्चालन तथा वित्तीय स्थिति मजबुत गरी नाफा वृद्धि तथा लगानीकर्ताहरूलाई उचित लाभांशको सुनिश्चितता गर्न कम्पनीको दीर्घकालिन लक्ष्य तथा चुनौती रहेको छ। साथै, दोस्रो चरण अन्तर्गतको रोल्वालिङ डाइभर्शन शिकम सहितको रोल्वालिङ खोला जलविद्युत आयोजना यथाशीघ्र निर्माण सम्पन्न गरी समग्रमा विद्युत विक्री आय वृद्धि गर्नु पर्ने चुनौती रहेको छ।

६. **संस्थागत सुशासन**

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली तथा कर्मचारी व्यवस्थापनको लागि कर्मचारी प्रशासन विनियमावली लगायतका विनियमावलीहरू सञ्चालक समितिबाट स्वीकृत भई लागु गरिएका छन्। कम्पनी ऐन बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ। हरेक वर्ष लेखापरीक्षक संस्थाहरूद्धारा आन्तरिक लेखापरीक्षण तथा श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श अनुसार साधारण सभाबाट लेखापरीक्षक नियुक्त गरी अन्तिम लेखापरीक्षण गराई वार्षिक साधारण सभा गर्ने गरिएको छ। साथै, आयोजना निर्माणसँग सम्बन्धित विभिन्न प्राविधिक, आर्थिक तथा कानूनी विषयहरूमा आवश्यकता अनुसार स्वतन्त्र विज्ञहरू सम्मिलित उप समितिहरू गठन गरी सोको प्रतिवेदन तथा सिफारिस अनुरुप कार्यान्वयन हुने गरेको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषणा**

यस प्रतिवेदनमा प्रस्तुत वित्तीय विवरणहरू कम्पनीद्धारा राखिएको लेखा अनुसार तयार गरिएको छ। मेरो जानकारीमा भए अनुसार यस विवरणमा उल्लिखित सम्पूर्ण विवरणहरू तथ्यको आधारमा तयार गरिएकोले सत्य, तथ्यपूर्ण रहेको र लगानीकर्ताहरूलाई सुसूचित गर्दै निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।

Dibyashwari Hydropower Ltd.

Old Baneshwor 34, Kathmandu

Unaudited Financial Report for the Second Quarter

FY 2081-82 Ended 29 Poush 2081

Statement of Financial Position (Rs. '000')

Particular	This Quarter ending As at Poush 29, 2081	Previous Quarter ending As at Ashoj 30, 2081	Corresponding Quarter ending as at Poush 29, 2080
Capital & Liabilities			
Share Capital	264000	264000	264000
Reserve Funds & Accumulated Profit	(244651)	(290872)	(273022)
Short Term Loan	54465	54465	54465
Long Term Loan	556069	561077	570326
Total	**629883**	**588670**	**615769**
Assets			
Fixed Assets			
Depreciable Value	1003238	955892	955866
Depreciation	(235323)	(227479)	(203944)
Net Value	767915	728413	751922
Capital Work in Progress	-	-	-
Current Assets			
Sundry Debtors	13427	24418	11010
Cash & Bank	607	1222	823
Advance & Deposit	8629	8579	8363
Total Assets	790578	762632	772118
Current Liabilities	(160695)	(173962)	(156349)
Net Assets	629883	588670	615769
Total	**629883**	**588670**	**615769**

Statement of Profit & Loss (Rs. '000')

Particular	This Quarter ending As at Poush 29, 2081	Previous Quarter ending As at Ashoj 30, 2081	Corresponding Quarter ending as at Poush 29, 2080
Revenue from Power Sales	56480	34659	50777
Income from Other Source	-	-	497
Total Income	**56480**	**34659**	**51274**
Direct Expenses	(2565)	(1576)	(4790)
Gross Profit	**53915**	**33083**	**46484**
Staff Cost	(2677)	(1445)	(2624)
Other Operating & Admi. Expenses	(3482)	(2481)	(5657)
Operating Profit Before Depreciation	47756	29157	38203
Depreciation Expenses	(15687)	(7843)	(15690)
Profit Before Interest & Tax	**32069**	**21314**	**22513**
Financial Cost	(26239)	(14333)	(36853)
Profit Before Income Tax	5830	6981	(14340)
Income Tax	-	-	-
Net Profit After Tax	**5830**	**6981**	(14340)

धितोपत्र दर्ता तथा निष्काशन नियमावली अनुसूचि-१४

(नियम २६ को उप नियम १ संग सम्बन्धित)

१. **वित्तिय विवरण :**

क. त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा (नोक्सान) सम्बन्धि विवरणहरू यसै सांथ संग्लन गरिएको छ।

ख. प्रमुख वित्तिय सुचांकहरू निम्नबमोजिम रहेको छ।

प्रति शेयर आम्दानी रु. (EPS)**	P/E Ratio	प्रतिशेयर नेटवर्थ (रु.)	प्रतिशेयर कुल सम्पतिको मुल्य	तरलता अनुपात	शेयर बजार मुल्य
२.२१	१३७.१५	७.३३	२९९.४६	०.१४	३०२.९०

** (EPS) वार्षिकी करण नगरिएको

ग. **जग्गाको पुन मुंल्यांकन**

दोश्रो त्रैमासमा कम्पनीले जग्गाको पुन मुंल्यांकन गरेको छ र उक्त मुल्यांकनबाट रु. ४,७३,४५,६८० पुन मुंल्यांकन आम्दानी जगेडा कोष मार्फत् लेखांकन गरेको छ।

२. **व्यवस्थापकिय विश्लेषण :**

(क) उक्त त्रैमासिक अवधिमा आयोजनाको आम्दानी र तरलतामा गत वर्षको सोही त्रैमासिक अवधिको भन्दा बढी भएको छ। अन्य आयोजनाको व्यवसायिक योजना अनुरुप नै कार्यहरू हुदैछन।

३. **कानुनी कारबाही सम्बन्धी विवरण :**

(क.) यस कम्पनीका पूर्व कर्मचारीले पारिश्रमिक भुक्तानीको सम्बन्धमा चित नबुझी कम्पनी विरुद्ध श्री श्रम अदालत, काठमाण्डौमा दायर गर्नु भएको मुद्दा फैसला उपर चित नबुझी यस कम्पनीले श्री सर्वोच्च अदालतमा मुद्दा हालेको मा हाल त्यो विचाराधीन रहेको छ।

(ख.) यस आयोजनाको सिंभिल निमार्ण कार्यका ठेकेदारले डिजाईन नक्शा अनुरूप कार्य नगरी कम्पनीलाई क्षति पुगेकोले सम्भौता अनुसार हर्जाना भराई पाँउ भनी मुद्दा दायर भएको छ। हाल सो मुद्दा श्री पाटन उच्च अदालतमा विचाराधीन रहेको छ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

(क.) यस संगठित संस्थाको शेयर रजिष्टार श्री एनआईबिएलएस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा रहेको छ। धितोपत्र बजारमा कम्पनीको शेयर कारोबार सामान्य रहेको छ। नेप्से अनुसार उक्त त्रैमासिक अवधिमा शेयर कारोबारको स्थिति यस प्रकार रहेको छ।

शेयरको अधिकतम मुल्य (रु)	शेयरको न्युनतम मुल्य(रु)	शेयरको अन्तिम मुल्य(रु)	कारोबार भएको कुल दिन	कारोबार भएको संख्या
३४३.६०	२३५	३०२.९०	५६	२४,८६,९८०

५. **समस्या र चुनौतीहरू :**

(क.) नदीमा जलको प्रवाहमा कमी भएकोले आयोजनाबाट हुने विद्युत उत्पादनमा ह्रिउँद याममा असर परिरहेको छ।

(ख.) हालको बैक ब्याज दर ८.२९ प्रतिशत छ। बैकको साँवा ब्याजको व्ययभार बढ्न गएको कारण साँवा तथा ब्याज नियमित हुन सकेको छैन। ब्याज दर घटाउनको लागी संचालक समीतीले सम्बन्धित निकायमा आवश्यक पहल गरिरहेको छ।

६. **संस्थागत सुशासन :**

(क.) कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई थप व्यवस्थित तथा चुस्त बनाउनुका साथै कर्मचारी व्यवस्थापनको लागी आन्तरिक कार्याविधि बनाई सोही अनुसार लागु गरिएकोछ। ऐन, विनियम बमोजिमका अन्य समिति तथा उप समिति गठन गरी कार्यान्वयन गरिएको छ।

७. **कार्यकारी अध्यक्षको उद्घोषण :**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य तथ्य र पूर्णतामा आधारित छन् भनि विस्वास लियको छु। लगानी कर्ताहरूलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरू लुकाइएको छैन भन्ने कुरामा पनि म विश्वस्त छु। लगानी कर्ताहरूबाट हुने थप जानकारीहरूको प्रयास लाई सधै स्वागत योग्य कदम ठान्ने छु।

पानीपोखरीमा सिटिजन्स बैंकको नयाँ शाखा

काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनलले शाखा विस्तार गर्ने क्रममा आफ्नो १९८औं शाखा काठमाडौंको पानीपोखरीमा सञ्चालनमा ल्याएको छ। यससँगै काठमाडौं उपत्यकाभित्र बैंकका ३९ शाखा र बागमती प्रदेशमा ५५ वटा शाखा पुगेका छन्।

पानीपोखरीमा मंगलबार आयोजित एक कार्यक्रमबिच बैंकका सञ्चालक समिति अध्यक्ष प्रबलजंग पाण्डेले नयाँ शाखाको उद्घाटन गरे। कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष पाण्डेले प्रुडेन्ट बैंकिङ र सुशासनमा कुनै सम्झैता नगरी ग्राहक सेवामा विशेष ध्यान पुऱ्याउने दृढता व्यक्त गरे।

सो अवसरमा बैंक सञ्चालक समितिका सदस्य, प्रमुख कार्यकारी अधिकृत र उच्च व्यवस्थापनको पनि उपस्थिति थियो। सुविधासम्पन्न यो शाखाले सम्पूर्ण बैंकिङ सेवा प्रदान गर्नेछ।

मेरो माइक्रो फाइनान्सले दियो प्रहरीलाई संकेत बोर्ड

काठमाडौं/ मेरो माइक्रो फाइनान्स लघुवित्त वित्तीय संस्थाले संस्थाको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत ट्राफिक प्रहरीलाई जनचेतनामूलक ट्राफिक संकेत बोर्ड तथा पोलहरू दिएको छ। उक्त बोर्डहरू ट्राफिक प्रहरी वृत्त स्वयम्भूका प्रमुख दिवाकर महतले विभिन्न ठाउँमा राखिने र यसले जनमानसमा सकारात्मक सन्देश प्रवाह गर्ने बताए।

व्यस्त रोडमा अव्यवस्थित सवारीसाधन पार्किङले सर्वसाधारणलाई हिँड्नै मुस्लिक हुने र सवारीसाधनले ओभरटेक गर्दा बाटो क्रस गरिरहेका मानिसलाई वास्ता नगर्दा दुर्घटना बढिरहेकाले ट्राफिक संकेत प्रदान गरिएको संस्थाले जनाएको छ।

लघुवित्तले सातै प्रदेशका ६४ जिल्लामा एक सय ४९ शाखा कार्यालयमार्फत लघुवित्त सेवा प्रदान गर्दै आइरहेको छ।

सम्पर्क

ए.आई. प्रविधिद्वारा स्वचालित रुपमा **NOODLES (Fried, White, Pasta,** र **Chowmein)** प्रतिदिन ३,८१,००० युनिट्स भैरहबामा उत्पादन गरी भारतमा बिक्रि गर्ने योजनाका साथ **Equity Share** हुने गरी ५ वटा प्रमुख बिक्रि वितरकहरुबाट प्रतिबद्धता सहित बायोडाटा आव्हान गरिएको छ। यस परियोजनाको कुल लागत ९४ करोड रुपैयां अनुमान गरिएको छ। बिक्रि वितरकहरु प्रतिबद्धता सहित बैङ्कमा **Process** को लागि सम्पर्क गरिने छ। उक्त **Equity Share** स्वत: **IPO** मा स्थापित गरिने छ। अत्याधिक इच्छुक वितरकहरुले मात्र सम्पर्क गर्नुहोला।

Contact: 9840708994, Integrated Foods Pvt. Ltd.

गोकर्णेश्वर नगरपालिका

शिक्षा, युवा तथा खेलकुद शाखा

जोरपाटी, काठमाडौं

संस्थागत विद्यालयको स्थानान्तरण तथा गुठियार परिवर्तन सम्बन्धमा ३५ दिनको दाबी विरोध सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८१/१०/३०

१) **माउण्ट समिट बोर्डिङ स्कुल गोकर्णेश्वर ६** ले विद्यालयको स्थान परिवर्तन गरी साविकको जोरपाटी गा.वि.स. ३, काठमाडौं (हाल गोकर्णेश्वर ६, काठमाडौं) बाट गोकर्णेश्वर ५, नारायणटारमा कायम गर्न, २) **अभ्यास मन्टेश्वरी, गोकर्णेश्वर ८ ले** विद्यालयको स्थान परिवर्तन गरी हाल गोकर्णेश्वर ८, काठमाडौं बाट गोकर्णेश्वर ६, काठमाडौंमा कायम गर्न, ३) **सङ्कल्प विद्याश्रम निजी शैक्षिक गुठी, गोकर्णेश्वर ९** ले विद्यालयको गुठीयारहरू श्री नारायण प्रसाद नेपाल, का.म.न.पा ७, काठमाडौं, श्री मनोज कुमार ढुङ्गाना, गोकर्णेश्वर ८, काठमाडौं, श्री कृष्ण प्रसाद पौडेल, गोकर्णेश्वर ६, काठमाडौं, श्री डोल प्रसाद लामिछाने, साविक नाङ्लेभोर ७, काठमाडौं, श्री राजेन्द्र भण्डारी, गोकर्णेश्वर २, काठमाडौं समेत ५ जनाको नाममा रहेकोमा श्री कृपेश लोहनी, का.म.न.पा. २९, काठमाडौं, श्री विशाल थापा क्षेत्री, सा.वि.क. का.म.न.पा ३३, काठमाडौं, श्री कृपा लोहनी, का.म.न.पा. ३२, काठमाडौं, श्री राम बस्नेत, का.म.न.पा ५, काठमाडौं, श्री शितल राणा, सा.वि.क. का.म.न.पा. ३३, काठमाडौं समेत कायम गरी विद्यालयको स्थान परिवर्तन गरी गोकर्णेश्वर ९, काठमाडौंबाट गोकर्णेश्वर ५, काठमाडौं कायम गर्न, ४) **बालापुष्पिका किन्डरगार्टेन स्कुल निजी शैक्षिक गुठी, गोकर्णेश्वर ८** ले विद्यालयका गुठियारहरू श्री अच्युत शाह ठकुरी, साविक जोरपाटी ७, काठमाडौं, श्री सुस्मा भुजेल (शाह), साविक गोकर्णेश्वर १५, काठमाडौं, श्री अदिती शाह, खलंगा २, जाजरकोट, निरञ्जन घिमिरे, विराटनगर ११, मोरङ, जिवन सिंह ठकुरी, चाँगुनारायण २, भक्तपुर समेत ५ जनाको नाममा रहेकोमा १. अच्युत शाह ठकुरी, साविक जोरपाटी ७, काठमाडौं, श्री सुस्मा भुजेल (शाह), साविक गोकर्णेश्वर १५, काठमाडौं, श्री अदिती शाह, खलंगा २, जाजरकोट, निरञ्जन घिमिरे, विराटनगर ११, मोरङ, जिवन सिंह ठकुरी, चाँगुनारायण २, भक्तपुर समेत ५ जनाको नाममा रहेकोमा १. अच्युत शाह ठकुरी, साविक जोरपाटी ७, काठमाडौं, श्री सुस्मा भुजेल (शाह), साविक गोकर्णेश्वर १५, काठमाडौं र श्रीमती निर्मला ठकुरी, साविक जोरपाटी ७, काठमाडौं समेत ३ जनाको नाममा कायम गर्न माग भई निवेदन प्राप्त भएकाले सोसम्बन्धमा कोही कसैको दावी विरोध भएमा यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस न.पा.को शिक्षा, युवा तथा खेलकुद शाखामा सप्रमाण उजूरी पेश गर्ने सम्बन्धमा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको समयसिमाभित्र उजुरी पेश नभएमा माग बमोजिम नियमानुसार भई जाने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

Invitation for online Bids

Bagmati Government of Province

Water Resource and Irrigation Development Division office, Chitwan

Date of Publication : 12th Feb,2025

Water Resource and Irrigation Development Division (WRIDD) Chitwan invites electronics Bids from eligible Nepalese Bidders for Construction of Maintenance of existing River training work, construction of new spur by using big boulder and gabion work from Lothar Dovan to Sauraha. The details are as given below.

S. N	Contract No.	Name of the Project	Average Annual Construction Turnover (NRs.)	Specific Construction Experience (NRs.)	Bid security Amount NRs.	Cost of bid document NRs.	Remarks
1	WRIDDCHIT/ RT/ NCB-02/ 81-82	Purbi Rapti Khola River Training Lothar Dovan to Sauraha (Maintenance work), Chitwan	59.1 million	70.90 million	3.6 million	10,000.00	Single Stage Two Envelope

Bids must be valid for a period of 120 days after bid opening and Bid security shall be valid for 30 days beyond the validity period of the Bid. Electronic bid must be submitted to the office WRIDD through PPMO website, www.bolpatra.gov.np/egp on or before 12:00 on 14th March, 2025) Please visit PPMO office or refer PPMO's website www.bolpatra.gov.np/egp for detailed information

Division Chief

Government of Nepal

Ministry of Urban Development

Department of Local Infrastructure Development

Rural Road & Bridge Section

ShreeMahal, Pulchowk, Lalitpur

Invitation for Bids

Notice No.:DoLID/RRBS/NCB/D&B-01/2081-82

Date of publication:2081/10/30 (2025-02-12)

1. The Government Department has allocated funds towards the cost of Design & Build of Arun River Bridge along Manebhanjyang-Heluwabesi-Bulingtar-Bhojpur Road and intends to apply part of the funds to cover eligible payments under the Contract. Only eligible bidders with the key qualifications mentioned in the table below should participate in this bidding; the bidders are advised to refer to detailed qualification requirements specified in the bidding documents.

S. No	Contract No.	Name of Works	Average Annual Construction Turnover of best 3 years over the last 10 years (NRs. In Millions)	Bid Security Amount (NRs. in Millions)	Minimum Work experience of similar size and nature	Non- refundable fee for bid document (NRs)
1	DoLID/RRBS/ NCB/D&B-01/2081-82	Design & Build of Arun River Bridge along Manebhanjyang-Heluwabesi-Bulingtar-Bhojpur Road	139.5	8.136	167.3	20000

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Rural Road and Bridge Section(RRBS), Shree Mahal, Pulchowk, Lalitpur, Lalitpur, Bagmati Province, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder must submit their bid electronically through E-GP-II system of PPMO: www.bolpatra.gov.np/egp on or before 2025-03-14 ,12:00 hours may download the bidding documents for e-submission from PPMO's e-GP system: www.bolpatra.gov.np/egp. Bids received after this deadline will be rejected.
4. Information to deposit the cost of bidding document in Bank: Name of the Bank: Nepal Bank Ltd. Name of the Office: Rural Road and Bridge Section(RRBS) Office Code no: 347023401 Office Account no: 00101000000001001001 Rajaswa (revenue) Shirshak no: 14229
5. Pre-bid meeting shall be held at Rural Road and Bridge Section(RRBS) Shree Mahal, Pulchowk Lalitpur, Lalitpur Bagmati Province Nepal at 04-03-2025 11:00 hours
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14-03-2025 13:00 hours at the office of Rural Road and Bridge Section(RRBS) Shree Mahal, Pulchowk Lalitpur, Lalitpur Bagmati Province Nepal. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 81,36,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The bidders are strongly encouraged to visit the site before bidding.
9. Employer reserves rights to accept or reject bid(s) without any reason whatsoever.

-Project Manager

राजस्व छलीमा...

पृष्ठ १ बाट क्रमशः

बढीको राजस्व चुहावट भएकामा मुद्दा दायर गर्नुपर्ने व्यवस्था थियो। अब तीन करोड रुपैयाँसम्मको चुहावटमा मात्र मुद्दा चल्ने व्यवस्था संशोधनले गरेको छ। त्यस्तै, ५० लाख रुपैयाँसम्मको राजस्व चुहावट भएको देखिएमा त्यस्तो आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार महसुल वा अन्य कर वा गैरकर निर्धारण गरी असुल गर्न सम्बन्धित संस्था वा निकायमा लेखी पठाउन सक्ने ऐनको दफा १३ (क) (२) को व्यवस्था झिकिएको छ।

सोही दफाको उपदफा ६ पछि उपदफा ७ र ८ थप गरिएको छ। उपदफा ७ मा मुद्दा दायर हुनुअघि सम्बन्धित व्यक्तिले बिगो र लाग्ने जरिवाना रकम भुक्तानी गर्छु भनी निवेदन दिएमा मुद्दा नचलाउने निर्णय गर्न सक्ने व्यवस्था गरेको छ। निवेदनअनुसार विभागले बिगो र लाग्ने जरिवाना रकम असुल गरी मुद्दा नचलाउने निर्णयका लागि सरकारी वकिल कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ। यसरी विभागबाट लेखिआएमा सरकारी वकिल कार्यालयले मुद्दा नचलाउने निर्णय गर्ने व्यवस्था अध्यादेशले गरेको छ।

त्यस्तै, दफा २४ मा मिलापत्र गर्ने र मुद्दै फिर्ता लिन सक्ने गरी थप व्यवस्था गरिएका छन्। थप गरिएको दफा २४ (क) मा मिलापत्र हुन सक्ने गरी व्यवस्था गरिएको छ। त्यसमा 'ऐनबमोजिम मुद्दा दायर भई विचाराधीन रहेको मुद्दामा प्रतिवादीले बिगो र लाग्ने जरिवाना भुक्तानी गरी मिलापत्र गराई पाऊँ भनी निवेदन दिएमा मिलापत्र हुन सक्नेछ' भन्ने व्यवस्था छ। यस्तो मिलापत्र फैसला कार्यान्वयनको चरणमा समेत गर्न सकिने व्यवस्था गरिएको छ। यसरी मिलापत्र भएकामा प्रतिवादीलाई भएको कैद सजायको लगत कट्टा हुनेसम्मको खुकुलो व्यवस्था गरिएको छ। 'मिलापत्र गर्दा प्रतिवादीको चलअचल सम्पत्ति रोक्का-फुकुवा गर्नुपर्ने भए सो फुकुवासमेत गरी सम्बन्धित मुद्दा हेर्ने अधिकारीले मिलापत्र कार्यान्वयन गरी दिनुपर्नेछ' भन्नेसम्मको व्यवस्था संशोधनले गरिदिएको छ। यद्यपि, यसरी मिलापत्र गर्दा सरकारी वकिलको राय लिनुपर्ने व्यवस्था अध्यादेशमा छ।

मिलापत्र गर्दा एकभन्दा बढी प्रतिवादी भएको मुद्दामा सम्बन्धित प्रतिवादीको बिगो र जरिवाना यकिन भएको अवस्थामा आफ्नो हकको बिगो र जरिवाना भुक्तान गरी मिलापत्र गर्नुपर्ने व्यवस्था पनि अध्यादेशले गरिदिएको छ। यद्यपि, यसो गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा उल्लिखित कार्यविधि अवलम्बन गर्नुपर्ने भनिएको छ।

दफा २४ (ख) मा मुद्दा फिर्ता लिन सकिनेसम्बन्धी व्यवस्था छ। जानाजान वा बदनियतपूर्वक राजस्व छल्ने नियतले कुनै कार्य गरेकामा बाहेक प्रतिवादीउपर ऐनबमोजिम दायर भएको मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा उल्लिखित कार्यविधि अवलम्बन गरी फिर्ता लिन सकिने व्यवस्था अध्यादेशले गरेको छ।

यस्ता छन् संशोधनको औचित्यमाथि सरकारका तर्क

अब तीन करोड रुपैयाँसम्मको राजस्व चुहावटमा मात्र मुद्दा चल्ने निर्णय गर्नेसम्बन्धी व्यवस्थाको पुस्ट्याइँ गर्दै यो संशोधनबाट अपेक्षित उपलब्धि पनि सरकारले आकलन गरेको छ। राजस्व चुहावटसँग सम्बन्धित कसुरमा मुद्दा दायर गर्दा वादी (सरकार) तथा प्रतिवादी दुवै पक्षलाई अदालती प्रक्रियामा लामो समय र लागत लाग्नुका साथै व्यवसायसमेत बन्द हुने सम्भावना रहने र यसबाट अर्थतन्त्रमा नकारात्मक असर पुग्ने देखिएकाले सम्बन्धित प्रतिवादीले कानुनबमोजिम निर्धारण गरिएको कर तथा शुल्क जरिवाना बुझाउन राजी भई त्यस्तो रकम दाखिला गरेमा अदालती मुद्दा प्रक्रियामा नजाने हुँदा लागत र समय बचत हुने तर्क सरकारको छ।

त्यस्तै, अदालतमा विचाराधीन मुद्दामा प्रतिवादीले बिगो र लाग्ने जरिवाना भुक्तानी गरी मिलापत्र गराइपाऊँ भनी निवेदन दिएमा त्यस्तो मुद्दालाई निरन्तरता दिनुभन्दा मिलापत्रमा जानु उपयुक्त हुने भएकाले यससम्बन्धी प्रावधान थपिएको स्पष्टीकरण सरकारको छ।

यी संशोधनबाट अदालतमा विचाराधीन मुद्दामा प्रतिवादीले बिगो र लाग्ने जरिवाना भुक्तानी गरी मिलापत्रमा जाँदा मुद्दाको संख्या, लागत तथा समयमा कमी आउनुका साथै समयमै राजस्व संकलन हुने अपेक्षा सरकारको छ। कतिपय अवस्थामा प्रतिवादीले अज्ञानतावश राजस्व चुहावटजन्य गतिविधिमा संलग्न भएको हुन सक्ने वा उपलब्ध कागजातबाट संलग्नता रहेको देखिए पनि राजस्व चुहावट गर्ने स्पष्ट बदनियत नरहेको अवस्थामा मुद्दा चलाउनु फौजदारी न्यायको दृष्टिकोणले उपयुक्त नहुने तर्क सरकारले गरेको छ।

यी हुन् पाटन उच्च अदालतमा विचाराधीन राजस्व चुहावटका १६ मुद्दा

हाल पाटन उच्च अदालतमा नेपालबाट अमेरिकामा सफ्टवेयर निर्यात गर्ने अमेरिकी लगानीको कम्पनी कोटिभिटी नेपाल प्रालिको समेत राजस्व चुहावटसम्बन्धी गरी १६ मुद्दा छन्। यी मुद्दा ०६८ सालदेखिका छन्। विचाराधीन अन्य मुद्दामा जय दुर्गा ट्रेड इन्टरनेसनलका कृष्णगोपाल अग्रवाल प्रतिवादी भएको पाँच करोड ८३ लाख अवैध हुन्डी कारोबार र राजस्व चुहावट, जया एन्ड जिया इम्पेक्सका प्रोपाइटर राहुलकुमार दुवेदीसहित प्रतिवादी भएको १७ करोड ३८ लाख ८० हजार २४० को राजस्व चुहावट, विजार्ड फ्रेग्रेन्स इन्डस्ट्रिजका प्रोप्राइटर योगेन्द्र ढुंगानाविरुद्धको ६० करोड ४९ लाख ९६ हजारको राजस्व चुहावट, ग्लोबल इन्टरनेट सर्भिसेज प्रालिका सञ्चालक भोलाकिशोर डंगोलसहित भिओआइपी कल बाइपासबाट आर्जन गरी राजस्व चुहावट गरेसम्बन्धीको १० करोड तीन लाख ५३ हजारको र जितेन्द्रकुमार महतोसहितको २१ लाख ७४ लाख ५८२ रुपैयाँबराबरको राजस्व चुहावटलगायतका छन्। त्यस्तै, प्रेम विश्वकर्मासहित प्रतिवादी भएको १७ लाख ८६ हजार ८६६ बराबरको, जितमान तामाङसहितको पाँच लाख सात हजार ७०२ रुपैयाँको, चन्द्रभूषण प्रसादविरुद्धको दुई लाख ३२ हजार ३७० को, विनोदकुमार कार्कीसहितको ६६ लाख ६३ हजार ७६३ को र जिनमाता ट्रेडर्सका प्रोप्राइटर विकास मित्तलसहित प्रतिवादी भएको १२ करोड १८ लाख ८९ हजार ५९३ राजस्व चुहावटको मुद्दा पनि अदालतमा विचाराधीन छ। यसैगरी, रामकृष्ण वाइबाससहितको तीन करोड ८० लाख ९१ हजारबराबरको अवैध सुन ओसारपोसारको, त्रिशक्ति ट्रेडर्सका प्रोपाइटर सिद्धिबहादुर महर्जनसहितको ६ करोड १७ लाख ९२ हजार ५७९ बराबरको, दुवाडी एग्रोभेटका सञ्चालक बोदनाथ दुवाडीसहितको ४५ लाख आठ हजार १७४ रुपैयाँको, युवराज महादेव विभूतेसहितको दुई करोड तीन लाख ६७ हजारको र न्यू समीक्षा सप्लायर्सकी प्रोपाइटर कुमारी गुरुङसहितको २३ करोड २० लाख ७३ हजार रुपैयाँ राजस्व छलीको मुद्दा अहिले अदालतमा विचाराधीन छ।

नेपालमा झन्...

पृष्ठ १ बाट क्रमशः

फरक पार्दैन। कम्तीमा ३८ अंकभन्दा माथि गएको अवस्थामा मात्र सुधार भयो भन्ने अवस्था रहन्थ्यो।'

सिपिआई अंकका आधारमा विश्वका १८० देशमा नेपाल १०७औँ स्थानमा छ। अघिल्लो वर्ष सन् २०२३ मा नेपाल १०८औँ स्थानमा थियो। यसले स्थानमा नेपालको एक अंक सुधार भएको देखाउँछ। तर, यो स्थान अन्य देशमा भ्रष्टाचार कस्तो छ भन्ने विषयले निर्भर रहने हो। नेपालकै विगत र अहिलेको भ्रष्टाचारको अवस्था दर्शाउने भनेको भ्रष्टाचार अवधारणा सूचकांक (सिपिआई) ले नै हो।

टिआईले विभिन्न देशको सिपिआई तयार गर्दा १३ वटासम्म अन्तर्राष्ट्रिय सर्वेक्षणका तथ्यांकलाई आधार मान्ने गरेको छ। नेपालको सूचकांक भने तीमध्येका ६ वटा विख्यात अन्तर्राष्ट्रिय संस्थाका सर्वेक्षणको आधारमा निकालिएको छ। त्यसमा विश्व बैंक, वर्ल्ड इकोनोमिक फोरम, ग्लोबल इन्साइट, बर्टेल्सम्यान फाउन्डेसन, वर्ल्ड जस्टिस प्रोजेक्ट र मेराइटिज अफ डेमोक्रेसी प्रोजेक्ट (भिडिइएम) छन्। यी संस्थाले विभिन्न क्षेत्र समेटेर गरेको सर्वेक्षणको अंकको आधार लिएर समग्रतामा सूचकांक निकालिएको हो।

'यस वर्ष विश्व बैंकको सर्वेक्षणमा केही सुधार देखिए पनि वर्ल्ड इकोनोमिक फोरम र ग्लोबल इन्साइटको सर्वेक्षणका तथ्यांकले मूलतः निर्यात, सेवा, कर, ठेक्का व्यवसाय, आयातजस्ता सरकार र व्यावसायिक क्षेत्रसम्बन्धी कार्यका साथै न्यायिक निर्णयमा भ्रष्टाचार बढेको देखिन्छ,' टिआई नेपालले भनेको छ।

व्यापार, ठेक्कापट्टादेखि सार्वजनिक सेवा र न्यायिक निर्णयमा भ्रष्टाचार व्याप्त

२०२४ को भ्रष्टाचार अवधारणा सूचकांक (सिपिआई) प्रतिवेदनले नेपालमा व्यापार, ठेक्कापट्टादेखि सार्वजनिक सेवा र न्यायिक निर्णयमा भ्रष्टाचार व्याप्त रहेको औँल्याएको छ। सर्वेक्षणबाट यी क्षेत्रमा साबिकको तुलनामा भ्रष्टाचार बढेकोसमेत देखिएको छ। वर्ल्ड इकोनोमिक फोरमले आयात, निर्यात, सार्वजनिक सेवा, कर भुक्तानी, ठेक्कापट्टा र न्यायिक निर्णयमा भ्रष्टाचारबारे सर्वेक्षण गरेको थियो। यसमा नेपालले अघिल्लो वर्ष पाएकोभन्दा आठ कम अर्थात् ३० अंक प्राप्त गरेको छ। यो अंक विगत आठ वर्षयताको सबैभन्दा न्यून हो। ग्लोबल इन्साइटले गरेको व्यापार, व्यवसाय, ठेक्कापट्टा, आयात-निर्यातमा घुस र भ्रष्टाचारसम्बन्धी सर्वेक्षणको अंक पनि घटेको छ। यो शीर्षकमा नेपालले विगत नौ वर्षयताकै न्यून अंक अर्थात् ३२ पाएको छ।

त्यस्तै, भिडिइएमले राजनीतिक भ्रष्टाचारअन्तर्गत सरकार, संसद्, न्यायपालिका र सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचारको सर्वेक्षण गरेको छ। विगत केही वर्षयता यस शीर्षकमा केही सुधार देखिए पनि यस वर्ष फेरि खस्किएको छ। अघिल्ला दुई वर्षमा ३०-३० अंक पाएकोमा सन् २०२३ मा नेपालले पाँच अंकको सुधार गरेर ३५ पुऱ्याएको थियो। तर, यसपटक (२०२४) ३४ मा झरेको छ।

गणतान्त्रिक नेपालको संविधान ०७२ देखि लागू भई तीन तहको सरकार सञ्चालन भएको पनि करिब आठ वर्ष भइसक्दासमेत नेपालमा भ्रष्टाचार कम गर्नेतर्फ सफलता हासिल भएको नदेखिएको भन्दै टिआईले चिन्ता प्रकट गरेको छ। यस स्थितिमा सुधार ल्याउन अत्यावश्यक भइसकेको जनाएको छ। टिआई नेपालका अध्यक्ष शर्मा भ्रष्टाचार बढ्नु समग्र देशकै कमजोरी भएको औँल्याउँछन्। 'राजनीतिज्ञदेखि नियमनकारी निकाय र भ्रष्टाचार नियन्त्रणका संयन्त्रहरूकै कमजोरीका कारण भ्रष्टाचार बढ्न गयो,' उनले भने, 'भ्रष्टाचार कुनै एउटा क्षेत्र वा अंगमा मात्र होइन, समग्र क्षेत्रमै विस्तारित छ। यसको प्रतिबिम्ब सिपिआई हो।' पारदर्शिताको अभाव, जवाफहीनताको संस्कृति विकास हुनु र दण्डहीनताले प्रश्रय पाउँदा यस्तो अवस्था सिर्जना भएको उनको भनाइ छ।

राजनीतिक क्षेत्रको सदाचारप्रतिको प्रतिबद्धतामा अभिवृद्धि, सरकारी क्षेत्रमा हुने घुसखोरी र भ्रष्टाचारमाथिको निष्पक्ष कारबाही, स्वच्छ न्यायिक प्रक्रियाको सुनिश्चितता र व्यावसायिक क्षेत्रसँग सम्बन्धित भ्रष्टाचार नियन्त्रणमा प्रभावकारी कदम चाल्न जरुरी देखिएको टिआईले जनाएको छ।

केमा भयो सुधार ?

६ सर्वेक्षणमध्ये तीनवटामा नेपालको सुधार देखिएको छ। विश्व बैंक, बर्टेल्सम्यान र वर्ल्ड जस्टिसको सर्वेक्षणमा नेपालको सुधार देखिएको छ। विश्व बैंकले सरकारले गरेका निर्णय, स्रोतसाधनको प्रयोगलगायतका कामकारबाही एवं कर्मचारीहरूबाट भएका कार्यको जवाफदेहिता, नागरिक समाजलाई राज्यको सूचनामा पहुँच र निहित स्वार्थ भएका सीमित व्यक्तिहरूको राज्य सञ्चालनमा पकडबारे सर्वेक्षण गरेको छ। यो शीर्षकमा यसपटक चार अंकको सुधार देखिएको छ। विगत १२ वर्षयता समान ३५ अंक रहेकामा पछिल्लोपटक ३९ अंक नेपालले पाएको छ। समग्र सूचकांक सुधारमा यो शीर्षकले महत्त्वपूर्ण योगदान गरेको देखिन्छ।

बर्टेल्सम्यान फाउन्डेसनले पदको दुरुपयोगमा सार्वजनिक पदाधिकारीमाथि कत्तिको कारबाही हुन्छ र सरकारको भ्रष्टाचार नियन्त्रणको प्रयास कत्तिको सफल छ भन्नबारेमा सर्वेक्षण गरेको थियो। त्यसमा नेपालले ३३ अंक पाएको छ। उक्त शीर्षकमा पछिल्लो तीन वर्षयताको अंक समान छ। खासगरी पछिल्लो समय नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्वगृहमन्त्रीसम्मलाई सरकारले जेल पठायो। यीलगायतका उच्चपदस्थमाथि भ्रष्टाचारका पछिल्ला कारबाहीले यो अंक बढ्नमा योगदान पुऱ्याएको हुन सक्ने अनुमान छ।

अर्को संस्था वर्ल्ड जस्टिस प्रोजेक्टले सरकार, न्यायालय, संसद् र सुरक्षा निकायका प्रतिनिधिहरूद्वारा निजी स्वार्थका लागि सार्वजनिक पदको दुरुपयोग विषयमा सर्वेक्षण गरेको छ। यो शीर्षकमा नेपालले प्राप्त गरेको अंक ३२ छ। अघिल्लो वर्ष यो अंक ३१ रहेकामा एक अंकको सुधार देखिएको हो। यस शीर्षकमा अधिकतम अंक नेपालले सन् २०१९ मा ३५ पाएको थियो। त्यसैले पछिल्लोपटक पाएको अंक उल्लेख्य होइन।

डेनमार्कमा सबैभन्दा कम र साउथ सुडानमा सबैभन्दा बढी भ्रष्टाचार

सन् २०२४ मा सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकमा डेनमार्क छ। डेनमार्क विगत सात वर्षदेखि लगातार ९० अंक प्राप्त गरी विश्वको सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकका रूपमा छ। डेनमार्कपछि फिनल्यान्ड, सिंगापुर, न्युजिल्यान्ड, लक्जेम्बर्ग, नर्वे, स्विट्जरल्यान्ड, स्वीडेन कम भ्रष्टाचार हुने देशको सूचीमा छन्। सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकमा साउथ सुडान छ। सुडानपछि क्रमशः सोमालिया, भेनेजुयला, सिरिया, यमन, लिबिया, इरिट्रिया, इक्वाटोरिअल गिनी, निकारागुवा, सुडान, उत्तर कोरिया, म्यानमार, हाइटी, तुर्कमेनिस्तान, ब्रुनाई, अफगानिस्तान, ताजकिस्तानलगायत छन्। चीन भ्रष्टाचार सूचकांकको ७६औँ स्थानमा छ।

दक्षिण एसियामा सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकमा भुटान छ। भुटानपछि क्रमशः भारत, माल्दिभ्स, नेपाल, श्रीलंका, पाकिस्तान, बंगलादेश र अफगानिस्तान छन्।

बक्यौता नतिरेका...

पृष्ठ १ बाट क्रमशः

उद्योगहरू पैसा तिर्न नआएपछि पुनः लाइन काट्ने प्रक्रिया अघि बढेको र नियमन आयोगले स्वीकृति दिएको अवस्थामा कार्यान्वयनमा जाने प्राधिकरणका एक उच्च अधिकारीले बताए। 'बक्यौता नतिर्ने उपभोक्ताको लाइन काट्न कानुनले स्पष्ट अधिकार दिएको छ। तर, नियमन आयोगको निर्देशनअनुसार लाइन नकाटी दबाबमूलक कारबाही गर्दा पनि उद्योगहरू बक्यौता तिर्न आएनन्। अब आयोगकै सहमति लिएर लाइन काट्ने प्रक्रिया सुरु गरेका हौँ,' उनले भने, 'यसअघि आयोग र सरकारको निर्देशनमा बक्यौता नउठ्दै काटिएको लाइन जोड्न बाध्य भयौँ, अब त्यस्तो अवस्था नआओस् भन्नका लागि पनि आयोगको सहमति मागेका हौँ।'

नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ र विद्युत् महसुल संकलन नियमावली, २०७८ ले महसुल नतिर्ने ग्राहकको लाइन काट्न प्राधिकरणलाई स्पष्ट अधिकार दिएको छ। 'कुनै ग्राहकले प्राधिकरणलाई बुझाउनुपर्ने महसुल जरिवाना, क्षतिपूर्ति, अतिरिक्त शुल्क, अन्य शुल्क तथा तिर्न/बुझाउनुपर्ने अन्य रकम तोकिएको समयभित्र नबुझाएमा वा विद्युत्को अनाधिकार प्रयोग गरेमा प्राधिकरणले त्यस्तो ग्राहकलाई दिइराखेको विद्युत् लाइन काट्न सक्नेछ,' नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा २३ मा उल्लेख छ। त्यस्तै, विद्युत् महसुल संकलन नियमावली, २०७८ को बुँदा १० मा पनि ग्राहकको लाइन काट्न सकिने व्यवस्था गरिएको छ। 'मिटर रिडिङ गरेको ६०औँ दिनसम्म विद्युत् महसुल नबुझाएमा विनासूचना जुनसुकै समयमा पनि विद्युत् लाइन काटिनेछ,' नियमावलीमा उल्लेख छ। तर, आगामी दिनमा थप राजनीतिक दबाब आउन नदिन प्राधिकरणले आयोगको पूर्वसहमति खोजेको स्रोतको भनाइ छ।

उद्योगहरूलाई लोडसेडिङका वेला डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत २४ सै घण्टा विद्युत् दिइएको थियो। त्यसमा ६५ प्रतिशत थप शुल्क (प्रिमियम) लिने भनिएको थियो। त्यसबाट विद्युत् प्रयोगका अधिकांश ग्राहकले प्रिमियमसहित महसुल तिरेका छन्। तर, केही सीमित उद्योगीले नियमित महसुल तिरे पनि प्रिमियम महसुल तिर्न पहिलादेखि नै आनाकानी गर्दै आएका छन्। उनीहरू शुल्क नै नतिर्ने उद्देश्यले राजनीतिक लबिङमा लाग्दै आएका छन्। प्रधानमन्त्री केपी ओली र ऊर्जामन्त्री दीपक खड्का ती उद्योगीको बचाउमा मात्रै छैनन्, उनीहरूलाई खुसी पार्न प्राधिकरणका कार्यकारी निर्देशक घिसिङलाई पदमुक्त गर्न चाहिरहेका छन्। घिसिङलाई पदबाट हटाउने सार्वजनिक घोषणा नै गर्दै आएका प्रधानमन्त्री ओली र मन्त्री खड्का सार्वजनिक दबाबका कारण मात्रै पछि हटेका हुन्।

पछिल्लोपटक ३ मंसिरमा ऊर्जा मन्त्रालयले बक्यौता जाँचबुझ गर्ने गरी प्राविधिक समिति बनाएर बक्यौता असुल्ने प्रक्रिया अल्झाइदिएको थियो। त्यही कारण देखाएर ११ मंसिरमा विद्युत् नियमन आयोगले उद्योगमा लाइन नकाटी अन्य दबाबमूलक कारबाही गर्न प्राधिकरणलाई निर्देशन दिएको थियो। त्यसपछि प्राधिकरणले आयोगको निर्देशन मान्दै १२ मंसिरमै उद्योगको खाता रोक्का राख्न नेपाल राष्ट्र बैंकलाई, सेयर हस्तान्तरण रोक्न कम्पनी रजिस्ट्रारको कार्यालयलाई, आइपिओ निष्कासनको अनुमति नदिन नेपाल धितोपत्र बोर्डलाई आग्रह गरेको थियो। तर, त्यसमाथि सम्बन्धित निकायले थप काम कारबाही अघि बढाएनन्। साथै, प्राधिकरणले सम्बन्धित उद्योगीको लगानी भएको जलविद्युत् परियोजनाको भुक्तानी रोक्ने पनि भनेको थियो। तर, अधिकांशको लगानी जलविद्युत्मा नहुँदा त्यो पनि प्रभावकारी भएन। यसैगरी उद्योगीको घरमा लाइन काट्ने सहमति माग्दै प्राधिकरणले १२ मंसिरमै आयोगलाई पत्र पठाएको थियो। तर, त्यसमा पनि आयोगले कुनै सहमति दिएन।

उता मन्त्रालयमा बनेको प्राविधिक समितिले पनि काम गर्न सकेको छैन। त्यसमाथि प्राधिकरणले उक्त समितिको कानुनी आधार खोजेको छ। अर्थात्, उक्त समितिलाई नमान्ने दाबी गर्दै आएको छ। कानुनअनुसार जाँजबुझको काम गर्ने अधिकार विद्युत् नियमन आयोगलाई छ। तर, ऊर्जामन्त्री खड्काको योजनामा मन्त्रालयले आयोगलाई बाइबास गरेर छुट्टै समिति बनाएको थियो। जाँचबुझका नाममा समितिमार्फत उद्योगीको बक्यौता घटाउने प्रपञ्च थियो। त्यसमा प्राधिकरणले सहमति जनाएको छैन।

उक्त समितिले काम पनि गरेको छैन। तर, समितिको आर्थिक भार प्राधिकरणले नै व्यहोर्ने निर्णय प्राधिकरण सञ्चालक समिति अध्यक्षसमेत रहेका ऊर्जामन्त्री खड्काले ४ पुसमा गराएका थिए। त्यसमा पनि घिसिङले 'नोट अफ डिसेन्ट' राखेका छन्। यो घटनाबाट झन् रिसाएका मन्त्री खड्काले कुलमानलाई पदबाट हटाउने धम्की दिँदै आएका छन्।

खडेरीले भुइँमा हरायो हिउँदे बाली

सल्यानमा **दीपक शर्मा**
ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

लामो समयसम्म पानी नपर्दा हिउँदेबाली गहुँ, जौ, चना, मुसुरोलगायत बारीमै सुक्न थालेका छन्। लामो खडेरीले किसान मारमा परेका किसान अन्नबाली उत्पादन घट्ने भएपछि चिन्तित देखिएका छन्। बारीमा छरेको बिउ पनि हराएको सल्यानको बनगाड कुपिन्डे नगरपालिका-२ का लक्ष्मण बुढाले बताए। 'गहुँ छरेको थिएँ, पानी नपरेर बारीमै हराइसक्यो, यसपालि केले परिवारले पाल्ने भन्ने चिन्ता छ,' उनले भने।

पानी नपर्दा फुलेको तोरीमा दाना नलागेको अर्का किसान राजी बुढाले बताए। 'केही सेपिलो जग्गातिर मात्रै हरियो गहुँ-जौ देखिन्छ। अन्यत्र सबै स्थान सुक्खा छ,' उनले भने। सिँचाइको सुविधा भएको खेतमा लगाएको गहुँ पनि पहिलेजस्तो फस्टाउन नसकेको कालिमाटी गाउँपालिका- ५ का भद्रबहादुर घर्तीले बताए। पाखोमा लगाएको गहुँ त वर्षा नहुँदा उम्रिएको छैन। सल्यानमा ३८ हजार ९२६ हेक्टर क्षेत्रफलमा हिउँदे बाली लगाइन्छ।

पूर्वी नेपालमा त पानी नै नपरी हिउँद बित्न थालेको छ। यसपालि हिउँदमा ताप्लेजुङमा फाटफुट मात्र वर्षा भएको छ। 'हिउँद पानी नपरी बित्यो,' फुङलिङका किसान पुन्यप्रसाद भट्टराईले भने, 'हिउँदेबाली र नगदेबाली अलैँचीलाई पनि अहिले पानी चाहिएको छ। राम्ररी बाली भित्र्याउन पाइएलाजस्तो छैन।'

कुलोको सिँचाइ प्रबन्ध भएका ठाउँमा पनि खोलामा पानी सुकेका कारण सिँचाइ हुन सकेको छैन। 'पानी नपरेको पाँच महिना भयो, सबैतिर सुक्खा छ। माघ सकिँदा पनि पानी पर्ने छाँटकाँट छैन,' उनले भने। जिल्ला सदरमुकाम फुङलिङलाई तरकारी उत्पादन गरी ५० प्रतिशतभन्दा बढी धानिरहेको फुङलिङ नगरपालिका-३ केनिम तथा सिम्लेका किसान पानी नपरेपछि चिन्तामा छन्।

यहाँका सय परिवारले तरकारी खेती गरिरहेका छन्। किसान गोपाल भट्टराईले पानी नपरेपछि खेतबारीमा तरकारी बाली कर्झँदै गएको बताए। बन्दाकोभी, भन्टा, ब्रो काउली, काउली सप्रिन सकेको छैन। खानेपानीका स्रोत धारा, भुल्के (जरुवा), खोला खोल्सी पनि सुक्न थालेका छन्। ताप्लेजुङमा २० हजार २८२ हेक्टर खेतीयोग्य जग्गा रहे पनि ८ हजार २०५ हेक्टरमा मात्र सिँचाइ सुविधा रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ।

पोहोरभन्दा यसपालि...

पृष्ठ १ बाट क्रमशः

पश्चिममा हल्का वर्षा भए पनि मध्य र पूर्वी नेपालमा चरम खडेरी रहेको बताइन्। 'सम्भाव्यता हेरेरै औसतभन्दा कम वर्षा हुन्छ भनेका थियौँ, कम नै भयो,' पोखरेलले भनिन्, 'प्रशान्त महासागरमा विकसित हुने एन्सो तटस्थ अवस्थामा रह्यो, यसपटक पश्चिमी वायु कम सक्रिय भयो, पूर्वतिर त प्रभाव नै पार्न सकेन।' तर, हिउँदे वर्षा कुनै वर्ष कम र कुनै वर्ष धेरै हुने प्रक्रिया नै रहेको उनले बताइन्।

सुक्खामै बितेको गत वर्षको हिउँदमा १२.९ मिलिमिटर पानी परेको थियो। देशभरका २० वटा मुख्य वर्षा मापन केन्द्रको औसत आँकडाअनुसार हिउँदमा औसत ६०.१ मिलिमिटर (वार्षिक वर्षाको तीन प्रतिशत) पानी पर्नुपर्ने हो।

०६२ यताका ६ हिउँदमा मात्र औसतभन्दा धेरै वर्षा, १४ हिउँद सुक्खा

पछिल्ला २० हिउँदमध्ये ६ वटामा मात्र औसतभन्दा धेरै वर्षा भएको छ। बाँकी १४ हिउँदमा औसतभन्दा कम पानी परेको छ। अझ त्यसमध्ये पनि १० हिउँद (यसपालिसहित) चरम सुक्खामा बितेका छन्।

मौसम विभागको तथ्यांकअनुसार २० हिउँदमा सबैभन्दा धेरै ०७६ मा १४२.५ मिलिमिटर पानी परेको छ। ०६२ चरम सुक्खा (७.१ मिलिमिटर मात्र वर्षा) हुँदा ०६३ मा भने औसतभन्दा बढी पानी परेको थियो। सो वर्ष १०६.७ मिलिमिटर पानी परेको थियो। फेरि ०६४ र ०६५ को हिउँद चरम सुक्खामा बित्यो। ०६४ मा १५.३ र ०६५ मा अझ कम ११.८ मिलिमिटर मात्र पानी परेको देखिन्छ।

त्यसपछिका केही हिउँदमा भने तुलनात्मक रूपमा सुधार भएको देखिन्छ। औसत वर्षा नभए पनि ०६६, ०६७ र ०६८ चरम खडेरीबाट जोगिए। विभागको तथ्यांकअनुसार ०६६ मा ३७.२ मिलिमिटर, ०६७ मा ४७.१ मिलिमिटर र ०६८ मा ४९ मिलिमिटर पानी परेको देखिन्छ। ०६९ को हिउँदमा औसतभन्दा धेरै ९५.६ मिलिमिटर पानी परेको छ भने त्यसपछिका वर्षमा ५४.६ मिलिमिटर वर्षा भएको छ।

०७१ मा फेरि औसतभन्दा धेरै ८४.९ मिलिमिटर पानी पऱ्यो। तर, त्यसपछिका तीन हिउँद लगातार सुक्खा रहे। ०७२ को हिउँदमा २१.८, ०७३ मा १९.९ र ०७४ मा १६.७ मिलिमिटर पानी परेको छ। ०७५ मा औसतभन्दा धेरै १००.५ मिलिमिटर पानी परे पनि ०७७ मा भने १५.४ मिलिमिटर मात्र पऱ्यो। पछिल्लोपटक ०७८ मा औसतभन्दा धेरै ७२ मिलिमिटर पानी परे पनि त्यसपछिका हिउँद लगातार खडेरीमा बिते। ०७९ मा १२.९ र ०८० मा १२.५ मिलिमिटर मात्र वर्षा भएकामा यसपालि हिउँद सकिन १७ दिन मात्र बाँकी छँदा ५.७ मिलिमिटर मात्र वर्षा भएको छ।

कमलरी प्रथा...

पृष्ठ १ बाट क्रमशः

होइन, अन्यायको संरक्षक बन्दै गएको छ। चोरलाई चौतारा, निर्दोषलाई शूली चढाउने शासकका रूपमा इतिहासमा दर्ज हुँदै गएको छ,' रास्वपा सांसद अशोक चौधरीले भने, '११ वर्षअघि कमलरी मुक्तिको घोषणा गरेर सरकारले थारू चेलीहरूलाई आशा जगाएको थियो। तर, विडम्बना आज एक सांसदले डाङकी थारू नाबालिकलाई बन्धक बनाएर दासीसरह शोषण गरिन्। काठमाडौं महानगरले उद्धार गयो, तर कारबाही शून्य। यदि आठ-आठ वर्षसम्म एउटी नाबालिकालाई एउटा सांसदले बन्धक बनाएर राख्ने र राजनीतिक आडमा अपराधीलाई उन्मुक्ति दिने र सरकार मूकदर्शक बनेर बसिरहने हो भने नेपाल सरकारले खुलेरै घोषणा गरिदिनुपऱ्यो, कमलरी प्रथाको पुनर्स्थापन भइसक्यो भनेर।'

सांसद शर्माले बालुवाटारस्थित निवासमा डाङकी बालिकालाई घरेलु कामदारका रूपमा राखेर शारीरिक यातनासमेत दिएकी थिइन्। उनलाई काठमाडौं महानगरपालिकाले उद्धार गरी एक संस्थामा राखेर अध्ययन गराइरहेको छ। शर्माविरुद्ध परेको यस मुद्दामा काठमाडौं जिल्ला सरकारी वकिलको कार्यालयले मुद्दा चलाउनु नपर्ने भनी गरेको निर्णय उच्च सरकारी वकिलको कार्यालय पाटनले पनि वैधता दिएको छ।

बालेनले पीडित बालिकालाई ढाडस दिँदै भने, 'नआत्तिनू, समय आउनेछ'

एमाले प्रदेश सांसद शर्मालाई मुद्दा नचलाउने गरी सरकारले दिएको उन्मुक्तिप्रति काठमाडौंका मेयर बालेन्द्र शाह (बालेन)ले पनि आपत्ति जनाएका छन्। बालेनले यस्तो कुकर्म गर्नेहरूलाई तह लगाउन राम्रोसँग पढ्नुपर्ने भन्दै विचलित नहुन पीडित बालिकालाई ढाडस दिएका छन्। सामाजिक सञ्जाल फेसबुकमा उनले लेखका छन्, 'सरी नानू, तिम्रा पीडकका विरुद्धमा मुद्दा नचल्ने बनाएछ सरकारले। नआत्तिनू। समय आउनेछ। यस्तै विभेद, अपराध मास्न अनि ती कुकर्म गर्नेहरूलाई तह लगाउन तिमी र तिमीजस्तै धेरै नानीबाबुले पढ्नुपर्छ। समाज बुझ्नुपर्छ।' बालेनले न्याय पाउनुभन्दा पनि न्याय समयमै पाउनु निकै गाह्रो अवस्था भएको पनि बताएका छन्। महानगरको न्यायिक समितिद्वारा प्रकाशित न्याय समिति दिग्दर्शन पुस्तकको लोकार्पण कार्यक्रममा बालेनले भने, 'हाम्रो देशमा न्याय पाउनुभन्दा पनि समयमै न्याय पाउनु निकै गाह्रो कुरा छ, स्थानीय सरकार हाम्रो घरैनजिकको सरकार भएकाले चाँडो न्याय पाइन्छ भनेर आशा राखेर स्थानीय सरकारमा जुन समयावधिमा न्याय निरूपण हुन्छ, जनताहरूले न्या

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

नेपाललाई फिफा वरीयता सुधार्ने अवसर

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले ५ फागुनदेखि अन्तर्राष्ट्रिय महिला च्याम्पियनसिप आयोजना गर्दै छ। एएफसी एसियन कप र फिफा महिला विश्वकप छनोटको तयारीका रूपमा नेपालले लिएको छ। दशरथ रंगशालामा हुने च्याम्पियनसिप 'फिफा डे'मा हुने भएकाले नेपाललाई वरीयता सुधार गर्ने अवसर रहेको छ।

फिफाको महिला वरीयतामा नेपाल १०३ स्थानमा छ। नेपालले पछिल्लोपटकको तुलनामा चार स्थान गुमाएको छ। च्याम्पियनसिपमा सहभागीमध्ये म्यानमानर ५५औँ स्थानमा छ। किर्गिस्तान १२८ स्थान र लेबनान १३४ स्थानमा छन्। नेपालको मुख्य प्रतिद्वन्द्वी नै म्यानमार हुनेछ।

च्याम्पियनसिपमा नेपालले राम्रो नतिजा निकाल्न सके फिफा वरीयताको धेरै सुधार आउने सम्भावना रहेको छ। वरीयतासँगै नेपालको स्तर सुधार गर्न टोलीमा केही परिवर्तन गर्नुपर्ने आवश्यक रहेको देखिन्छ। पुनः एकपटक महिला टोलीका मुख्य प्रशिक्षकका रूपमा भित्रिएका प्रशिक्षक राजेन्द्र तामाडले वर्तमान टोलीमा नयाँ खेलाडीहरूको आवश्यकता रहेको बताएका छन्।

गत कातिकमा रंगशालामै भएको साफ महिला च्याम्पियनसिपको फाइनललगत्तै तामाडले पदबाट राजीनामा दिएका थिए। एसिया कप र फिफा विश्वकप छनोटजस्तो महत्त्वपूर्ण प्रतियोगितामा राम्रो नतिजा निकाल्न पनि 'फ्रेस' अनुहारका खेलाडी आवश्यक रहेको तामाडले बताए। घरेलु मैदानमा हुने अन्तर्राष्ट्रिय च्याम्पियनसिपमा धेरै परिवर्तन गर्नुपर्ने भए पनि समय अभावका कारण नहुने उनको भनाइ छ। 'समय अभावका कारण केही ठाउँमा मात्रै नयाँ खेलाडी ल्याउने तयारी भइरहेको छ,' उनले भने।

'तत्काल तीन स्थानका खेलाडी परिवर्तन गर्नुपर्छ, तर हामीसँग समय कम छ,' तामाडले भने, 'दुई हप्ताको प्रशिक्षणको क्रममा युवाहरूबिच क्षमतावान् खेलाडी देखिए पनि उनीहरूलाई तत्काल प्रयोग गर्न सकिँदैन।' एन्फा स्रोतअनुसार वर्तमान टोलीमा समावेश एक दर्जन हाराहारी खेलाडीको विकल्पका रूपमा अन्य खेलाडीलाई हेरिएको छ। यद्यपि, च्याम्पियनसिपका लागि प्रशिक्षणको समय छोटो तथा मुख्य प्रशिक्षकको नियुक्त ढिलो भएका कारण साफ च्याम्पियनसिपका खेलाडीलाई पहिलो प्राथमिकतामा राखिएको एन्फा स्रोतले बताए।

'प्रशिक्षक नियुक्त तथा प्रशिक्षण समय अवधि कम भएकाले अहिले पुरानै खेलाडीले स्थान पाउने सम्भावना छ,' स्रोतले भने, 'तर, छिट्टै यो टोलीमा व्यापक परिवर्तन हुनेछ।' गत साता एन्फाले क्लोजक्याम्पबाट दोस्रो चरणका लागि खेलाडी छनोट गर्दा पुरानै खेलाडीले स्थान पाएका छन्। यसमा धेरैजसो राष्ट्रिय महिला लिग च्याम्पियन नेपाल एपिएफ क्लबका खेलाडी छन्।

बन्द प्रशिक्षणबाट नौ खेलाडी बाहिरिए

एन्फाले राखेको क्लोजक्याम्पबाट प्रशिक्षणमा रहेका नौजना खेलाडी बाहिरिएका छन्। मुख्य प्रशिक्षक तामाडले प्रशिक्षण दिइरहेका ३९ बाट ३० खेलाडी दोस्रो चरणमा छनोट भएका छन्। स्ट्राइकर अमिषा कार्की, सहारा लिम्बू, हेमा चौधरी, सुक्रिया मियाँ, सेमिहाङ्मा लिम्बू, मीना देउवा, पुष्पाकुमारी खड्का, यशोदा शाही र भुमा विश्वकर्माले दोस्रो चरणको प्रशिक्षणमा स्थान बनाउन सकेनन्।

अमिषा अहिले नेपाली सेनाको लेफ्टिनेन्टको प्रशिक्षणमा छिन्। लेफ्टिनेन्ट प्रशिक्षणमा रहेका कारण उनी टोलीमा उपलब्ध नहुने एन्फाले जनाएको छ। सेनाको ड्युटीमै रहँदा अमिषाले यसअघि एन्फा महिला लिगको केही खेल गुमाएकी थिइन्। यसैगरी, हीरा भुजेल र दीपा शाहीले भने च्याम्पियनसिप गुमाउनेछन्। साफ च्याम्पियनसिप दौरान हीरा र दीपा घाइते भएका थिए। दुवै खेलाडी शतप्रतिशत फिट भएका छैनन्।

यसैगरी, टोलीका प्रमुख खेलाडी कप्तान अन्जिला सुब्बा, सावित्रा भण्डारी र रेखा पौडेल विदेशको विभिन्न लिगमा आबद्ध छन्। उनीहरू सीधै प्रतियोगिताकै वेलामा मात्र नेपाल आउने एन्फाले जनाएको छ। महिला अन्तर्राष्ट्रिय च्याम्पियनसिप फिफा डेमा भएका कारण उनीहरूलाई क्लबले रिलिज गर्नुपर्छ। यसैकारण तीनजना खेलाडीले प्रतिस्पर्धा गर्नेछन्।

च्याम्पियनसिपको तयारी पूरा

आयोजक एन्फाले अन्तर्राष्ट्रिय महिला फुटबल च्याम्पियनसिपको प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको जनाएको छ। १४ फागुनसम्म हुने प्रतियोगिताका लागि ३० मध्ये २७ खेलाडी क्लोजक्याम्पमा प्रशिक्षणमा छन्। तीनजना खेलाडी विदेशी लिगमा आबद्ध छन्। प्रतियोगिता राउन्ड रोबिन आधारमा हुनेछ। शीर्ष दुई टोलीबिच फाइनल हुनेछ। प्रतियोगिताको टिकटदर साधारण पारापिटतर्फ पाँच सय र भिआइपीतर्फ एक हजार तोकिएको छ।

५ फागुनदेखि दशरथ रंगशालामा हुने अन्तर्राष्ट्रिय महिला च्याम्पियनसिपमा उत्कृष्ट नतिजा निकाल्न सके नेपालको वरीयतामा सुधार हुन सक्ने

नेपालको खेल तालिका

५ फागुनमा	किर्गिस्तान	साँझ ६ बजे
८ फागुनमा	लेबनान	साँझ ६ बजे
११ फागुनमा	म्यानमार	साँझ ६ बजे

२४औँ आहारारा गोल्डकप

थन्डर बोल्टलाई हराउँदै ब्ल्याक बुल्स सेमिफाइनलमा

कास्कीमा रोहितराज पराजुली

पहिलोपटक सहभागी भएको उज्वेकिस्तानको ब्ल्याक बुल्स फुटबल क्लब २४औँ आहारारा पोखरा गोल्डकप प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। पोखरा रंगशालामा मंगलबार अन्तिम क्वार्टरफाइनलमा सिक्किमको थन्डर बोल्ट नर्थ युनाइटेड क्लबलाई ३-० ले हराउँदै ब्ल्याक बुल्सले अन्तिम चारको स्थान पक्का गरेको हो। फाइनल प्रवेशका लागि ब्ल्याक बुल्सले १ फागुनमा थ्री स्टार क्लबको सामना गर्नेछ। यसअघि प्रिक्वार्टरफाइनलमा थन्डर बोल्टले संकटा क्लबलाई ३-१ ले हराएको थियो। ब्ल्याक बुल्स सीधै बाई पाएर क्वार्टरफाइनमा पुगेको हो।

दुई पाहुना क्लबले रक्षात्मक रणनीति अपनाएका थिए। मोफसलको गोल्डकपमा राम्रो अनुभव बटुलिरहेको थन्डर बोल्टले उज्वेकिस्तानको ब्ल्याक बुल्सविरुद्ध दबाब राख्न सकेन। ब्ल्याक बुल्सले पहिलो हाफमा एक र दोस्रो हाफमा दुई गोल गरेको थियो। थन्डर बोल्टले ब्ल्याक बुल्सलाई ३७ मिनेटसम्म गोलरहित बराबरीमा रोकेको थियो। खेलको ३८औँ मिनेटमा इस्लोमजोन अब्दुकोडिरोभले ब्ल्याक बुल्सलाई १-० को अग्रता दिलाए। उनले साभाकात्जोन सत्तरोभले दिएको पासमा डिबक्सभित्रबाट सहजै गोल गरे।

थन्डर बोल्टको रक्षापंक्तिका खेलाडीहरूको सशक्त प्रदर्शनका कारण ब्ल्याक बुल्सले खेलको ७३औँ मिनेटमा दोस्रो गोल गऱ्यो। सायदजामोल दाभ्लाटजोनोभले ब्ल्याक बुल्सलाई २-० को अग्रता दिलाए। उनले साभाकात्जोनको पासमा गोल गरेका हुन्। सायदजामोल ६८औँ मिनेटमा मैदान छिरेका थिए। मैदान छिरेको पाँच मिनेटभित्र नै उनले गोल गरे। खेलको ७०औँ मिनेटामा ब्ल्याक बुल्स ३-० ले अघि रह्यो। साभाकात्जोनले पोस्टभन्दा २५ यार्ड टाढाबाट प्रहार गरेको बल सीधै गोलमा परिणत भएको थियो। प्रतिस्पर्धामा ब्ल्याक बुल्सका अलिजोन अलिजोनभ म्यान अफ दी म्याच भए।

सेमिफाइनलमा फरक रणनीति हुनेछ

● **अब्दुलाजिज**, प्रशिक्षक, ब्ल्याक बुल्स

पोखरामा पहिलोपटक आएर खेले पनि राम्रो भयो। खेलाडीले प्राप्त अवसरमा गोल गर्न सफल भए। सेमिफाइनलमा विपक्षीको स्तरअनुसार फरक रणनीतिका साथ प्रतिस्पर्धा गर्ने योजना बनाएको छु। यसअघि नेपालमा म जावलाखेलबाट 'ए' डिभिजन लिग खेल्न आएको थिएँ।

खेलाडीबिच खासै तालमेल मिलेन

● **छिरिङ भुटिया**, थन्डर बोल्ट, प्रशिक्षक

एकआपसमा पास पनि सहज रूपमा उपलब्ध हुन सकेन। हामीले बनाएका योजना मैदानमा लागू भएन। विपक्षी टोलीले हाम्रोभन्दा राम्रो खेल्यो। ब्ल्याक बुल्सविरुद्ध पहिलो प्रतिस्पर्धा हो। उनीहरूको खेल बुझ्न सकिएन। यसकारण खेलमा पराजित भएको हो। विशेष हाम्रो कमजोरी पक्ष फिनिसिङमा रह्यो।

भ्याली भ्युको सहज जित

काठमाडौं/ आयोजक द एक्सेल्सियर स्कुल र भ्याली भ्यु ११औँ एक्सेल्सियर कपअन्तर्गत बास्केटबलको सिनियर पुरुषमा मंगलबार सेमिफाइनलमा प्रवेश गरेका छन्। एक्सेल्सियरले होली भिजनलाई ३८-२३ ले पराजित गऱ्यो। भ्याली भ्युले ह्वाइटफिल्डलाई ४२-१३ को स्कोरमा सहजै हरायो। सिनियर पुरुषमा एलआरआईले निसर्ग वाटिकालाई ४९-२७ तथा रेडियन्ट पब्लिकले स्वर्णिमलाई ४५-१६ ले पाखा लगाए। सिनियर महिलाको बुधबार हुने क्वार्टरफाइनलमा रेडियन्ट पब्लिकले ल्यान्डमार्क एकेडेमीको सामना गर्नेछ। यसैगरी, एक्सेल्सियर कपअन्तर्गत पुरुष फुटसलको यू-९ उमेरसमूको सेमिफाइनल समीकरण तयार भएको छ। फाइनल प्रवेश खेलमा एक्सेल्सियरले संस्कृतिविरुद्ध खेल्नेछ। यू-११ मा एक्सेल्सियर 'नीलो', भ्याली भ्यु, काव्या, न्यु जेनिथ, द चाँदबाग, राई स्कुल, स्वस्तिश्री गुरुकुल र जोन डेवी अन्तिम आठमा पुगेका छन्।

सम्राट् स्पोर्टिङले लाइब्रेरीलाई हरायो

धरानमा केदार बस्नेत

कोशी प्रदेश प्रिमियर लिग फुटबल प्रतियोगितामा मोरङको सम्राट् स्पोर्टिङ क्लब र धाइजन चार्ली फुटबल क्लबले मंगलबार आफ्ना प्रतिद्वन्द्वीहरूलाई सहजै पराजित गरेका छन्। धरान रंगशालामा मंगलबार भएको पहिलो खेलमा सम्राट्ले लाइब्रेरी फुटबल क्लब भोजपुरलाई ५-१ ले हरायो। जितसँगै सम्राट् समूह 'बी'को शीर्ष स्थानमा उक्लेको छ। सम्राट्का लागि हरि खवासले ह्यात्रिक गरेका थिए। उनले पहिलोमा एक र दोस्रो हाफमा दुई गोल गरेका थिए। भोजपुरका सुशन तामाडले एक गोल फर्काएका थिए।

समूह 'बी'मा तीन अंक जोडेको गाईघाट फुटबल क्लब गोल अन्तरमा दोस्रो स्थानमा झरेको छ। सम्राट् र गाईघाटबिचको विजेताले शीर्ष स्थान हात पार्नेछ। दुई हारका साथ भोजपुर प्रतियोगिताबाट बाहिरिएको छ।

प्रतियोगिताको अर्को खेलमा चार्ली क्लबले धनकुटाको देउराली युथ क्लबलाई ३-० ले हरायो। जितसँगै चार्ली समूह 'सी'को शीर्ष स्थानमा रह्यो। चार्लीका लागि सागर रसाइलीले दुई गोल गरेका थिए।

कोशी प्रदेश फुटबल संघको आयोजनामा ८ फागुनसम्म सञ्चालन हुने लिगमा ११ जिल्लाका लिग च्याम्पियन क्लबबिच खेल भइरहेको संघका अध्यक्ष किशोर राईले जानकारी दिए। प्रत्येक समूह विजेताबिच पुनः खेल हुनेछ। दोस्रो चरणको लिगमा शीर्ष स्थान हात पार्ने क्लब विजेता बन्नेछ। विजेताले दुई लाख र उपविजेताले एक लाख ५० हजार रुपैयाँ पाउनेछन्।

खेल संक्षेप

सदभाव तीन स्ट्रोकले अगाडि

काठमाडौं/ फाल्डो जुनियर टुर नेपाल च्याम्पियनसिपको मंगलबार पहिलो दिन १७ देखि २१ वर्ष उमेर समूहमा सदभाव आचार्य शीर्ष स्थानमा रहेका छन्। १ ओभर ६९ को स्कोरका साथ सदभावले प्रकृत तामाङलाई ३ स्ट्रोकले पछि पारेका छन्। रोयल नेपाल गल्फ क्लबमा भएको प्रतियोगितामा नेपाल नम्बर एक एमेच्योर गल्फर सदभावले पहिलो र सातौँ होलमा बर्डी प्रहार गरेका थिए। पाँचौँ होलमा डबल बोगीका साथ उनले फ्रन्ट नाइनमा इभन पार खेले। यसपछि १०औँ र १४औँ होलमा उनले समान एक सट गुमाए। १८औँ होलमा बर्डीको सहयोगमा उनले ब्याक नाइन १ ओभर ३५ स्कोर गरे।

भूपेन्द्रले जिते दोहोरो स्वर्ण

काठमाडौं/ नेपालका भूपेन्द्र गुरुङले बेलायतमा आयोजना भएको आइएमएसी खुला प्रतियोगितामा दुई स्वर्ण पदक जितेका छन्। इन्टरनेसनल मार्सल आर्टस् कर्पोरेसन (आइएमएसी) मुख्यालयद्वारा आयोजित प्रतियोगितामा गुरुङले नान छ्वान र ताइची स्पर्धामा स्वर्ण जितेका हुन्। उनले नान छ्वानमा २७.३ तथा ताइचीमा २७ अंक जोडे। दुवै स्पर्धा ३० पूर्णांकको थियो। तीन महिनाको अवधिमा गुरुङले समग्रमा आठ पदक जितेका छन्। यसअघि अमेरिकामा तीन प्रतियोगितामा उनले ६ पदक हात पारेका थिए। जसमा चार स्वर्ण समावेश छ। गुरुङ आइएमएसी खुला प्रतियोगिता खेल्न अमेरिकाबाटै बेलायत पुगेका हुन्।

हिमालय पहिलो

संखुवासभा/ खाँदबारी नगरपालिकास्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा हिमालय माध्यमिक विद्यालय खाँदबारी टिम च्याम्पियन बनेको छ। हिमालयले सर्वाधिक २७ स्वर्ण, १२ रजत र १३ कांस्य जित्यो। उपविजेता मनकामना रत्न अम्बिका मावि तुम्लिङटारले १५ स्वर्ण, १६ रजत र १२ कांस्य हात पारेको छ। सूर्य आवासीय मावि खाँदबारी ९ स्वर्ण, ६ रजत र १३ कांस्यका साथ तेस्रो भएको छ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल
टेकु, काठमाण्डौं

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मितिः २०८१/१०/३० गते)

यस अस्पतालबाट मिति २०८१/०९/१४ गते प्रकाशित सूचना अनुसार आव्हान गरिएको बिद्युतीय बोलपत्र अन्तर्गत प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपशील बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम् मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं.	बोलपत्र नं.	विवरण	छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल अङ्क रु.
१.	STIDH/GOODS/ NCB/07-081/082	Supply and Delivery of Rasan Goods	Gauthaleshwor Multi Traders Pvt. Ltd., Kathmandu	रु.३८,९५,३९२.५०/-(अक्षरेपी अठ्तीस लाख पन्चानब्बे हजार तीन सय बयानब्बे रुपैयाँ पचास पैसा मात्र मू.अ.कर समेत)

अस्पताल प्रशासन

Special Economic Zone Authority
Tripureswor, Kathmandu.
(An Undertaking of Government of Nepal)

Invitation for Bid

(First date of publication: - 12th February, 2025)

Special Economic Zone Authority, Tripureswor, Kathmandu invites only E-bidding as listed below:

S. N.	Contract Identification No:	Description of work	Estimated Amount (Without VAT &PS) NRs.	Bid Security Amount (NRs)	Price of Bidding Document NRs
1	MoICS/SEZA/ WORKS/05-081/82	construction of 100 MT Weighing Bridge including Control Room, Road inside Simara SEZ, Bara	1,16,26,481.00	3,15,000.00	3000.00

- bids must be submitted through e-GP system i. e. www.bopatra.gov.np/egp on or before 12:00 noon on 16th March, 2025.
- The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 16th March, 2025 13:00 at the office of Special Economic Zone Authority, Tripureswor.

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग
स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय
गण्डकी प्रदेश, पोखरा

वोलपत्र आव्हान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/१०/३०

प्रस्तुत विषयमा, यस आयोजना कार्यालय अन्तर्गत तपशिलका सडक पुलहरुको निर्माण कार्य सम्वन्धी बोलपत्र आव्हानको सूचना नं. LIDPO/PKR/IFB/BRI/01/081/82 https://bolpatra.gov.np/egp/ मा मिति २०८१/१०/३० गते प्रकाशित गरिएको व्यहोरा जानकारी गराईन्छ।

S.N.	Contract ID. No.	Name of Bridge	Location
1	LIDPO/PKR/NCB /BRI/01/081/82	Bhurundgi Khola Bridge	Annapurna RM-09, Kaski
2	LIDPO/PKR/NCB /BRI/02/081/82	Daram khola Bridge on Kadebas-Malma Road	Galkot Municipality -08 -09, Baglung
3	LIDPO/PKR/NCB /BRI/03/081/82	Khalte Khola Budheraha Motorable Bridge	Rupa RM-03, Kaski
4	LIDPO/PKR/NCB /BRI/04/081/82	Karedi (Sandhi) Khola Bridge	Dordi-05, Lamjung
5	LIDPO/PKR/NCB /BRI/05/081/82	Marshyangdi River Bridge on the way to Milarepa Cave	Nishyang-05, Manang

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय
धनगढी, कैलाली

०९१-४१७१४१
४१६३४६, ४१७२०६
E-mail: iro20@ird.gov.np

आर्थिक बोलपत्र खोल्ने सम्बन्धी सूचना

प्रकाशन मिति : २०८१/१०/३०

यस कार्यालय बाट Construction of Office building of Inland Revenue Office Dhangadhi, Kaialai. ठेक्का नं. IRO /KAILALI/Works/NCB/01-2081/082 का लागि प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार EGP मार्फत दाखिला हुन आएका तपसिलका बोलपत्रहरूको प्राविधिक बोलपत्र सारभूतरूपमा सफल भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ज) को उपनियम ५ बमोजिम उक्त बोलपत्रहरूको आर्थिक बोलपत्र मिति २०८१/११/०८ गते बिहीवार दिनको १३:०० बजे खोलिने भएकाले सम्बन्धित बोलपत्रदाताहरूको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल :

सारभुतरुपमा प्रभावग्राही बोलपत्रदाताहरू

क्र.सं.	बोलपत्रदाताको नाम, ठेगाना	क्र.सं.	बोलपत्रदाताको नाम, ठेगाना
1	Indradhanu Achham Nirman Sewa	15	D.B. KHAPTAD JOINT VENTURE
2	JSS ENGENEERING SERVICE PVT LTD.	16	Malika Masta-Masta J.V.
3	Ecovus Construction Pvt. Ltd.	17	EW-ACC JV
4	SIDDHANATHKIRAN-OM BIR BHADRA JV.	18	L.B. And A.B-KALAPANIDEV HARI JV
5	SSNS-CPCS-NC-JV,	19	Y.R.-Sain Joint Venture
6	National Construction Pvt Ltd	20	Rudrawati Nirman Sewa Pvt.Ltd.
7	K.D. N/Seti J.V	21	Kinara Nirman Sewa
8	N.K. Thapa Construction Pvt.	22	Saino-Om Martibhumi-Bhumiraj J/V
9	OM sai/Shubharambh Jv	23	Sunrise-Sandhaya-Prithivi
10	Aashis Construction Company Pvt.Ltd.	24	S.B. Construction
11	Prasans Construction	25	Alok Builders Pvt.Ltd
12	Shiva Khimti-S.E. Jv	26	Mohan P.K.-Binod JV
13	Triveni Lafa-A plus Jv.	27	Ramechhap-K.B.G-Superstar Jv
14	Shreeman Construction		

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com